Economic National Daily
# आर्थिक
राष्ट्रिय दैनिक
Aarthik Dainik Pvt.Ltd.




◆ वर्ष १६ ◆ अङ्क ४८६७ ◆ २०८२ चैत ११ गते बुधबार ◆ ने.सं. ११४६ ◆ पृष्ठ ८ ◆ Wednesday, March 25, 2026 ◆ मूल्य रु. ५/- ◆ Web: www.aarthikdainik.com

# होटल अन्नपूर्णको सेयर हडपिएको आशंका
# किर्ते कागजातमार्फत अर्बौंको सम्पत्ति सारिएको दाबी

■ आर्थिक संवाददाता
काठमाडौं, चैत १०



**स्व. हेलेन शाहको २०,६२७ कित्ता सेयर सिर्जना राणाको नाममा पुगेको कागजात विवादमा, हस्ताक्षर फरक, कानुनी प्रक्रिया गायब, राजस्व अनुसन्धान विभागबाट केन्द्रीय अनुसन्धान ब्युरोतर्फ मुद्दा बढ्ने संकेत**



दरबारमार्गस्थित होटल अन्नपूर्ण प्रकरण अब केवल कर छलीको मुद्दामा सीमित नरहने संकेत देखिएको छ । अनुसन्धानसँग जानकार स्रोतहरूका अनुसार स्व. हेलेन शाहको नाममा रहेको होटल अन्नपूर्णको २०,६२७ कित्ता सेयर किर्ते कागजात, शंकास्पद हस्ताक्षर र अपारदर्शी प्रक्रियामार्फत सिर्जना राणाको नाममा सारिएको संकेत मिलेको हो ।

सोही कारण राजस्व अनुसन्धान विभागले यो फाइल थप आपराधिक अनुसन्धानका लागि केन्द्रीय अनुसन्धान ब्युरोमा पठाउने तयारी गरेको छ । यस प्रकरणमा सबैभन्दा गम्भीर प्रश्न कागजातकै विश्वसनीयतामाथि उठेको छ । उपलब्ध नेपाली लिखतमा स्व. हेलेन शाहले आफ्नो सेयर 'बकसपत्र' मार्फत सिर्जना राणालाई दिने आशय लेखिएको देखिन्छ । तर उक्त कागजातको माथिल्लो भागमा देखिएको हस्ताक्षर र अन्तिम भागमा रहेको हस्ताक्षरबीच स्पष्ट अन्तर देखिने भएकाले अनुसन्धानकर्ताहरूले यसलाई सामान्य कागजी त्रुटि नभई सम्भावित किर्तेको रूपमा हेरेका छन् ।

यससँगै अर्को अंग्रेजी कागजातमा होटल डेला अन्नपूर्ण प्रालिको २८ सेप्टेम्बर २००७ मा बसेको १०३औँ बोर्ड बैठकको माइनुटमा स्व. हेलेन शाहले २०६३/११/११ मा उपहार दिएको उल्लेख गर्दै २०,६२७ कित्ता सेयर सिर्जना राणाको नाममा सार्ने निर्णय भएको देखिन्छ । कागजातमा कम्पनी सचिवले पेस गरेका कागज पर्याप्त रहेको भन्दै नयाँ प्रमाणपत्र जारी गर्ने निर्णय उल्लेख भए पनि यस्तो ठूलो सम्पत्ति हस्तान्तरणमा आधारभूत कानुनी प्रक्रिया पूरा भएको देखिने स्पष्ट प्रमाण नदेखिएको स्रोतको भनाइ छ ।

अनुसन्धानमा संलग्न स्रोतहरूका अनुसार प्रश्न केवल यति मात्र होइन कि सेयर सारियो कि सारिएन ?, स्व. हेलेन शाहले साँच्चै यति ठूलो मूल्यको सेयर उपहार वा इच्छापत्रबाट दिन चाहेकी थिइन् कि थिइनन् ?, यदि चाहेकी थिइन् भने त्यसको विधिसम्मत दर्ता, प्रमाणीकरण र हकवालासँग सम्बन्धित प्रक्रिया किन देखिँदैन ?, यदि प्रक्रिया थिएन भने त्यसपछि कम्पनीका अभिलेखहरु कसरी परिवर्तन भए ? जस्ता प्रश्नले प्रकरणलाई सामान्य कर विवादबाट सम्भावित संगठित आर्थिक अपराधतर्फ धकेलेको छ ।

स्रोतहरूका अनुसार करिब ५० देखि ६० करोडबराबर हुनसक्ने सम्पत्ति वा सेयर कसैलाई 'गिफ्ट'का रूपमा हस्तान्तरण हुँदा आवश्यक कानुनी औपचारिकता पूरा हुनुपर्ने हुन्छ । तर उपलब्ध अभिलेखमा मालपोत, वडा वा अन्य सक्षम निकायमा आवश्यक दर्ता र प्रमाणीकरण भएको स्पष्ट आधार नदेखिएकाले अनुसन्धानकर्ताहरूले यसलाई योजनाबद्ध रूपमा तयार गरिएको कागजी सेटअप हुनसक्ने कोणबाट पनि अध्ययन गरिरहेका छन् ।

अर्को गम्भीर पक्ष वास्तविक कानुनी हकवालाको सम्भावित बेवास्ता हो । यति ठूलो सम्पत्ति

➤ बाँकी पृष्ठ २ मा

# सय मिटरको दूरीमा रहेको प्रहरीलाई अख्तियारले पठाएको निर्वाचन पोसाक खरिदमा भएको अनुसन्धानको पत्र बाटोमै गायब






■ आर्थिक संवाददाता
काठमाडौं, चैत १०

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सय मिटर मात्र टाढा रहेको प्रहरीलाई पठाएको अनुसन्धानबारेको पत्र बाटोमै गायब पारिएको छ ।

निर्वाचन प्रहरीको लागि आवश्यक लत्ताकपडा डाङ्गी ज्याकेट, जुत्ता मोजा, पेटी, टोपी, लठ्ठीलगायतको चुस्ता खरिदमा भएको भ्रष्टाचारबारे आयोगले नेपाल प्रहरीको प्रधान कार्यालयमा पठाएको पत्र ३७ दिन बित्दा पनि ठेगानामा पुग्न नसकेको हो ।

सो पत्र रहस्यमय ढंगले बाटोमै हराएको सूचना प्राप्त भएको छ । सरकारले नेपाल प्रहरीका लागि एक लाख ३३ हजार नौ सय ८० जना निर्वाचन प्रयोजनाको लागि म्यादी प्रहरी नियुक्त गरेको थियो । त्यसका लागि चुस्ता खरिदका लागि २२ वटा फर्मलाई छनौट गरेको थियो । ७७ जिल्लामा जिल्ला प्रहरीले उनीहरूका लागि चुस्ता खरिद गर्दा तिनै २२ वटा फर्महरूमार्फत खरिद गर्नुपर्ने व्यवस्था मिलाइएको थियो ।

साधारण सेट र हिमाली सेटको मापदण्ड बनाएर सामान खरिद गरिएको थियो । हिमाली सेटमा रहेको जुत्ता, मोजा, डाङ्गी ज्याकेट, सिठ्ठी, गार्ड बेल्ट, लठ्ठी, टोपीसहितको सेटका लागि ११ हजार रुपैयाँ तोकिएको थियो । निर्वाचन प्रहरीलाई दिइएको चुस्ता सेटको गुणस्तर हेर्दा पाँच हजार पाँच सय रुपैयाँभन्दा बढी मूल्य नपर्ने देखिएको छ । हिमाली जिल्लाको सबै काम ठेकेदार श्रवण अग्रवाललाई दिइएको थियो । उनले मात्र २४ करोड २० लाख रूपैयाँको काम पाएका थिए । त्यसैगरी साधारण सेटका सामान सप्लाई गर्ने काममा ज्ञानेन्द्र बस्नेत एक्लैले ४० हजार सेट पोसाक आपूर्ति गरेका थिए । उनले मात्रै करिब ३२ करोड रूपैयाँको चुस्ता सप्लाई गरेका थिए ।

विनाटेन्डर आफूखुसी फर्म छनौट गरेर उक्त पोसाक सप्लाई गर्ने अनुमति दिने क्रममा आपसी हितलाई केन्द्र बनाउँदा रितेश अग्रवालले २५ हजार सेट, टपेन्द्र विसीले ११ हजार सेट, मित्र लामाले १५ हजार सेट, देवेन्द्र जोशीले सात हजार सेट, रजमान मिश्रले आठ हजार सेट सप्लाई गर्ने मौका पाएका थिए । त्यसबाहेक अख्तियार दुरूपयोग अनुसन्धान आयोगका सदावहार सल्लाहकार र केही क्राइम बिटका सञ्चार उद्यमीहरूले पनि आठ/आठ हजार सेटका दरले पोसाक सप्लाई गर्न पाएका थिए । उनीहरूलाई उक्त ठेक्का दिलाउन अख्तियारकै उच्च तहबाट मौखिक निर्देशन भएको अख्तियार स्रोतकै दाबी छ । उनीहरूलगायत मनोज भारती, सदन चौधरी, गोकुल पौडेल, टीकाराम खनाल, प्रसन्न लिगल, पदम थापा समेत २२ जनाको फर्मलाई काम बाँडेर दिने र हिसाब मिलान गराउने काम पूर्वडीएसपी गणेश चन्दले गरेको बताइएको छ ।

जेन-जी युवाहरूको भ्रष्टाचारविरोधी प्रदर्शनमाथि दमन गर्ने र अन्धधुन्ध गोली चलाउन प्रदर्शनमाथि दमन गर्ने र अन्धधुन्ध गोली चलाउन आदेश दिएर १९ जनाको हत्या गर्ने तत्कालीन काठमाडौं प्रहरीका प्रमुख विश्वराज अधिकारीले आफूमातहतका प्रहरी अधिकृतहरूलाई प्रयोग गरेर सबै जिल्लामा समन्वय गराएका थिए । जेन-जी प्रदर्शनको बलमा सरकार ढलेर नयाँ सरकार बनेपछि कारबाही गरिनुपर्ने पहिलो सूचीमै पर्ने अधिकारीलाई सुशीला कार्की नेतृत्वको सरकारले डीआईजी पदमा बढुवा गरेर प्रहरी प्रधान कार्यालयमा सामान खरिद गर्ने मालदार ठाउँमा पदस्थापन गरी उल्टै पुरस्कृत गरेको थियो ।

उक्त चुस्ता खरिदमा झण्डै २७ करोड रूपैयाँ भ्रष्टाचार भएको भनी गत माघ १९ गते अख्तियारमा उजुरी परेको थियो । अख्तियारकै सिफारिसका मानिसहरूलाई समेत सामान सप्लाईको व्यवस्था मिलाएर गरिएको संगठित भ्रष्टाचारविरूद्ध अख्तियारमा विभिन्न ठेकेदार तथा

➤ बाँकी पृष्ठ २ मा

## सेयरबजार २९ सय ६० विन्दुमा

काठमाडौं, चैत्र १० । सेयरबजार निरन्तर उकालो लागेको छ । सोमबार पाँच दशमलव शून्य एक अंकले बढेको बजार मंगलबार पुनः २३ दशमलव ८३ अंकले उकालो लागेको हो । योसँगै बजार २९ सय ६० दशमलव ४० विन्दुमा पुगेको छ । नेप्सेले कायम गरेको यो विन्दु पछिल्लो आठ महिना अर्थात् गत साउन १३ गतेपछिको सबैभन्दा उच्च विन्दु हो ।

यस दिन तीन सय ४१ वटा कम्पनीहरूको एक लाख २६ हजार नौ सय ४७ पटकको कारोबारमा तीन करोड ५८ लाख २२ हजार एक सय ९१ कित्ता सेयर खरिदबिक्री भएका छन् । सोही खरिदबिक्रीका आधारमा कुल कारोबार रकम १४ अर्ब ८३ करोड ९१ लाख ८३ हजार छ सय ४३ रूपैयाँ कायम भएको छ । मंगलबार पाँचवटा उपसमूहहरूको सूचक ओरालो लागेर बाँकी उपसमूहहरूको सूचक उकालो लागेका छन् । जसमध्ये जीवन बीमा उपसमूहको सूचक ५१ दशमलव ८६ अंकले ओरालो लागेर १३ हजार सात सय ९८ दशमलव ६६ विन्दुमा खुम्चिँदा निर्जीवन बीमा उपसमूहको सूचक पनि ४५ दशमलव ७५ अंकले ओरालो लागेर ११ हजार नौ सय ४५ दशमलव ६४ विन्दुमा खुम्चिएको छ ।

होटल तथा पर्यटन, लघुवित्त र अन्य उपसमूहको सूचक पनि क्रमशः १३ दशमलव ७८, २४ दशमलव ६९ र चार दशमलव १० विन्दुले खुम्चिएका छन् । यस दिन वाणिज्य बैंक उपसमूहको सूचक भने १० दशमलव ५५ अंकले उकालो लागेर १५ सय ६७ दशमलव १० विन्दुमा चढेकोमा विकास बैंक उपसमूहको सूचक पनि ८९ अंकले उकालो लागेर छ हजार पाँच सय २५ दशमलव ३३ विन्दुमा चढेको छ ।

# बैंकहरूको पौने ३ खर्ब कर्जा विपन्न वर्गमा

■ सुरेश राउत
काठमाडौं, चैत १०

| विपन्न वर्गमा प्रवाह कुल कर्जा (रू. १० लाखमा) | | | | | | |
|---|---|---|---|---|---|---|
| विवरण | चालू आर्थिक वर्षको माघ मसान्तसम्म | | | गत आर्थिक वर्षको माघ मसान्तसम्म | | |
| | कुल निक्षेप | कुल कर्जा | विपन्न वर्ग कर्जा | कुल निक्षेप | कुल कर्जा | विपन्न वर्ग कर्जा |
| वाणिज्य बैंक | ६९६३०४६ | ५१४५२१९ | २४१४३३ | ६००१६१५ | ४८१८४४७ | २४७८९० |
| विकास बैंक | ६२७७७१ | ५३६१०७ | ३०६११ | ६०३५१५ | ५१३४३० | ३६६०५ |
| फाइनान्स | १३७१७४ | १०४५३८ | ४५८४ | १२६६६० | १०१५५९ | ४८८५ |
| कुल | ७७२७९९० | ५७८५८६४ | २७६६२८ | ६७३१७९० | ५४३३४३७ | २८९३८० |
| (स्रोत : नेपाल राष्ट्र बैंक) | | | | | | |

विपन्न वर्ग क्षेत्रमा बैंक तथा फाइनान्स कम्पनीहरूले झण्डै तीन खर्ब रूपैयाँ कर्जा प्रवाह गरेका छन् । चालू आर्थिक वर्षको माघसम्ममा ५७ खर्ब ८५ अर्ब कुल कर्जा प्रवाह भएकोमा सो शीर्षकमा बैंक तथा फाइनान्स कम्पनीहरूले दुई खर्ब ७६ अर्ब ६२ करोड ८० लाख प्रवाह गरेका हुन् ।

नेपाल राष्ट्र बैंकका अनुसार यो अवधिसम्मको निक्षेप संकलन भने कुल ७७ खर्ब २७ अर्ब ९९ करोड पुगेको छ । विपन्न वर्गमा प्रवाहित सो कर्जा कुलमध्ये पाँच दशमलव २९ प्रतिशत हो । गत आवको सोही अवधिको तुलनामा शून्य दशमलव ६४ प्रतिशत अर्थात् १२ अर्ब ७५ करोड २० लाख कम कर्जा प्रवाह भएको हो । गत आवको सोही अवधिमा कुल ६७ खर्ब ३१ अर्ब ७९ करोड रूपैयाँ निक्षेप संकलन गरी ५४ खर्ब ३३ अर्ब ४३ करोड ७० लाख रूपैयाँ कर्जा प्रवाह गर्दा पाँच दशमलव ९३ प्रतिशतका दरले हुन आउने दुई खर्ब ८९ अर्ब ३८ करोड रूपैयाँबराबरको कर्जा विपन्न वर्गमा प्रवाह भएको थियो ।

राष्ट्र बैंकका अनुसार सञ्चालनमा रहेका २० वटा वाणिज्य बैंकहरूले मात्र चालू आवको माघ मसान्तसम्ममा कुल ६९ खर्ब ६३ अर्ब चार करोड ६० लाख रूपैयाँ निक्षेप संकलन गरी ५१ खर्ब ४५ अर्ब २१ करोड ९० लाख रूपैयाँ कर्जा प्रवाह

➤ बाँकी पृष्ठ २ मा

# विकासशील राष्ट्रमा स्तरोन्नति हुन कुन क्षेत्रको कति योगदान आवश्यक ?

■ प्रविन राउत
काठमाडौं, चैत्र १०

राष्ट्रिय योजना आयोगले १६औँ योजना (आर्थिक २०८१/८२ देखि २०८५/८६) कार्यान्वयनको लागि कार्ययोजना सार्वजनिक गरेको छ । आयोगले सार्वजनिक गरेको कार्ययोजनाअनुरूप कुन क्षेत्रको कति योगदान रहने त्यसको जिम्मेवारी वहन गर्ने निकायसमेत तोकेको छ ।

आयोगका अनुसार १६औँ योजनाको अन्तिम आर्थिक वर्ष २०८५/८६ मा सात दशमलव तीन प्रतिशतको आर्थिक वृद्धिदर तय गरिएको छ । जसमा प्राथमिक क्षेत्रको चार दशमलव तीन प्रतिशत, द्वितीय क्षेत्रको १२ दशमलव चार प्रतिशत र सेवा क्षेत्रको सात दशमलव दुई प्रतिशत पुग्ने अनुमान गरिएको छ । प्रतिव्यक्ति आय दुई हजार तीन सय ५१ अमेरिकी डलर पुग्ने अनुमान गरिएको छ । आर्थिक वृद्धिदरका साथै प्राथमिक, द्वितीय, सेवा क्षेत्रको वृद्धिदर र प्रतिव्यक्ति आयको वृद्धिदर कायम गर्नको लागि जिम्मेवार निकाय अर्थ मन्त्रालय रहने बताइएको छ ।

१६औँ योजना कार्यान्वयनको क्रममा अन्तिम चरणमा कुल गार्हस्थ्य उत्पादन (जीडीपी) अनुपात उपभोग खर्चमा ८६ प्रतिशत, जीडीपी बचत १४ प्रतिशत, कुल राष्ट्रिय बचत जीडीपीमा ४३ दशमलव आठ प्रतिशत, जीडीपीमा कुल स्थिर पुँजी लगानी ३१ प्रतिशत हुनुपर्नेछ । उपभोक्ता मुद्रास्फिीति पाँच प्रतिशत, निजी क्षेत्रतर्फको कर्जा वृद्धिदर १२ प्रतिशत, जीडीपीमा वस्तु तथा सेवा माइनस २२ दशमलव पाँच प्रतिशत र विदेशी विनिमय सञ्चिति पर्याप्तता (वस्तु तथा सेवा) अन्तर्गत सात महिना हुनुपर्ने बताइएको छ । यसका लागि अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैंक जिम्मेवार निकायको रूपमा रहनेछ ।

त्यस्तै १६औँ योजना कार्यान्वयनको क्रममा अन्तिम चरणमा बैंक तथा वित्तीय संस्थामा पहुँच पुगेका परिवारको संख्या ८० प्रतिशत, लघुवित्त तथा विपन्न वर्ग कर्जा सुरक्षण चार खर्ब ९९ अर्ब, कृषि कर्जा सुरक्षण १७ अर्ब, साना तथा मझौला उद्यम कर्जा सुरक्षण २५ अर्ब, ब्याजमा अनुदान प्राप्त सहुलियतपूर्ण कर्जा सुरक्षा ३५ अर्ब, दुध तथा मासुजन्य पशुपालन, तरकारी खेती र साना तथा मझौला कृषि उद्यमक कर्जा चार अर्ब र लघुबीमा सहयोग कार्यक्रम ३२ करोड जना पुग्नुपर्ने बताइएको छ । यसका लागि आवश्यकताअनुरूप अर्थ मन्त्रालय र नेपाल राष्ट्र

➤ बाँकी पृष्ठ २ मा

# प्रचण्डले आँखा चिम्लेर कारबाही गर्नुपर्ने प्रमुखपात्र 'प्रचण्ड'

■ केदार सुवेदी

पछिल्लो आम निर्वाचनमा नेपाली कम्युनिस्ट पार्टी (नेकपा) सबैभन्दा ठूलो शक्ति बन्नुपर्ने हो । यो निर्वाचनमा भाग लिएका नयाँ-पुराना दलहरूमध्ये यो सबभन्दा ठूलो शक्ति थियो । निर्वाचनअगाडि यो आफैँ दलको संख्या र संगठनात्मक रूपले अरूसँग तुलना हुने अवस्थाको थिएन ।

तर यसको संगठनात्मक स्वरूप र मत हेर्दा यस्तो आकार आफैँ एउटा व्यङ्ग्यजस्तो देखियो । जस्तो, चुनावअघि माओवादी केन्द्र, एकीकृत समाजवादीलगायत २५ वटा आफूलाई सबैभन्दा ठूला क्रान्तिकारी वाम दल भनेर चिनाउने घटक मिलेर यो दल अर्थात् नेकपा गठन भएको थियो । यो दलको केन्द्रीय सदस्यसंख्या मात्रै २५ सयको थियो । यसअघिको संसद्को दोस्रो ठूलो दल एमालेको कुल महाधिवेशन सदस्यहरूको संख्या २२ सयको हाराहारीमा रहेको पछिल्लो अर्थात् गएको पुसमा सम्पन्न महाधिवेशनले नै देखाएको हो ।

नेकपाको यतिधेरै दलको मिश्रण र यतिठूलो संख्याको केन्द्रीय संरचनाकै कारण होला यसका नेताहरु गएको चुनावको सन्दर्भमा सबैभन्दा ठूलो दल हुने पक्का भएको दाबी गरिरहेका थिए ।

चुनाव हुनुभन्दा हप्ता दिनअघि १३ फागुनमा नेकपाका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले भनेको थिए-

'आसन्न प्रतिनिधिसभा निर्वाचनमा हाम्रो दल पहिलो हुनेछ । ६५ देखि ७० सिटसम्म प्रत्यक्षमै निर्वाचित हुने एक अनुसन्धान प्रतिवेदनले देखाएको छ । निर्वाचनको मितिसम्म पुग्दा नेकपाले अझै बढी मिहिनेत गरेमा

**टिप्पणी**

इ-पेपर हेर्नको लागि

नतिजा झनै राम्रो आउनसक्ने सम्भावना छ । निष्पक्ष निर्वाचन हुने हो भने परिणाम राम्रै हुने देखिन्छ, ।'

निर्वाचन पनि निष्पक्ष नै भयो । कतै एउटा गोली समेत चलेन र कतै मतदान दोहोऱ्याउन पनि परेन । सबैले यो चुनावलाई आजसम्मकै उदाहरणीय माने । तर यता नेकपाका लागि भने मतपरिणाम प्रचण्डले भनेको भन्दा विल्कुलै फरक आयो ।

यो निर्वाचनमा खासगरी माओवादीको आफ्नो भन्ने केही थिएन । केन्द्रका अध्यक्ष रहेका प्रचण्डले सधैँभरि भन्ने गरेका देशमा ठूलो उथलपुथल ल्याउन सफल भएको भनिएको दलको यो चुनावमा नाम, झण्डा र चुनावचिह्न सबै छाडेका थिए । तर देशमा उथलपुथल ल्याउन सफल भएको भनिएको दल मतमा भने करिब-करिब परिचयविहीन भयो ।

प्रचण्डले भन्ने गरेको

➤ बाँकी पृष्ठ २ मा

## होटल...

हस्तान्तरण हुँदा वैध उत्तराधिकारी, परिवारजन वा सम्बन्धित पक्षहरूको जानकारी, दाबी वा सहमति के थियो भन्ने प्रश्न अनुसन्धानको संवेदनशील केन्द्र बनेको छ । यदि वास्तविक हकदारहरूको अधिकार छल्दै कागजात खडा गरेर सेयर सारिएको हो भने यो केवल कर छली नभई सम्पत्ति हडप्ने आपराधिक षड्यन्त्रको रूपमा समेत व्याख्या हुन सक्ने कानुनी वृत्तको बुझाइ छ ।

राजस्व अनुसन्धान विभागले यसअघि नै होटल अन्नपूर्ण प्रकरणमा न्यून मूल्यमा सेयर बिक्री, पुँजीगत लाभकर छली, उपहार कर नतिरेको अवस्था, विदेशी मुद्रा दुरूपयोग तथा बैंकिङ कारोबारसम्बन्धी अभिलेख अध्ययन गरिरहेको छ । प्रारम्भिक अनुमानअनुसार यो प्रकरणबाट कर, ब्याज र जरिबाना जोडेर करिब १२ अर्बसम्म असुली हुनसक्ने आकलन सार्वजनिक भइसकेको छ । अब त्यसमा किर्ते कागजात र जालसाजीको पक्ष थपिएपछि प्रकरणको गम्भीरता झनै बढेको छ ।

स्रोतका अनुसार यदि कागजातहरु नक्कली, हस्ताक्षरहरु अस्वाभाविक, वा कम्पनी अभिलेख परिवर्तन गैरकानुनी तरिकाले गरिएको पुष्टि भयो भने कपिल राणा र सिर्जना राणासहित संलग्न देखिएका अन्य व्यक्तिहरूविरूद्ध किर्ते, जालसाजी, झुटा कागजात प्रयोग, कर छली तथा अन्य सम्बन्धित आर्थिक अपराधमा कारबाही अघि बढ्न सक्छ । त्यस अवस्थामा यो मुद्दा कर प्रशासनको दायराबाट निस्केर सिधा फौजदारी जोखिममा पुग्नेछ ।

प्रशासनिक वृत्तमा अहिले एउटा प्रश्न तीव्ररूपमा उठिरहेको छ, यदि यो सम्पूर्ण प्रक्रिया वैध थियो भने यति धेरै वर्षसम्म कागजातहरु किन विवादमुक्त रूपमा टिकेनन् ? किन हस्ताक्षर फरक देखिन्छ ? किन अभिलेखीय शुद्धता र कानुनी प्रक्रिया स्पष्ट छैन ? र किन अब गएर अनुसन्धान निकायहरु आपराधिक कोणमा केन्द्रित भइरहेका छन् ? यिनै प्रश्नले होटल अन्नपूर्ण प्रकरणलाई नेपालकै चर्चित आर्थिक-आपराधिक अनुसन्धानमध्ये एक बनाएको छ ।

यद्यपि कसैलाई दोषी ठहर गर्ने अन्तिम अधिकार अदालतलाई मात्र हुन्छ । तर उपलब्ध कागजात, उठेका शंका, अभिलेखीय असंगति र अनुसन्धानको बढ्दो दायरा हेर्दा होटल अन्नपूर्ण प्रकरण अब नेपालको उच्चस्तरीय आर्थिक, कर तथा सम्भावित आपराधिक शक्ति-सञ्जालको परीक्षण बन्ने अवस्थामा पुगेको देखिन्छ ।

## सय...

आपूर्तिकर्ताहरूसँगको मिलेमतोमा निर्वाचन प्रहरीको कपडा खरिदमा व्यापक भ्रष्टाचार भएको भन्दै छानबिनका लागि उजुरी परेको थियो । उजुरीपछि अख्तियारले गत फागुन ४ गते नेपाल प्रहरी प्रधान कार्यालयलाई जानकारी गराउँदै पत्र लेखेको थियो । त्यस सम्बन्धमा के-कसो भएको हो भनी लेखेका पत्र चैत्र १० गतेसम्म पनि सम्बन्धित ठाउँमा नपुगेको सम्बद्ध स्रोतको दाबी छ । पत्र पठाउने अख्तियार र पत्र पाउने प्रहरी प्रधान कार्यालयको दूरी एक सय मिटरभन्दा पनि कम रहेको छ । सय मिटरको दूरीमा अख्तियारले पठाएको पत्र ३५ दिनमा पनि नपुग्नुले छानबिनलाई झन् रहस्यमय बनाएको छ ।

## बैंकहरुको...

गरेका छन् । जसमध्ये पाँच दशमलव २० प्रतिशतका दरले हुन आउने दुई खर्ब ४१ अर्ब ४३ करोड ३० लाख रूपैयाँबराबरको कर्जा विपन्न वर्गमा प्रवाह भएको छ । यो कर्जा गत आवको सोही अवधिको तुलनामा शून्य दशमलव ५४ प्रतिशत अर्थात् छ अर्ब ४५ करोड ७० लाख रूपैयाँले कम हो । गत आवको सोही अवधिमा वाणिज्य बैंकहरूले कुल ६० खर्ब एक अर्ब ६१ करोड ५० लाख रूपैयाँ निक्षेप संकलन गरी ४८ खर्ब १८ अर्ब ४४ करोड ७० लाख रूपैयाँ कर्जा प्रवाह गर्दा पाँच दशमलव ४७ प्रतिशतका दरले हुन आउने दुई खर्ब ४७ अर्ब ८९ करोड रूपैयाँबराबरको कर्जा विपन्न वर्गमा प्रवाह गरेका थिए ।

विकास बैंकहरूले पनि चालू आवको माघ मसान्तसम्ममा कुल छ खर्ब २७ अर्ब ७७ करोड १० लाख रूपैयाँ निक्षेप संकलन गरी पाँच खर्ब ३६ अर्ब १० करोड ७० लाख रूपैयाँ कर्जा प्रवाह गर्दा छ दशमलव शून्य छ प्रतिशतका दरले हुन आउने ३० अर्ब ६१ करोड १० लाख रूपैयाँबराबरको कर्जा विपन्न वर्गमा प्रवाह गरेका छन् । यो कर्जा गत आवको सोही अवधिको तुलनामा एक दशमलव ४१ प्रतिशत अर्थात् पाँच अर्ब ९९ करोड ४० लाख रूपैयाँले कम हो । गत आवको सोही अवधिमा विकास बैंकहरूले कुल छ खर्ब तीन अर्ब ५१ करोड ५० लाख रूपैयाँ निक्षेप संकलन गरी पाँच खर्ब १३ अर्ब ४३ करोड रूपैयाँबराबरको कर्जा प्रवाह गर्दा सात दशमलव ४७ प्रतिशतका दरले हुन आउने ३६ अर्ब ६० करोड ५० लाख रूपैयाँबराबरको कर्जा विपन्न वर्गमा प्रवाह गरेका थिए ।

फाइनान्स कम्पनीहरूले पनि चालू आवको माघ मसान्तसम्ममा कुल एक खर्ब ३७ अर्ब १७ करोड ४० लाख रूपैयाँबराबरको निक्षेप संकलन गरी एक खर्ब चार अर्ब ५३ करोड ८० लाख रूपैयाँबराबरको कर्जा प्रवाह गर्दा पाँच दशमलव ९४ प्रतिशतका दरले हुन आउने चार अर्ब ५८ करोड ४० लाख रूपैयाँबराबरको कर्जा विपन्न वर्गमा प्रवाह गरेका छन् । यो कर्जा गत आवको सोही अवधिको तुलनामा एक दशमलव शून्य छ प्रतिशत अर्थात् ३० करोड १० लाख रूपैयाँले कम हो ।

गत आवको सोही अवधिमा फाइनान्स कम्पनीहरूले कुल एक खर्ब २६ अर्ब ६६ करोड रूपैयाँ निक्षेप संकलन गरी एक खर्ब एक अर्ब ५५ करोड ९० लाख रूपैयाँ कर्जा प्रवाह गर्दा सात दशमलव शून्य पाँच प्रतिशतका दरले हुन आउने चार अर्ब ८८ करोड ८५ लाख रूपैयाँबराबरको कर्जा विपन्न वर्गमा प्रवाह गरेका थिए ।

## विकासशील...

बैंक जिम्मेवार निकायको रूपमा रहनेछ । आयोगका प्रवक्ता एवं सहसचिव हरिशरण पुडासैनीले विषयगत मन्त्रालयहरूले कार्यक्रम जिम्मेवारी गर्ने निकायका रूपमा हुने बताए । 'कार्यक्रम कार्यान्वयनका लागि संघीय संरचनाअनुरूप तीन तहको सरकार सम्बन्धित निकाय हुन्छ', उनले भने, 'कार्यक्रमको उद्देश्य प्राप्तिका लागि भने तीन तहबीच र निकायगत समन्वय आवश्यक छ । सोअनुरूप अघि बढेमा लक्ष्यमा पुग्न सकिन्छ ।'

आयोग पदाधिकारीहरूका अनुसार योजनाले लिएका लक्ष्य तथा उद्देश्य हासिल गर्न सम्बन्धित निकायबीच प्रभावकारी समन्वयमा कार्यक्रम तथा आयोजना सञ्चालन गरिने बताएका छन् । कार्यक्रम तथा आयोजना सञ्चालनमार्फत राजस्व र वैदेशिक सहायता परिचालनमा अपेक्षित सुधार हुने बताइएको छ । सार्वजनिक वित्त तथा खर्च परिचालन तथा तहगत समन्वय सुधार हुनेछ । कार्यक्रम कार्यान्वयनमा सम्बन्धित निकायबीच प्रभावकारी समन्वय, राजस्व परिचालनमा अभिवृद्धि, लघु बीमा कार्यक्रममा नागरिक, कृषक तथा उद्यमीको सहभागिता र सार्वजनिक संस्थानको सुधार हुनेछ ।

उक्त कार्यहरु नभएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहने आयोगले जनाएको छ । कार्ययोजनाले तहगत सरकारबीच सहकार्य, जिम्मेवारी बाँडफाँट र स्रोत परिचालनको मार्गचित्र प्रस्तुत गरेको छ । यसबाट नीति, कार्यक्रम, बजेट र संस्थागत संयन्त्रबीच अन्तरसम्बन्ध र समन्वय थप प्रभावकारी भई सार्वजनिक लगानी, बजेट कार्यान्वयन र अनुगमन तथा मूल्यांकन प्रणाली अझै सुदृढ हुने अपेक्षा गरिएको छ । साथै, यसले दिगो आर्थिक वृद्धि, संघीयताको सुदृढीकरण, स्थानीय तहको क्षमता अभिवृद्धि र दिगो विकासको मार्गप्रशस्त गर्न योगदान पुऱ्याउने आयोगले जनाएको छ ।

सरकारले अनौपचारिक अर्थतन्त्रका क्षेत्रहरूको आकार र प्रकृतिको पहिचान गरी छद्म तथा गैरकानुनी उत्पादन तथा कारोबार, सीमा क्षेत्रमा हुने अवैध ओसारपसार, व्यापार विचलन र गैरकानुनी सम्पत्तिको शुद्धीकरण, वित्तीय अपराधजस्ता क्रियाकलापहरु नियन्त्रण गर्ने १६औँ योजना अघि बढाएको हो । साथै मर्यादित कामको प्रवर्द्धन, व्यवसायहरूको दर्ता, श्रमिकको पञ्जीकरण र सीपयुक्त तालिमको प्रमाणीकरणमार्फत अनौपचारिक श्रमलाई क्रमशः औपचारिकरण गर्ने उद्देश्यका साथ योजना अघि बढाएको हो । सरकारले मुलुकको अर्थतन्त्रमा अनौपचारिक क्षेत्रको हिस्सा उल्लेख्य रहेकाले स्रोत परिचालन तथा नीतिगत व्यवस्थाको परिपालनामा देखिएको समस्या सम्बोधन गर्नेगरी समेत १६औँ योजना कार्यान्वयनमा ल्याएको हो ।

प्रवक्ता पुडासैनीका अनुसार यो कार्यान्वयन कार्ययोजना मूलतः विषयगत मन्त्रालय वा निकायको प्रत्यक्ष संलग्नतामा तर्जुमा गरिएको छ । यस कार्यान्वयन कार्ययोजनामा सोह्रौँ योजनामा उल्लिखित रूपान्तरणकारी रणनीति, प्रमुख कार्यक्रम एवं दिगो विकास लक्ष्य र अतिकम विकसित राष्ट्रबाट विकासशील मुलुकमा स्तरोन्नतिसम्बन्धी दस्ताबेजको अध्ययन गरी सोको आधारमा भूमिका र जिम्मेवारीसहित कार्यक्रम तथा क्रियाकलाप तय गरिएको बताइएको छ । कार्ययोजनामा नेपाल सन् २०२६ मा अतिकम विकसितबाट विकासशील देशमा स्तरोन्नति, सन् २०३० सम्ममा दिगो विकासका लक्ष्य हासिल गर्नेलगायतका विषयलाई आन्तरिकीकरण गर्न विशेष ध्यान दिइएको छ । प्रस्तुत कार्ययोजनामा सुशासन प्रवर्द्धन, भ्रष्टाचार निवारण, आर्थिक समानता अभिवृद्धिलगायत अन्तरसम्बन्धित विषयलाई प्राथमिकता दिँदै युवापुस्ताको अपेक्षालाई सम्बोधन गर्ने प्रयास गरिएको छ ।

## प्रचण्डले....

सबभन्दा ठूलो शक्ति कतै प्रकट भएन । अघिल्लो निर्वाचनमा माओवादी केन्द्र र एकीकृत समाजवादीको मात्रै कुल मत १४ लाख ७४ हजार ७५ थियो । त्यसमा अरू दल पनि यो पटक जोडिएका थिए । जनता समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टीलगायत घटकबाट करिब ५० हजार मत थपिनुपर्ने थियो । अघिल्लो निर्वाचनमा यी सबै पार्टीले पाएको कुल मत १५ लाख २४ हजार ७५ रहेको थियो ।

तर यो निर्वाचनमा यति शक्तिशाली संगठन भएको वा बनाइएको नेकपाले प्रत्यक्षतर्फका एक सय ६५ निर्वाचन क्षेत्रमध्ये आठ क्षेत्रमा मात्रै जित्यो । समानुपातिकतर्फ नेकपाले आठ सिट पायो । रास्वपाले प्रत्यक्षतर्फ एक सय २५ र समानुपातिकतर्फ ५७ सिट जितेको सन्दर्भमा नेकपाको यो जित आफैं उल्टोतर्फको एउटा नमूना हुनुपर्छ ।

अघिल्लो निर्वाचनको तुलनामा यो घटकमा प्रत्यक्षतर्फ १० सिट र समानुपातिकतर्फ सात लाखभन्दा बढी मत घटेको देखियो । २०७९ सालको निर्वाचनमा नेकपा माओवादी केन्द्र एक्लैले समानुपातिकतर्फ ११ लाख ७५ हजार छ सय ८४ मत ल्याएको थियो । अर्को घटक नेकपा एकीकृत समाजवादीले थ्रेसहोल्ड त कटाउन सकेन तर दुई लाख ९८ हजार तीन सय ९१ मत ल्याएको थियो ।

यो २५ वटाको संयुक्त संगठन अर्थात् घटकले यो पटक एक सय ६४ निर्वाचन क्षेत्रमै उम्मेदवारी दिएको भनेर ठूलो शक्ति बन्ने आधार प्रस्तुत गरिएको थियो । तर परिणाम अघिल्लोभन्दा धेरै कम आयो । यो पटकको चुनावी परिणामअनुसार २५ वटा दल मिलेको र २५ सय केन्द्रीय सदस्य रहेको दल नेकपाले आठ लाख ११ हजार पाँच सय ७७ मत पाएको छ । गत निर्वाचनमा माओवादीले मात्रै प्रत्यक्षमा १८ र समानुपातिकमा १४ गरी ३२ सिट जितेको थियो । एकीकृत समाजवादीले पाएको प्रत्यक्षमा १० सिट र नागरिक उन्मुक्ति पार्टी (नाउपा)का चार सिट थिए । यी दलहरु एकीकृत भएपछि स्वाभाविक छ उनका यो शक्ति पनि जोडिनुपर्ने हो । त्यसो हुँदाको कुल संख्या ४६ हुन्छ । तर यी सबै मिलेको यो निर्वाचनमा आयो १७ सिट । यो पटक यतिधेरै दल एकठाउँमा जोडिएर र प्रचण्डको संयोजकत्वमा चुनाव लडेका मध्येबाट अघिल्लो निर्वाचनको तुलनामा २९ वटा सिट यो पटक घटे ।

यसका लागि यो घटकका संयोजक प्रचण्ड आफैं कति दोषी हुन् ? प्रचण्डको भनाइले उनी एक थोपो पनि दोषी छैनन् । बरू आफ्नै केन्द्रीय सदस्य समेतले आफ्नै दललाई मत दिएनन् ।

त्यस कारण नेकपाका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' अरूसँग आक्रोशित देखिन्छन् । जिल्ला-जिल्लाबाट केन्द्रीय सदस्यहरूले समेत राष्ट्रिय स्वतन्त्र पार्टीलाई भोट हालेको रिपोर्ट आफूसमक्ष आएको भन्दै प्रचण्डले उनीहरूलाई आँखा चिम्लएर कारबाही गर्ने दृढता व्यक्त गरिहेका पाइन्छन् ।

चुनावको औपचारिक समीक्षा भएको छैन । तर उनले यो परिणामको सबै दोष भने अरूमाथि खन्याउन थालिसकेका छन् । गएको हप्ता केन्द्रीय कार्यालय पेरिसडाँडामा आयोजित जनवर्गीय संगठनको भेलालाई सम्बोधन गर्दै उनले सबै निर्वाचन क्षेत्रबाट ठोस रिपोर्ट आएपछि कडा कारबाही सुरू गर्ने चेतावनी दिए । उनका अनुसार 'कसले भोट हालेनन् ? कसले घण्टीमा हाले, हामीलाई त्यो रिपोर्ट दिनैपऱ्यो । तिनलाई कारबाही गर्नैपर्छ, नत्र पार्टी बनाउन सकिँदैन, सबैभन्दा पहिला केन्द्रीय सदस्यबाट कारबाही सुरू गरिन्छ । ५० प्रतिशत घण्टीमा गएको सामान्य रिपोर्ट आएको छ । ठोस रूपमा ल्याउनोस् । तिनलाई हामीले आँखा चिम्लिएर कारबाही गर्छौं । पार्टी पुनर्गठन यहीँबाट सुरू हुने हो । नयाँ पार्टी बनाउने सुरूवात हुने हो ।'

यो ठाउँमा अर्को अचम्म के देखियो भने गोप्य मतदानमा आफ्ना दलका फलानो फलानोले अर्को पार्टीको चुनाव चिह्नमा मतदान गरे भनेर कसरी पहिचान गर्ने भन्नेसम्म अनुत्तरित रह्यो । यो ठाउँमा कतिपयले यो हारको जिम्मा आफूमाथि लगाइन्छ कि भनेर संयोजक प्रचण्ड सामान्य रिपोर्ट समेत नआईकन अरूमाथि नै यसरी खनिन थालेका हुन् । उनले आफू कायम रहेर पार्टी पुनर्गठन गर्ने संकेतसमेत दिइसके । तर दलभित्रै यदि कारबाही हुनुपर्छ वा हुन्छ वा गर्ने हो भने त्यसका लागि पहिलो पात्र प्रचण्ड नै हुनुपर्ने हो ।

प्रचण्डको भनाइको अंश

म तपाईंहरूलाई भन्छु, यहाँ उपस्थित सबैजना जनवर्गीय संगठनका नेता कमरेडहरु हुनुहुन्छ । केन्द्रीय सदस्य र प्रदेश सदस्यमध्ये को-को आफ्नो क्षेत्रमा गएनन् ? कसले भोट हालेनन् ? कसले घण्टीमा भोट हाले ? त्यसको रिपोर्ट तपाईंहरूले हामीलाई दिनैपर्छ । त्यस्तालाई कारबाही गर्नैपर्छ, नत्र भने पार्टी बनाउन सकिँदैन ।

अब कारबाही गरिन्छ र त्यसको सुरूवात केन्द्रीय सदस्यहरूबाटै हुन्छ । 'केन्द्रीय सदस्यहरु नै घण्टीतिर गए' भन्ने 'जेनरल' रिपोर्ट आएको छ । हामीले भनेका छौं, ठोस प्रमाण ल्याउनुस्- को-को आफ्नो क्षेत्रमा गएनन् ? को-को घण्टीतिर लागेको देखियो ? तिनलाई हामी आँखा चिम्लिएर कारबाही गर्छौं । अहिले पार्टी पुनर्गठन यहीँबाट सुरू हुने हो, नयाँ पार्टी बनाउने क्रम पनि यहीँबाट सुरु हुने हो ।

यो निर्वाचन परिणामपछिको सुझाव र आलोचना के छ, त्यो पनि ल्याउनुस् । हामी पार्टीको सचिवालय वा सबैभन्दा माथिल्लो आधिकारिक संस्थागत निर्णय गर्ने ठाउँमा प्रस्ताव बनाएर लान्छौं । त्यहाँ तपाईं-हामी सबै सहभागी हुन्छौं । त्यहाँ छलफल गरेर कसले भोट हाल्यो, कसले हालेन, को केन्द्रीय सदस्य निर्वाचन क्षेत्रमा गयो, को गएन भन्ने कुराको समीक्षा हुनुपर्छ । काम गर्ने र नगर्नेलाई समान ढङ्गले हेर्ने जुन प्रवृत्ति अहिले भइरहेको छ, त्यसको अन्त्य हुनुपर्छ । अरू बेलामा 'पार्टीको हुँ' भन्ने तर निर्वाचनको बेलामा अन्त जानेलाई पार्टीमा राख्नुभएन ।

कमिटीहरु चुस्त-दुरूस्त हुनुपर्छ भन्ने नै सबैतिरको सुझाव छ । अब एकातिर विचारलाई अझ तिखार्नपऱ्यो, विचार र राजनीतिलाई पहिलो प्राथमिकतामा राख्नुपऱ्यो भने दोस्रो कुरा सङ्गठन हो । त्यो विचार र राजनीतिअनुकूलको चुस्त-दुरूस्त संगठन बनाउनैपर्छ । संगठनलाई तलैदेखि भेला, सम्मेलन गरेर निर्वाचित कमिटी बनाउने र निश्चित संख्याभन्दा ठूलो कमिटी नबनाउने काम नगरी नहुने भएको छ ।

त्यसकारण राजनीतिक र वैचारिक ढङ्गले, मुद्दाको हिसाबले हामीले नै जितेका छौँ । तपाईंहरु कोही पनि निराश हुनुपर्ने कारण छैन । मैले धेरै पटक भन्ने गरेको छु र तपाईंहरूले पनि सुन्नुभएको होला– रास्वपाबाट यतिका महिलाहरु सांसद भएर आए, मैले त ती पनि हाम्रै महिला देख्छु । हामीले जनयुद्ध र जनआन्दोलन गरेर 'महिलाहरूको सहभागिता र समानुपातिक प्रतिनिधित्व यसरी हुनुपर्छ' भन्ने कुरा स्थापित नगरेको भए रास्वपाले कहाँबाट ल्याउँथ्यो त्यो ?

हिजो कांग्रेस-एमालेबाट आउँदा पनि हामीले के भन्थ्यौं भने, अन्ततः अहिले जनताले बुझ्ने हो । हामीले बुझाउन सकेका छैनौं । हामी आफैंमा पनि केही न केही कमजोरीहरु बढ्दै गएका छन् । त्यसै कारणले यस्तो भएको मात्रै हो तर समयले बिस्तारै आम जनतालाई बुझाउँदै ल्याउँछ । यो सबै कसले गरेको थियो भन्दा क्रान्तिकारी कम्युनिस्टहरूले लडेर, संविधानसभाबाट संविधान बनाउँदा लडेर ल्याएको हो नि त ! चाहे मधेसी होस्, चाहे मुस्लिम, दलित, महिला वा जनजाति होस्, सबैको प्रतिनिधित्वको आधार त्यही हो । रास्वपाबाट आऊन्, कांग्रेसबाट आऊन् वा हाम्रो नेपाली कम्युनिस्ट पार्टीबाट आऊन्, ती सबै हाम्रै मुद्दाबाट आएका हुन् ।

त्यस्तो भएपछि किन डराउनुपऱ्यो हामी ? त्यसकारण हामीले 'कन्फिडेन्ट्ली' भन्नुपऱ्यो- राजनीतिक र वैचारिक रूपमा हामीले जितेकै छौँ । अहिले पनि हामीले पार्टी एकताको झन्डा दह्रोसँग उठाएकै छौं । हाम्रा एकदम कट्टर विरोधीहरु, जसको वर्गीय चरित्र हामीसँग बिलकुल मिल्दैन, उनीहरु पनि 'यो परिवर्तन ल्याएको त जनयुद्ध र जनआन्दोलनले नै हो है' भन्न बाध्य छन् । नीति र राजनीतिमा हामी नै अहिले लिडरसिप हौं । नेपाली कम्युनिस्ट पार्टी नै देशको नेतृत्व हो । त्यसैले हामी खत्तम भयौं भन्ने ठान्नुपर्ने अवस्था छैन ।

हाम्रोजस्तो व्यवस्थित परिचालन अरु कसैको पनि भएको होइन । रास्वपाको त हावाहुरी आयो । कतिपय उम्मेदवार त चिन्नु पनि भएको छैन होला । उनीहरूको पृष्ठभूमि र चरित्र के हो, केही थाहा छैन, तैपनि घण्टी-घण्टी भनेर गए । यसमा धेरै कुराहरु छन् है ! अहिले म त्यतातिरको व्याख्यामा गइनँ । यसका राष्ट्रिय र अन्तर्राष्ट्रिय धेरै आयामहरु छन् ।

विकास गरेपछि चुनाव जितिन्थ्यो, हामीले विकास गरिएन भन्ने तर्क पनि आउँछ । तर, यो अन्तिम र मुख्य तर्क होइन । विनोद चौधरीकै क्षेत्र हेर्नुस्, त्यहाँको विकास त अन्तर्राष्ट्रियस्तरको छ नि ! तैपनि उनी हारे । यसको अर्थ विकास गर्दैमा चुनाव जितिन्छ भन्ने कुरा पनि सत्य होइन रहेछ । पैसा टन्नै खर्च गरेपछि जितिहालिन्छ भन्ने हो भने त विनोद चौधरीले जित्नुपर्थ्यो । उनी त हारे नि !


दर्ता नं. : ११८१५९/२०७०/०७१ इजाजत नं.: ने.रा.बैं/इ.प्रा./"घ"/३९/०७१/७२

**उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लि.**
**Unnati Sahakarya Laghubitta Bittiya Sanstha Limited**
नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था

**केन्द्रीय कार्यालय सिद्धार्थनगर नगरपालिका – १२, रुपन्देही (भैरहवा)**
**फोन नं. ०७१-५७११२६/५७११२८**

### वार्षिक साधारण सभाको सूचना

(सूचना प्रकाशित मिति २०८२/१२/११)

**आदरणीय शेयरधनी महानुभावहरु,**

मिति २०८२/१२/०५ गते बिहीवार दिउसो ३.३० बजे बसेको यस वित्तीय संस्थाको सञ्चालक समितिको २५१औं बैठकको निर्णय अनुसार देहायका, मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल गरी निर्णय गर्नको लागि यस वित्तीय संस्थाको एघारौं वार्षिक साधारण सभा बस्ने भएकोले कम्पनी ऐन २०६३, को दफा ६७ उपदफा (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१) **सभा हुने मिति , समय र स्थान :**

**मिति** : २०८२ साल चैत्र २८ गते शनिबार, (तदनुसार ११ अप्रिल, २०२६)
**समय** : बिहान १०.०० बजे,
**स्थान** : एशियन बुद्ध होटल, सि.न.पा.– ८, रुपन्देही, भैरहवा ।

**छलफलका विषयहरु:**

क) **सामान्य प्रस्तावहरु:**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व.२०८१/०८२ को बार्षिक प्रतिवेदन स्वीकृत गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्त सम्मको वासलात र आ.व.२०८१/०८२ को, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायत वित्तीय विवरणमा छलफल गरी स्वीकृत गर्ने ।
३. संस्थापक समुहका शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने रिक्त संचालक पद १ (एक) जनामा संचालक समितिले गरेको नियुक्तिलाई अनुमोदन गर्ने तथा बाँकी अवधिको लागि निर्वाचित गर्ने ।
४. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८२/०८३ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने तथा पारिश्रमिक निर्धारण गर्ने ।

ख) **विशेष प्रस्तावहरु:**

१. भविष्यमा वित्तीय संस्थाले अन्य इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय सस्थाहरुलाई गाभ्ने वा संस्थाहरुसंग गाभिने, गाभ्ने/गाभिने (Merger) वा प्राप्ती गर्ने/प्राप्ती हुन जाने (Acquisition) प्रयोजनार्थ उपयुक्त देखिएमा सो संग सम्बन्धित आवश्यक सम्पूर्ण कारवाही अगाडि बढाउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।
२. संस्थापक तर्फको शेयर स्वामित्व परिवर्तन गरी ५५.५८ प्रतिशत कायम गर्ने तथा सर्वसाधारण तर्फको शेयर स्वामित्व परिवर्तन गरी ४४.४२ प्रतिशत कायम गर्ने गरी वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।
३. नियमावलीको परिच्छेद ४ को नियम २९(२) को संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।
४. वित्तीय संस्थाको प्रबन्धपत्र र नियमावलीमा गरिएको संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै संशोधन, फेरवदल वा परिमार्जनका लागि निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने ।

(ग) विविध ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

### साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८२/१२/१६ गते १ (एक) दिन वित्तीय संस्थाको शेयर दाखिला खारेज बन्द रहने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०८२/१२/१५ गते सम्म कारोबार भई शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन योग्य हुनेछन् ।
२. वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने प्रमाणपत्र वा सोको प्रतिलिपि अनिवार्य साथमा लिई आउनुहुन अनुरोध छ ।
३ सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । हाजिरी पुस्तिका बिहान ९ :०० बजे देखि खुल्ला रहनेछ ।
४. कम्पनी ऐन, २०६३ अनुसारको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन शेयरधनीहरुले निरीक्षण वा प्राप्त गर्न चाहनु भएमा कम्पनीको रजिष्टर्ड कार्यालय, सिद्धार्थनगर नगरपालिका-१२, रुपन्देहीबाट उपलब्ध गराउन सकिने व्यहोरा जानकारी गराईन्छ । उल्लेखित विवरण वित्तीय संस्थाको वेबसाईट ठेगाना www.unnatislbs.com.np मार्फत हेर्न सक्नुहुनेछ । सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले सूचना साथ संलग्न प्रवेशपत्रको साथै शेयर प्रमाणपत्र/निक्षेप सदस्यको बी.ओ.आई.डि.नम्बर, आफ्नो परिचय खुल्ने प्रमाण (जस्तै नागरिकताको प्रमाणपत्र वा अन्य कुनै परिचयपत्र) सभा हुने दिन अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध छ ।
५. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले सो सम्बन्धी निवेदन सभा हुनु भन्दा ४८ घण्टा अगावै अर्थात मिति २०८२ साल चैत्र २६ गते विहान १०.०० बजे भित्र वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय, सिद्धार्थनगर नगरपालिका - १२, रुपन्देहीमा दर्ता गराई सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत कम्पनीको शेयरधनी हुनु आवश्यक छ ।
६. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी सक्नु भएका शेयरधनी स्वयं सभामा उपस्थित भएमा दिइएको प्रोक्सी स्वतः वदर हुनेछ ।
७. एकै शेयरधनीले एक भन्दा वढि प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा जुन मुकरित प्रोक्सी वित्तीय संस्थाको रजिष्टर्ड कार्यालयमा पहिला प्राप्त भई दर्ता हुन्छ सो एक मात्र मान्य हुनेछ र सो बाहेकको प्रोक्सी मान्य हुने छैन ।
८. प्रतिनिधि मुकरर गर्दा आफ्नो सम्पूर्ण शेयरको प्रतिनिधि एकै व्यक्तिलाई गर्नु पर्दछ ।
९. नावालक वा विक्षिप्त शेयरधनीको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा दर्ता भएको व्यक्तिले भाग लिन वा प्रतिनिधी तोक्न सक्नु हुनेछ ।
१०. शेयरधनीहरुले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरुको सम्वन्धमा सञ्चालक समितिको तर्फबाट सामूहिक रुपले वा समितीबाट अख्तियारी पाएका व्यक्तिले जवाफ दिन सक्नेछन् ।
११. छलफलको विषय अन्तर्गत विविध शिर्षक सम्वन्धमा शेयरवाला महानुभावहरुले कुनै विषय उपर छलफल गर्न चाहनु भएमा सो विषय वारेमा साधारण सभा हुनु भन्दा कम्तिमा ७ (सात) दिन अघि वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय मार्फत कम्पनीको अध्यक्षलाई लिखित रुपमा जानकारी दिनु पर्नेछ । जसबाट त्यस्तो विषयमा आवश्यक पूर्व तयारी गर्न सजिलो हुने छ ।
१२. अन्य जानकारीका लागि वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय सिद्धार्थनगर नगरपालिका-१२, भैरहवा रुपन्देहीमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

standard chartered

**निक्षेप उपर हकदावी गर्ने सम्बन्धी ३५ दिने सूचना**

पञ्चध्वज राईको नाति, सहरमान राईको छोरा मोरङ्ग जिल्ला पथरी न.पा. वडा नं. ०१ बस्ने यस बैंकका खातावाला गुन्ज बहादुर राईको मिति २०८१-१०-०५ मा मृत्यु भएको तथा निजले ईच्छाएको व्यक्ति इन्द्रध्वज राईको छोरी, सहरमान राईको बुहारी तथा गुन्ज बहादुर राईको श्रीमती मोरङ्ग जिल्ला पथरी न.पा. वडा नं. ०१ बस्ने विष्णु कुमारी राई को समेत मिति २०७२-१२-२२ मा नै मृत्यु भै सकेको भनी सहरमान राईको नाति, गुन्ज बहादुर राईको छोरा मोरङ जिल्ला पथरी शनिश्चरे न.पा. वडा नं. ०१ स्थायी ठेगाना भएको प्रमेश राईले निज खातावालाको छोरा नाता देखाई आवश्यक कागजात पेश गरी यस बैंकमा रहेको गुन्ज बहादुर राईको खातामा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनि आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त खातावालाको नाममा रहेको निक्षेपमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिमको अग्र प्राथमिकतामा अन्य कुनै हकदार भएको भए त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र स-प्रमाण यस बैंकमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ । म्यादभित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन माग बमोजिम भई जाने व्यहोरा जानकारी गराइन्छ ।

standard chartered

**निक्षेप उपर हकदावी गर्ने सम्बन्धी ३५ दिने सूचना**

हनुमान दास प्रधान को नाति, पूर्ण दास प्रधान को छोरा तथा सबिना होरा को श्रीमान्, काठमाडौं जिल्ला काठमाडौं म.न.पा/न.पा./गा.पा वडा नं. २२ बस्ने यस बैंकका खातावाला सुरेन्द्र प्रधान को मिति २०८२/०७/२९ मा मृत्यु भएको तथा निजले ईच्छाएको व्यक्ति, हिरा काजी श्रेष्ठ को छोरी पूर्ण दास प्रधान को श्रीमती काठमाडौं जिल्ला वडा नं. २२ बस्ने नानी माया प्रधान को समेत मिति २०८०/०६/०५ मा नै मृत्यु भै सकेको भनी बेखकृष्ण होरा को छोरी, काठमाडौं जिल्ला काठमाडौं म.न.पा/न.पा./गा.पा वडा नं. २२ स्थायी ठेगाना भएकी सबिना होरा ले निज खातावालाको श्रीमति नाता देखाई आवश्यक कागजात पेश गरी यस बैंककमा रहेको सुरेन्द्र प्रधान को खातामा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनि आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त खातावालाको नाममा रहेको निक्षेपमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिमको अग्र प्राथमिकतामा अन्य कुनै हकदार भएको भए त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र स-प्रमाण यस बैंकमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ । म्यादभित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन माग बमोजिम भई जाने व्यहोरा जानकारी गराइन्छ ।

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०८२/१२/११

यस कम्पनीको मिति २०८२/१२/०४ मा सम्पन्न वार्षिक/विशेष साधारणसभाको निर्णयानुसार साविकको कम्पनी **बेडा बाबा डेभलपमेन्ट कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.(प्रा.लि.नं.२६१९५३)** को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नुपर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२/१२/०५ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **बेडा बाबा कन्स्ट्रक्सन प्रा.लि.** कायम गरिएको जानकारी गराइन्छ ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति २०८२/१२/११

यस कम्पनीको मिति २०८२/०९/२५ मा विशेष साधारणसभाको निर्णयानुसार साविकको कम्पनी **माउन्टेन मण्डला इन्ष्टिच्युट प्रा.लि.(प्रा.लि.नं.२६६३४९)** को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पति तथा तिर्नु-व्यहोर्नु पर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२/११/१५ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **माउन्टेन मण्डला प्रा.लि.** कायम गरिएको व्यहोरा जानकारी गराईन्छ ।

### राहदानी हरायो

२०२४ अगष्ट ९ तारिखमा गोगंवेुखि चावहिलसम्म जाने क्रममा मेरो निम्न व्यहोराको राहदानी हराएकोले पाउनुहुने महानुभावहरूले तलको ठेगानामा वा नजिकको प्रहरी चौकीमा खबर गरिदिनुहुन अनुरोध छ ।

**नाम : नवाङ तामाङ्ग**
**ठेगाना : म्येगङ-३, नुवाकोट**
**राहदानी नं. :** PA1747442
**सम्पर्क : ९७०१३६३२१२**

### राहदानी हरायो

मिति २०२२ फेब्रुअरी २१ तारिखमा गोगंगुबाट चावहिलसम्म जाँदा मेरो निम्न व्यहोराको राहदानी हराएकोले पाउनुहुने महानुभावहरूले तलको ठेगानामा वा नजिकको प्रहरी चौकीमा खबर गरिदिनुहुन अनुरोध छ ।

**नाम : इन्द्र बहादुर भुजेल**
**ठेगाना : शुक्लागण्डकी ७ तनहु**
**राहदानी नं. : ०५७७२८७५**
**सम्पर्क : ९८१८८६०४८१**

# याङ्गो राइडको सडक सुरक्षा ओरियन्टेसन कार्यक्रम

आर्थिक संवाददाता
काठमाडौं, चैत १०

याङ्गो राइडले हालै काठमाडौंमा बाइक चालकहरूका लागि सडक सुरक्षा तथा ट्राफिक नियमसम्बन्धी ओरियन्टेसन कार्यक्रम आयोजना गरेको छ ।

याङ्गो राइडले काठमाडौं उपत्यका ट्राफिक प्रहरीको सहकार्यमा कार्यक्रम आयोजना गरेको हो । सुरक्षित सवारी अभ्यास प्रवर्द्धन गर्न, ट्राफिक नियमप्रति सचेतना बढाउन तथा चालक र यात्रुको सुरक्षाको महत्वलाई अझ मजबुत बनाउन कार्यक्रम आयोजना गरेको कम्पनीले जनाएको छ । सो अवसरमा याङ्गो राइडले सहभागी चालकहरूलाई हेल्मेट तथा अन्य सुरक्षात्मक सामग्री पनि वितरण गरेको थियो ।



कार्यक्रममा ट्राफिक नियमको पालना, दुर्घटना न्यूनीकरण, जिम्मेवार सवारी सञ्चालन तथा यात्रुप्रति सम्मानजनक व्यवहारबारे प्रशिक्षण प्रदान गरिएको थियो ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरीका वरिष्ठ प्रहरी उपरीक्षक (एसएसपी) नवराज अधिकारीले सडक दुर्घटना न्यूनीकरणका लागि ट्राफिक नियमको पालना र सुरक्षित सवारी बानी अपनाउनु आवश्यक रहेको बताए । उनले चालकहरूलाई जिम्मेवार र सम्मानजनक व्यवहार अपनाउन पनि आग्रह गरे ।

# सुजुकी एक्सेस १२५सिसी स्कुटर अब नेपालमा

आर्थिक संवाददाता
काठमाडौं, चैत १०

सुजुकीले नेपालमा आफ्नो नवीनतम एक्सेस १२५ विएस६ ओविडी २बी लाई नेपालमा सार्वजनिक गरेको छ । कम्पनीका अनुसार यो स्कुटर हाल नेपालभरिका सबै अधिकृत सुजुकी डिलरसिपमा उपलब्ध छ ।

भारतको १२५सिसी सेगमेन्टमा सर्वाधिक बिक्री हुने स्कुटरको रूपमा चिनिएको एक्सेस १२५ नयाँ संस्करणमा १२४सिसी, एयर-कूल्ड, फ्युल इन्जेक्सन, सिंगल-सिलिन्डर विएस ६ इन्जिन छ । साथै यसले हाल लागू भएको सबैभन्दा कडा उत्सर्जन नियमन ओविडी २बी अन-बोर्ड डायग्नोस्टिक मापदण्डको अनुपालन गर्नेछ । यसले ८.३ पीएचपी शक्ति र १०.२ एनएम टर्क उत्पादन गर्ने जनाईएको छ । एक्सेस १२५ पाँच आकर्षक रङ सोलिड आइस ग्रीन, पर्ल शाइनी बेज, मेटालिक म्याट स्टेलर ब्लु, पर्ल ग्रेस व्हाइट, मेटालिक म्याट ब्ल्याकमा उपलब्ध छ ।

# याडियाको 'चैत्र मेगा एक्सचेन्ज कार्निभल'

आर्थिक संवाददाता
काठमाडौं, चैत १०

नेपालमा याडियाको आधिकारिक वितरक कुजु नेपाल प्रालिले 'चैत्र मेगा एक्सचेन्ज कार्निभल' सञ्चालनमा ल्याएको छ ।

चैत ४ देखि हुरू भएको कार्निभल चैत्र ११ गतेसम्म सञ्चालन हुनेछ । यस अभियानले आकर्षक अफरहरूमार्फत नेपालमा स्मार्ट इलेक्ट्रिक मोबिलिटीतर्फको रूपान्तरणलाई तीव्र बनाउने उद्देश्य राखेको छ । अभियानअन्तर्गत ग्राहकहरूले याडिया ओवीन र याडिया ई८एस प्रो मोडेलहरूमा १५ हजार रूपैयाँसम्मको एक्सचेन्ज बोनस प्राप्त गर्न सक्नेछन् । साथै, प्रतिमहिना ३ हजार नौ सय ९९ रूपैयाँमा ईएमआई सुविधा पनि रहेको जनाइएको छ । उक्त एक्सचेन्ज कार्निभल नेपालभर रहेका सबै याडिया सोरूमहरूमा सञ्चालन भइरहेको छ । याडियाले विश्व बजारमा लगातार नौ वर्षसम्म बिक्रीको आधारमा नम्बर १ स्थान कायम राख्दै आएको जनाएको छ। साथै, नेपालमा पनि याडियाले इलेक्ट्रिक सवारी क्षेत्रमा अग्रणी तथा उच्च प्रदर्शन गर्ने ब्रान्डको रूपमा आफ्नो स्थान स्थापित गरेको कम्पनीको दाबी छ । कुजु नेपालका प्रतिनिधिहरूका अनुसार, यो अभियानले इलेक्ट्रिक सवारीलाई अझ किफायती, सहज र आकर्षक बनाउँदै ग्राहकहरूलाई वातावरणमैत्री यातायाततर्फ आकर्षित गर्ने लक्ष्य राखेको छ ।




इन्धनको मूल्य वृद्धि र वातावरणीय सचेतना बढ्दै गएको अवस्थामा 'चैत्र मेगा एक्सचेन्ज कार्निभल'ले स्मार्ट, किफायती र आधुनिक सवारी खोजिरहेका ग्राहकहरूलाई विशेष आकर्षण प्रदान गर्ने अपेक्षा गरिएको छ ।

# 'आपूर्ति संकटका कारण एचडीपी पाइपको मूल्यवृद्धि'

काठमाडौं, चैत १० । एचडीपी पाइप उत्पादक संघले विश्वव्यापी आपूर्ति संकटका कारण एचडीपी पाइपको मूल्यवृद्धि भएको जनाएको छ ।

संघले विज्ञप्ति जारी गरी हालको मूल्यवृद्धि विश्वव्यापी आपूर्ति संकटसँग जोडिएको स्पष्ट पारेको हो । एचडीपी पाइपमा ३० देखि ४० प्रतिशतसम्म मूल्यवृद्धि भएको छ । संघका अनुसार मध्यपूर्व र पश्चिम एसियामा जारी भू-राजनीतिक तनावका कारण कच्चा तेल आपूर्ति प्रभावित हुँदा एचडीपी पाइप उत्पादनमा प्रयोग हुने कच्चा पदार्थ (एचडीपी ग्रान्युल्स) आयातमा अवरोध आएको छ । भारतलगायत तेस्रो मुलुकबाट हुने ढुवानी अवरूद्ध हुँदा केही उद्योगहरूमा कच्चा पदार्थको मौज्दात सकिएको र कतिपय उद्योग बन्दसमेत भएको संघले जनाएको छ । कच्चा पदार्थको मूल्य करिब ६२ प्रतिशतले बढेको उल्लेख गर्दै संघले इन्धन मूल्यवृद्धि र अमेरिकी डलरको विनिमय दर वृद्धिले लागत थप बढाएको उल्लेख गरेको छ । 'माग र आपूर्तिको आधारमा मूल्य निर्धारण हुने भएकाले हालको अवस्थामा मूल्य स्थिरताको सीमा निर्धारण गर्न कठिन छ,' संघले विज्ञप्तिमा उल्लेख गरेको छ ।

संघले विभिन्न खानेपानी आयोजना, गैरसरकारी संस्था, निर्माण व्यवसायी र स्थानीय तहसँग भएका आपूर्ति सम्झौतामा मूल्य र समयसीमा पुनः समायोजन गर्न आग्रह गरेको छ । साथै, बैंक तथा वित्तीय संस्थाहरूलाई पनि यस्तो परिस्थितिमा लचकता अपनाउन अपिल गरेको छ । संघले बजारमा कृत्रिम मूल्यवृद्धि गर्नेहरूमाथि कानुनी कारबाही गर्न पनि सरकारसँग माग गरेको छ । 'उद्योगीहरूले नैतिकता कायम गर्दै व्यवसाय सञ्चालन गर्नुपर्छ,' विज्ञप्तिमा भनिएको छ ।

Find us on : facebook/ aarthikdainik

# भिभो वाई०५ स्मार्टफोन सार्वजनिक

आर्थिक संवाददाता
काठमाडौं, चैत १०

भिभोले नेपाली बजारमा आफ्नो नयाँ बजेट स्मार्टफोन भिभो वाई०५ सार्वजनिक गरेको छ । यो फोनले किफायती मूल्यमा शक्तिशाली ब्याट्री र उत्कृष्ट प्रयोगकर्ता अनुभव प्रदान गर्ने जनाइएको छ ।

कम्पनीका अनुसार भिभो वाई०५ को मुख्य आकर्षण यसको शक्तिशाली ६५०० एमएएच ब्लुभोल्ट ब्याट्री हो । यो उच्च क्षमताको ब्याट्री दिनभर पटक-पटक चार्ज गरिरहनुपर्ने झन्झटलाई हटाउँदै लामो समयसम्म निरन्तर प्रयोगको सुनिश्चितता दिनका लागि डिजाइन गरिएको कम्पनीले जनाएको छ । अत्याधुनिक ब्याट्री प्रविधिले लामो समय ५ वर्षसम्म स्थिर र उत्कृष्ट प्रदर्शन कायम राख्न मद्दत गर्नेछ । भिभो वाई०५मा आईपी ६५ धुलो र पानी प्रतिरोधी क्षमता प्रदान गरिएको छ, जसले दैनिक प्रयोगमा हुने धुलो र पानीका छिटाहरूबाट सुरक्षा प्रदान गर्दछ ।

साथै, यसमा प्रोफेसनल एन्टी-ड्रप डिजाइन रहेको छ, यसले आकस्मिक रूपमा खस्दा हुने क्षतिबाट फोनलाई जोगाउन मद्दत गर्ने कम्पनीको दाबी छ । प्रदर्शन र डिस्प्लेको हिसाबले पनि भिभो वाई०५ उत्कृष्ट छ । ओरिजिन ओएस ६ द्वारा सञ्चालित यो स्मार्टफोनमा १२० हर्जको स्मूथ डिस्प्ले रहेको छ, जसले स्क्रोलिङ र प्रयोग अनुभवलाई अझ सहज बनाउँछ । यसको १२०० निट्स पिक ब्राइटनेसले चर्को घाममा पनि स्क्रिन स्पष्ट रूपमा देखिने सुनिश्चित गर्दछ । यस डिभाइसमा २०० प्रतिशत भोल्युम बुस्ट प्रदान गरिएको छ । भिभो वाई०५ दुई भेरियन्टमा उपलब्ध हुने कम्पनीले जनाएको छ । ४/६४ जीबीको मूल्य १६ हजार ९९९ रूपैयाँ तोकिएको छ भने ४/१२८ जीबीको मूल्य १९ हजार ४९९ रूपैयाँ निर्धारण गरिएको छ ।





## लक्ष्मी सन्राइज बैंक लिमिटेडमा धितो रहेको सम्पत्ति पुन: लिलाम बिक्रीको ७ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८२/१२/११**

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले उपभोग गर्नु भएको ऋण कर्जाको शर्त-सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने बक्यौता रकम (साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि) चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तरताकेताका अतिरिक्त विभिन्न मितिको विभिन्न राष्ट्रिय दैनिकमा ऋण कर्जा चुक्ता भुक्तानी गर्ने गराउने बारेको ३५ दिने तथा धितो लिलाम बिक्रीको १५ र ७ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगर्नु नगराउनु भएको हुँदा पुन: धितो लिलाम बिक्रीको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अत: कर्जाको सुरक्षण स्वरुप बैंकसमक्ष धितो रहेको तपसिलमा उल्लेखित चल/अचल सम्पत्ति/सवारी साधन/इक्यूपमेण्ट जहाँ जे जस्तो अवस्थामा रहे भएकोछ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति मध्ये कुन सम्पत्ति के, कति मूल्यमा खरिद गरिलिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र बैंकको प्रधान कार्यालय, हात्तिसार, काठमाडौं स्थित कर्जा असुली विभाग/सम्बन्धित शाखा कार्यालयमा शिलबन्दी बोलपत्र दाखिल गर्नुहुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएकोछ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात मिति २०८२/१२/१८ गते (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) मा बैंकको सम्बन्धित शाखा कार्यालयमा दिनको ठीक ११:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, इच्छुक बोलपत्रकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । कुनै कारणबश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने ब्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै सो सम्पत्तिबाट समेत बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणी, जमानतकर्ता तथा निजहरुको हकलाग्ने परिवारका सदस्यहरुको अन्य जायजेथाबाट समेत बक्यौता रकम असुल उपर गर्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपसिल**

**ऋणी तथा जमानतकर्ताको विवरण**

**शाखा कार्यालय : कलैया, बारा**

**१. ऋणीको नाम :** परमेश्वर चौधरीको नाति, जिता चौधरीको छोरा, बारा जिल्ला, भोडाहा गा.वि.स. वडा नं. ५ भई हाल बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. २४ बस्ने **गोविन्द चौधरी** (ना.प्र.नं. १८७२/१६१९, जि.प्र.का. बारा, जारी मिति २०४५/०१/१८)।

**व्यक्तिगत जमानतकर्ता :** जिता चौधरीकी बुहारी, शिव खां थारुकी छोरी, गोविन्द चौधरीकी पत्नी, बारा जिल्ला, मनहर्वा न.पा./गा.पा. वडा नं. ५ भई हाल बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. २४ बस्ने **वविता देवी चौधरी** (ना.प्र.नं. २९४७/१८३२, जि.प्र.का. बारा, जारी मिति २०६३/०१/२०)।

**लिलाम बिक्री हुने सम्पत्तिको विवरण : ऋणी गोविन्द चौधरी**को नाममा भूमिसुधार तथा मालपोत कार्यालय कलैया, बाराको लगतमा दर्ता श्रेष्ता कायम रहेको बारा जिल्ला, भोडहा न.पा./गा.पा. वडा नं. ५, नक्सा सिट नं. ५ क स्थित कित्ता नं. ५३ र १५३ को क्षेत्रफल क्रमश: ०-९-१०-० र ०-०-१५-१२ (विगाह) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**२. ऋणीको नाम :** मुखलाल राय यादवको बुहारी, रामअयोध्या राय यादवको छोरी तथा रामदेव रायको पत्नी, बारा जिल्ला, इनर्वामाल न.पा./गा.पा. वडा नं. २ भई हाल बारा जिल्ला, आदर्श कोतवाल न.पा./गा.पा. वडा नं. ३ बस्ने **लालविवी देवी** (ना.प्र.नं. २२७१/६०३, जि.का. बारा, जारी मिति २०४४/१२/२८)।

**व्यक्तिगत जमानतकर्ता :** हिरा राय यादवको नाती, मुखलाल राय यादवको छोरा, बारा जिल्ला, इनर्वामाल न.पा./गा.पा. वडा नं. ६ भई हाल बारा जिल्ला, आदर्श कोतवाल न.पा./गा.पा. वडा नं. ३ बस्ने **रामदेव राय यादव** (ना.प्र.नं. ४६६/०७५७, जि.प्र.का. बारा, जारी मिति २०३४/०३/०८)।

**लिलाम बिक्री हुने सम्पत्तिको विवरण :**

**१.** ऋणी **लालविवि देवी**को नाममा मालपोत कार्यालय कलैया, बाराको लगतमा दर्ता श्रेष्ता कायम रहेको बारा जिल्ला, इनर्वामाल न.पा./गा.पा. वडा नं. ३ क स्थित कित्ता नं. ६३६ र ४९ को क्षेत्रफल क्रमश: ०-६-१० र ०-५-० को जग्गा, सो जग्गामा बनेको घर, भवन कारखाना तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**२.** यस बैंकको नाममा दर्ता कायम रही ऋणी **लालविवी देवी** जनिएको मोडेल नं. EURO 50 LM, 2018 च्यासिस नं. T053400002EG, इन्जिन नं. E3449634 भएको ना ७ त २९३ नं. को ट्रयाक्टर थान १ ।

**३. संयुक्त ऋणीको नाम :**

**क.** रामलोचन चौधरीको नाति, जितन चौधरीको छोरा, बारा जिल्ला, उमजन उ.म.न.पा./गा.वि.स. वडा नं. ४ भई हाल करैयामाई गा.पा. वडा नं. ७ बस्ने **विजय लाल चौधरी** (ना.प्र.नं. ३३८९५/१८०५१०३०, जि.प्र.का. बारा, जारी मिति २०४५/०२/२४)।

**ख.** अकलु चौधरीको नाति, रामलोचन चौधरीको छोरा, बारा जिल्ला, उमजन उ.म.न.पा./गा.वि.स. वडा नं. ४ भई हाल करैयामाई गा.पा. वडा नं. ७ बस्ने **जितन चौधरी** (ना.प्र.नं. ६२४/९८८४१०२९, जि.प्र.का. बारा, जारी मिति २०३३ साल)।

**व्यक्तिगत जमानतकर्ता :** जितन चौधरीको नाति, विजय लाल चौधरीको छोरा, बारा जिल्ला, उमजन उ.म.न.पा./गा.वि.स. वडा नं. ४ भई हाल करैयामाई गा.पा. वडा नं. ७ बस्ने **पवन कुमार चौधरी** (ना.प्र.नं. ३३१०२७/१२०८५, जि.प्र.का. बारा, जारी मिति २०६८/०१/२८)।

**लिलाम बिक्री हुने सम्पत्तिको विवरण : संयुक्त ऋणी मध्ये धितो जमानतकर्ता जितन चौधरी**को नाममा भूमिसुधार तथा मालपोत कार्यालय कलैया, बाराको लगतमा दर्ता श्रेष्ता कायम रहेको बारा जिल्ला, उमजन गा.पा./न.पा. वडा नं. ३ स्थित कित्ता नं. १९२ को क्षेत्रफल ०-१९-१० (विगाहा) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**नोट :** ऋणी बाहेकका व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्तालाई चिनाउने प्रयोजनका लागि मात्र राखिएको हो । जमानतकर्ताको हकमा जानकारीको लागि मात्र यो सूचना प्रकाशित गरिएको हो ।

**पुनश्च :** बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय, हात्तिसार, काठमाडौं स्थित कर्जा असुली विभाग/सम्बन्धित शाखा कार्यालयबाट प्राप्त गर्न सकिनेछ । साथै बोलपत्र फारममा उल्लेखित शर्तबन्देजहरु समेत यसै सूचनाको अभिन्न अंङ्गको रुपमा रहनेछ ।

**अन्य जानकारीको लागि यस बैंकको प्रधान कार्यालय हात्तिसार स्थित कर्जा असूली विभाग वा सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राख्न सकिने छ ।**

लक्ष्मी सन्राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited

लक्ष्मी कम्प्लेक्स, हातीसार, काठमाडौं
फोन नं.: ५९७०६८४, ४२१७०७०
Email: info@laxmisunrise.com,
URL: www.laxmisunrise.com



Government of Nepal
Ministry of Urban Development
Department of Urban Development and Building Construction
**Federal Urban Development and Building Construction Office, Kaski**

## Invitation for Bids

Date of Publication: 2082/12/11 BS

1. The Department of Urban Development and Building Construction, Federal Urban Development and Building Construction Office, Kaski invites electronic bids from Nepalese eligible bidders for the various works.

| S. N | Contract No/ Bid No | Description of Works | Bid Security (NRs) | Bid Price (NRs) | Remarks Single Stage 1E (Special Procurement) |
|---|---|---|---|---|---|
| 1 | FUDBCO/ KASKI/NCB/ WORKS/082/83/36 | Repair and renovation work of the damaged building located within the premises of the District Government Attorney Office, Kaski | 70,000.00 | 3,000.00 | 23,58,360.64 (Excluding PS and VAT) |

2. Pre bid meeting date: 2082/12/16 at 13:00 Hrs.
3. Last date of Bid Submission : 2082/12/18 till 12:00 Hrs, Bid Opening Date: 2082/12/18 at 13:00 Hrs.
4. For all other details, please refer to the complete set of bidding documents at Federal Urban Development and Building Construction Office, Kaski, Telephone: +977-061-453058, mobile no.: 9847852167 and email address: - dudbckaski2076@gmail.com or through website www.bolpatra.gov.np/egp

**Office Chief**



## टोखा नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
मैजुहिटी काठमाडौं

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति: २०८२/१२/११

यस कार्यालयको सूचना बमोजिम निम्न कार्य गर्नको लागि देहायको बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) प्रयोजनार्थ यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.स. | बोलपत्रको विवरण | बोलपत्रदाताको नाम | कबोल अंक (VAT बाहेक) |
|---|---|---|---|
| १. | Procurement of Electronics Materials; ठेक्का नं.: 24/NCB/ TM/G/2082-83 | S.B. Multi Business Company P. Ltd, Kathmandu | ५२,९०,६५०/- |

Economic National Daily
आर्थिक
राष्ट्रिय दैनिक

## सम्पादकीय

# रोजगारीका जग नै झन्झन् कमजोर

हालै सम्पन्न निर्वाचनका सन्दर्भमा सबभन्दा बढी बोलिएको विषय हो रोजगारीको उपलब्धता। आफ्ना घोषणा, प्रतिज्ञा, वाचा वा करार जे भनिए पनि प्रायः सबै दलले रोजगारीलाई प्राथमिकताका साथ प्रस्तुत गरेका छन्। निश्चय नै यो नराम्रो चाहिँ होइन। निर्वाचन सन्दर्भमा प्रस्तुत गरिएका यी लिखतहरू कार्यान्वयनमा इमान्दारी भइयो भने अबका दिन कोही पनि नेपाली बेरोजगार बस्न पर्दैन । न विदेश जानुपर्छ। खासगरी यो निर्वाचन हुनै लागेका बेला रोजगारीको सन्दर्भ बेजोडले नै उठेको थियो। संसारका कुन–कुन देश युद्ध गर्छन्। त्यसका लागि उनका स्वार्थ होलान् तर त्यसका लागि पीडित भने नेपालीहरू हुनुपरेको छ। पछिल्लो समय खाडी मुलुकको युद्ध त्यसको एउटा उदाहरण हो। रुस र युक्रेन नेपालभन्दा धेरै टाढाका मुलुक हुन्। तर तिनका बीच चलिरहेको युद्धमा नेपालीका रगत बगिरहेका छन्। अझ त्यसमा पनि कतै युद्ध सुरु भयो भन्ने समाचार आयो भने नेपालको ग्रामीण क्षेत्र त्राहीमाम अवस्थामा हुन्छ। यसको कारण प्रष्टै छ देशमा व्याप्त बेरोजगारी । यसकारण पनि चुनावमा यो समस्याका बारे धेरै लेखिएको बोलिएको हुनुपर्छ ।

तर दलहरूले रोजगारी उपलब्ध गराउने भनेर जसरी वाचापत्रहरू ल्याएका छन् यही अवस्थामा ती पूरा भने हुनसक्ने देखिँदैनन्। रोजगारी गोजीबाट झिकेर दिने कुरा होइन। त्यसका लागि संस्थागत संरचना र तिनको भरपुर उपयोग भएको हुनुपर्छ। यसका लागि व्यापक लगानी र पूर्वाधार विकासको आवश्यकता पर्छ। तर यता संकेत भने त्यस्ता छैनन्। जस्तो नेपाली बैंकिङ क्षेत्रमा कुल निक्षेप र कर्जा खाताको बीचमा रहेको खाडल हेर्ने हो भने रोजगारीका जग नै देखिँदैनन्। यसको अर्थ हो लगानी नबढ्नु। लगानी नबढी रोजगारी आउँदैन। नेपाल राष्ट्र बैंकले पछिल्लो पटक दिएको जानकारीअनुसार चालु आर्थिक वर्षको सात महिनामा सञ्चालनमा रहेका २० वटा वाणिज्य बैंक, क्षेत्रीय र राष्ट्रियस्तरका समेत गरी १७ वटा विकास बैंक र १७ वटा फाइनान्स कम्पनीसहितका ५४ वटा वित्तीय संस्थामा खोलिएका कुल निक्षेप खाता संख्या छ करोड १८ लाख ५१ हजार दुई सय ३० पुगेको छ भने यता कुल कर्जा खाताको संख्या करोड त के आधाकरोडको आधा पनि पुगेको छैन। लगानीका हिसाबले यो खातासंख्या धेरै थोरै हो। जसले एकातिर लगानी बढाएको देखाउदैन भने अर्कातिर रोजगारी सर्जना गर्ने संकेत पनि देखिँदैन। यसैकारण रोजागारीका लागि श्रम बेचेर जीविकोपार्जन गर्नेहरू विदेश जान बाध्य भएका हुनुपर्छ।

केन्द्रिय बैंकले दिएको जानकारीअनुसार उल्लेख भएको यो अवधिमा बैंकिङ क्षेत्रमा कुल कर्जा खाताको संख्या २० लाख ३४ हजार नौ सय ४६ रहेको छ। अघिल्लो वर्षको यो समयमा बैंकिङ क्षेत्रमा कुल निक्षेप खाताको संख्या पाँच करोड ८१ लाख ७२ हजार सात सय रहेको थियो। विवरणले नै बताउँछन् यो संख्या उक्त अवधिमा बैंकिङ क्षेत्रमा रहेको कुल कर्जा खाता संख्याको तुलनामा पाँच करोड ६२ लाख ४२ हजार नौ सय सातले बढी हो। त्यो वर्ष बैंकिङ क्षेत्रमा सञ्चालनमा रहेको कुल कर्जा खाताको संख्या १९ लाख २९ हजार सात सय ९३ मात्र रहेको थियो। यसको अर्थ हो चालु वर्ष कर्जाखाता करिब एक लाखले बढेको देखिनु। तर यता निक्षेपखाता भने करोडले बढेको छ। निक्षेपखाता बढ्नु आफैँमा नराम्रो भने होइन। यसले घरघरमा रहेका रकम बैंकिङ प्रणालीमा आएको अवस्था सकारात्मक हो तर यो अनुसार कर्जा खाता पनि बढेको भए रकमको सदुपयोग हुने थियो। तर कर्जा नबढ्दा राष्ट्रबैंकलाई तरलताको व्यवस्थापन गर्नमै धौधौ परेको बुझ्न सकिन्छ। नयाँ निर्वाचनबाट सत्ता चलाउनेहरूले यसको सही उपचार खोज्न सकेभने मात्र उनले गरेका रोजगारी दिनेसम्बन्धी वाचाले सार्थकता पाउलान्।

# सेयरबजारप्रति भ्रम, यथार्थता, सम्भावना र अवसर



● कृष्णमणि पराजुली ●

> **सेयरको मूल्य हचुवाको आधारमा निर्धारण भएको हुँदैन । अर्थशास्त्रको माग र आपूर्तिको आधारमा निर्धारण हुनेहुँदा वैज्ञानिक मान्न सकिन्छ । अर्कोतर्फ सेयर खरिद बिक्री कार्य प्रतिस्पर्धामा हुने भएकोले खरिद बिक्री गर्ने दुवै पक्ष सन्तुष्ट हुन्छन् र दुवै पक्षले जितेको महसुस गरेका हुन्छन् ।**

अहिले सेयरबजार खस्कँदै गएको भए पनि सेयरबजारप्रति मानिसको चासो भने बढेको छ । परिणामस्वरूप डिम्याट खोल्नेहरूको संख्य दिनप्रति दिन वृद्धि हुँदै गएको देखिन्छ । अहिलेसम्मको आँकडा अनुसार ६३ लाख बढी खाता खोलीएका छन् । यो मूलतः वित्तीय सचेतनाले भएको हो ।

नेपालजस्तो अतिकम विकसित देशमा सेयरबजार राम्रोसँग फस्टाएको हुँदैन । ऐन कानुनको अभाव, नियामक निकायहरूले प्रभावकारी भूमिका निर्वाह गर्न नसक्नु, लगानीकर्तामा चेतनाको कमी, पुँजीको अभाव, सरकारबाटसमेत उपेक्षित हुनु जस्ता कारण औँल्याउन सकिन्छ । यसरी सेयरबजारमा विभिन्न चुनौति हुँदाहुँदै पनि समस्यासँग जुध्दै अघि बढिरहेको अहिलेको अवस्था हो ।

अहिले देशभरि नै सेयरबजारको बारेमा चासो बढ्दै गएको देखिन्छ । बैंक तथा वित्तीय संस्थाहरूको पहुँच भएको कारणले गर्दा पनि फस्टाउने अवसर मिलेको छ । घरमा बसी बसी कारोबार गर्न सकिने भएकोले समय र लागतमा फाइदा पुग्न गएको छ । सानो लगानी गरेर प्रतिफल पाउन सकिने व्यवसाय भनेको नै सेयरबजार हो । तर, हाम्रोजस्तो विकासोन्मुख देशमा विभिन्न समस्या भने रहेकै छन् । तर पनि समस्यालाई सम्बोधन गरेर समाधान गर्ने हो भने यस क्षेत्रबाट अपेक्षित फाइदा लिन सकिन्छ ।

निश्चय नै अहिले नेपालमा सेयरबजारप्रति मानिसहरूको मोह बढ्दै गएको छ । किनभने नेपालजस्तो अतिकम विकसित देशमा छोटो समयमा नै ६३ लाख डिम्याट खाता खोलिनु र कारोबार बढ्दै जानु भनेको राम्रो पक्ष हो । साथसाथै धेरै विकृति र विसंगति पनि बढ्दै गएका छन् । यससम्बन्धी ज्ञानको अभावले गर्दा धेरै मानिसलाई क्षति पनि पुगेको छ । तर, के बुझ्नु पर्दछ भने सेयरबजारलाई राम्रोसँग अध्ययन गरेर लगानी गर्ने हो भने यसबाट घाटा भन्ने हुँदैन । सेयरबजार भन्ने वित्तिकै फाइदै फाइदा हुन्छ भन्ने पनि छैन । तर मानिसमा फाइदामात्र हुन्छ भन्ने एक प्रकारको बुझाइको कारणले गर्दा जोखिम आउने हो अन्यथा यदि बुझेर लगानी गर्ने हो भने राम्रै कमाउन सकिने व्यवसाय हो ।

कसैले सेयरसम्बन्धी केही बुझेकै छैन, जानेकै छैन र त्यही व्यक्तिले जथाभावि लगानी गर्छ भने बेफाइदा हुनु स्वाभाविकै हुन आउँछ । किनभने आय आर्जन गर्ने काम जो कोहीलाई पनि त्यति सजिलो हुँदैन । दिनभरि पसिना बगाएर काम गर्ने मानिसलाई पनि बिहान बेलुकीको छाक टार्न सजिलो हुँदैन भने अन्धाधुन्ध किसिमले लगानी गर्दैमा फाइदा हुने होइन । यो नै सेयरबजारमा आएको अहिलेको विकृति हो ।

सेयरबजार एक किसिमको प्राविधिक क्षेत्र हो र यसलाई बुझ्न त्यति सजिलो पनि छैन । यो ऐन, नियम, कानुन, प्रकृया र विशेष पद्धतिबाट सन्चालित हुन्छ । कतिपय मानिसहरु यसको सैद्धान्तिक एवं व्यवहारिक पक्षको अध्ययन नगरीकन सेयरबजार भनेको कमाइदिने संस्थामात्र हो भन्ने एकोहोरो विचारले गर्दा धेरै मानिस डुवेको अवस्था पनि छ । यदि सेयरबजारबाट फाइदा लिने हो भने सेयरबजारका आधारभूत कुराहरु बुझ्नै पर्दछ । सेयरबजार लाभको मात्र क्षेत्र हो र यसमा जोखिम र अनिश्चितता एकदम नै कम हुन्छ भन्नु पनि मूर्खता हो । यसरी सेयरबजारप्रति एक प्रकारको भ्रम सिर्जना भएको छ । यसलाई हटाउनु नितान्त जरूरी देखिन्छ ।

अर्को महत्वपूर्ण पक्ष भनेको सेयरबजार सधै बढी रहने हुँदैन । बढी रहने हो भने बजारको अस्तित्व नै हुँदैन । सेयरको मूल्य माग र आपूर्ति, आर्थिक, राजनीतिक परिस्थिति आदि कुराहरूको संयोजनबाट निर्धारण हुने हो । हामीकहाँ भने यी आधारहरु भन्दा पनि अन्य अवान्छित तत्वहरूले प्रभाव पार्ने हुँदा सेयरबजारमा विकृति आएको देखिन्छ ।

कुनै पनि कम्पनिको सेयर खरिद गर्दा मुख्यतः कम्पनीको आर्थिक अवस्था, व्यवस्थापन आदि पक्षहरूको राम्रोसँग अध्ययन गर्नु पर्दछ । त्यसपछि मात्र राजनीतिक, सामाजिक र नियामक निकायको प्रभावकारीता जस्ता बाह्य कुराहरूले असर पार्ने हुन । यी पक्षहरूलाई उपेक्षा गरेर केवल सेयर भनेको रूखमा चढेर पाकेको फल टिप्नु हो भन्ने धेरैमा भ्रम रहेको देखिन्छ । यस्ता भ्रमलाई नहटाइ सेयरबजारमा लगानी गर्दा जोखिम निम्तिने प्रवल संभावना हुन्छ नै ।

कुनै पनि क्षेत्रको यथार्थ अवस्था नबुझिकन गरिने कार्यले अपेक्षित नतिजा दिन सक्दैन । सेयरबजार पनि त्यस्तै हो । यस्ता कुरा सामाजिक सञ्जालमा पनि आइरहेकै छन् । सेयरबजारबाट प्रशस्त कमाउन सकिन्छ भनेर कतिपयले सबै घरजग्गा, सम्पत्ति बेचेर सेयरमा लगानी गरेर टाट पल्टिएका समाचार पनि हामीले पढेकै छौँ । त्यसकारण लगानी गर्दा एउटा आधारमात्र लिनु हुँदैन धेरै आधारहरूको अध्ययन गरिनु पर्दछ । तर, यो जुवाजस्तो गर्लम्म भुइँमै पुग्ने नभए पनि जोखिम भने लिनु नै पर्दछ । जहाँ फाइदा लिने कुरा हुन्छ त्यहाँ जोखिम हुन्छ नै । यी सबै यथार्थ अवस्था बुझेर लगानी गर्दा जोखिमलाई न्यूनिकरण र लाभलाई अधिकतम बनाउन सकिन्छ ।

सेयरबजारलाई अवसर र संभावनाको खेलको रूपमा पनि लिन सकिन्छ । अवसर कुन समयमा र कसरी लिने भन्ने कुरा लगानीकर्ता आफैँले बुझ्नु पर्ने हुन्छ । अवसरको फाइदा लिने कुरा पनि त्यति सजिलो त कहाँ छ र ! सेयर किन्न र बेच्न सजिलो भए पनि संभावनाहरूलाई अवसरमा परिवर्तन गर्न भने सजिलो हुँदैन । विभिन्न संभावनाहरु मध्ये पनि अति उत्तम संभावनाको पहिचान गर्नु नै बुद्धिमानी हुन आउँछ । विना अध्ययन र विकल्पको खोजीविना गरिएको कारोबारले आखिरमा दिने भनेको जोखिम नै हो ।

कतिपय लगानीकर्ताहरूले अवसरलाई विभिन्न किसिमबाट अध्ययन गरेर फाइदा लिएका हुन्छन् । किनभने सेयर लगानीमा एउटामात्र विकल्प हुँदैन । कसैले धेरै कम्पनिमा लगानी गर्दछन् भने कसैले थोरैमा । कसैले एकदमै राम्रा कम्पनिमा मात्र लगानी गर्दछन् भने कसैले सानातिना कम्पनीमा । कुनै लगानीकर्ताले आफूसँग भएको स्टकको मूल्यमा ह्रास आउन थाल्यो भने यसबाट बच्नको लागि तुरून्त बेचेर अरू कम्पनीको सेयर खरिद गरेका हुन्छन् । यहि अवसर, संभावना र चुनौतीलाई लिने भन्ने हुँदैन । तर, विकल्पहरु मध्ये कुनमा कम जोखिम र कुनमा बढी प्रतिफल दिन सक्दछ भन्नेतर्फ भने संभावनाहरूको खोजी गरिनु पर्दछ ।

सेयरबजारलाई पुँजी संकलनको माध्यमको रूपमा पनि लिन सकिन्छ । कम्पनीहरूलाई पुँजीको आवश्यकता पर्‍यो भने उनीहरूले सेयर जारी गरेर पुँजी जुटाउन सक्दछन् । छरिएर रहेको पुँजीलाई एकिकृत गर्दा ठुला ठुला पूर्वाधार विकासमा लगानी गर्न सम्भव पनि हुन्छ । यसले राष्ट्रिय अर्थतन्त्रको विकासमा ठूलो योगदान पुर्‍याउन पनि सक्दछ ।

लामो समय र छोटो समयमै किनबेच गर्न सकिने गरी सेयरबजारमा लगानी गर्न सकिन्छ । यसले गर्दा लगानीकर्तालाई सजिलो भएको पनि छ । बजारमा दीर्घकालीन र अल्पकालीन दुवै किसिमका लगानीकर्ता हुन्छन् । दीर्घकालीन लगानीमा कम जोखिम तर लामो समयसम्म पर्खनु पर्दछ भने छोटो समयमै किनबेच गर्ने सेयरलाई अल्कालीन लगानी भनिन्छ जुन छोटो समयको लागि हुन्छ । अर्को अर्थमा भन्ने हो भने इन्भेस्टमेन्ट र ट्रेडिङ् भन्ने गरिन्छन् ।

कुनै पनि कम्पनी सन्चालन गर्न पहिलो आवश्यकता भनेको पुँजी नै हो । त्यसैले कम्पनीहरूले आईपीओ, एफपीओजस्ता उपकरण प्रयोग गरेर रकम जम्मा गर्न सक्दछन् । यसले कम्पनीलाई आफ्ना आर्थिक गतिविधि सन्चालन गर्न सजिलो हुन्छ । सेयरबजारमा लगानीको अवसर पनि प्रशस्त हुने गर्दछ । अहिले बैंकको ब्याजदर क्रमिक रूपमा घट्दै गएको अवस्थामा बैंकमा निक्षेप गर्नुभन्दा सेयरमा लगानी गर्नु राम्रो अवसर हो । सेयरमा लगानी गर्दा तुलात्मक रूपमा राम्रो प्रतिफल प्राप्त गर्न सकिन्छ ।

लगानीकर्ताले लगानीमात्र गरेको हुँदैन र समयसमयमा उसलाई पैसाको पनि जरूरत पर्न सक्दछ । त्यस समयमा सजिलोसँग बिक्री गर्न सकिने भनेको सेयर नै हो । सेयरमा तरलता प्राप्त गर्न सक्ने क्षमता हुन्छ । जसरी औषधि पसलमा डाक्टरको प्रेक्सिप्सन देखाएपछि सजिलै औषधि किन्न सकिन्छ त्यसरी नै तपाइँसँग भएको पोर्टफोलियोमा गरेको एक क्लिकबाट तपाइँले नगद प्राप्त गर्न सक्नु हुन्छ । जुनसुकै समयमा सेयर बिक्री गर्न सकिने भएकोले कुनै पनि सेयरहोल्डरले आफ्नो गर्जोटार्न सक्दछ ।

सेयरको मूल्य हचुवाको आधारमा निर्धारण भएको हुँदैन । अर्थशास्त्रको माग र आपूर्तिको आधारमा निर्धारण हुनेहुँदा बैज्ञानिक मान्न सकिन्छ । अर्कोतर्फ सेयर खरिद बिक्री कार्य प्रतिष्पर्धामा हुने भएकोले खरिद बिक्री गर्ने दुवै पक्ष सन्तुष्ट हुन्छन् र दुवै पक्षले जितेको महशुस गरेका हुन्छन् । अन्य खेलमा हारजीत हुन्छ तर सेयरमा दुवै पक्षले जीतेको हुन्छ । किनभने सन्तुस्टिमा कारोबार गरिएको हुन्छ ।

अर्को कुरा सेयरबजारलाई देशको ऐनाको रूपमा पनि लिइएको हुन्छ । यदि सेयरबजार राम्रोसँग फस्टाएको छ भने त्यस देशको अर्थतन्त्र राम्रो मानिन्छ । यस अवस्थामा बाह्य लगानी आउन सक्दछ । सरकारले प्राप्त गर्ने ऋण सहयोग पनि सहजरूपले आउन सक्दछ । कुनै पनि देशको पुँजी बजार कमजोर छ भने त्यस देशमा न ऋण, न अनुदान र न त लगानी नै आउन सक्दछ । यसरी राष्ट्रिय अर्थतन्त्रमा सेयरबजारको अग्रणी भूमिका रहेको हुन्छ । यस प्रकारले सेयरबजारमा धेरै अवसर रहेका छन् तर ती अवसरहरूलाई प्रयोगमा ल्याउन नसकेको कारणले गर्दा सेयरबजारमा विभिन्न कमीकमजोरी देखिएका हुन् । जसलाई सुधारको खाँचो छ ।

नेपालमा सेयरबजारको अवस्था निकै कमजोर रहेको देखिन्छ । किनभने बैंक तथा वित्तीय संस्थाहरूको प्रभुत्व बढी छ । उत्पादन तथा सेवालगायत अन्य क्षेत्रहरु ओझेलमा परेको अवस्था छ । सेयरबजारको क्षेत्र विस्तारको लागि देशभित्रका सबै आर्थिक क्षेत्रहरु समावेश भएमा स्वच्छ प्रतिस्पर्धा हुन सक्दछ र लगानीकर्ताहरूको चाहनाहरु पनि सम्बोधन हुन सक्दछन् ।

संक्षेपमा भन्नुपर्दा सेयरबजारप्रति अनेक भ्रम छन् तिनीहरूलाई निराकरण गर्नु पर्दछ । अर्को कुरा सेयरबजारको यथार्थ कुरा नबुझी फाइदामात्र हुन्छ भन्ने वातावरणले पनि असर पारेको अवस्था देखिन्छ । सेयरबजारमा चुनौतिमात्र हुँदैनन् र अवसर पनि त्यत्तिकै छन् । मुख्य समस्या भनेको ती चुनौतिहरूको निराकरण गर्न नसक्नु नै हो ।

# स्वच्छ वातावरणको लागि पुष्प व्यवसाय



● विश्वनाथ खरेल ●

नेपाल, हिमालयको काखमा अवस्थित यो सुन्दर देश, प्रकृतिको अनुपम उपहारले भरिपूर्ण छ । तर आजको आधुनिक युगमा स्वच्छ वातावरणको संरक्षण र आर्थिक समृद्धिको खोजी दुवै चुनौतीपूर्ण बनेका छन् । पुष्प व्यवसाय (फ्लोरिकल्चर) नेपालको कृषि क्षेत्रको एक महत्वपूर्ण उपशाखा हो । जसले आर्थिक लाभमात्र नभएर, पर्यावरणीय सन्तुलन कायम राख्नमा पनि महत्वपूर्ण भूमिका खेल्छ । तसर्थ मुलुकमा स्वच्छ वातावरण र पुष्प व्यवसाय अन्योन्याश्रित सम्बन्धमा बाँधिएका छन् । एकातिर पुष्प व्यवसायले वातावरणीय सन्तुलन कायम राख्न मद्दत गर्छ भने अर्कोतिर यसले रोजगारी र आर्थिक समृद्धि पनि प्रदान गर्दछ । हालैका पुष्प प्रदर्शनीहरूले यस क्षेत्रको व्यावसायिक सम्भावना र वातावरणीय योगदानलाई सार्वजनिक मञ्चमा ल्याएका छन् । स्वच्छ वातावरण, रोजगारी र आर्थिक समृद्धिका लागि पुष्प व्यवसाय भन्ने नारा नेपालको सन्दर्भमा पूर्णतः सार्थक देखिन्छ । सरकारले समेत यस क्षेत्रको विकासका लागि नीतिगत प्रतिबद्धता जनाएको छ । तर, नीतिगत अस्थिरता, बीउ आयातमा कठिनाइ, पूर्वाधारको कमी र बजारको अस्थिरताजस्ता समस्या समाधान गर्न सकेमा यस क्षेत्रले फड्को मार्न सक्छ । आगामी दिनमा पुष्प व्यवसायलाई राष्ट्रिय अर्थतन्त्रको मेरूदण्ड मानेर यसको प्रवर्द्धन गर्न सकेमा मात्र नेपालले हरित अर्थतन्त्र (ग्रीन इकोनोमी) को लक्ष्य हासिल गर्न सक्छ । स्थानीय उत्पादनलाई प्रोत्साहन, आयात प्रतिस्थापन, र निर्यात प्रवर्द्धनका माध्यमबाट पुष्प व्यवसायले नेपाललाई समृद्ध र वातावरणमैत्री राष्ट्र बनाउन महत्वपूर्ण भूमिका खेल्न सक्छ । यसका लागि सरकार, निजी क्षेत्र र समग्र जनताको सामूहिक प्रयास आवश्यक छ । हराभरा नेपाल, समृद्ध नेपालको आधारशिला हो र पुष्प व्यवसाय त्यस आधारशिलाको बलियो खम्बा बन्न सक्षम छ ।

देशको भौगोलिक विविधता र अनुकूल जलवायुका कारण यहाँ पुष्प व्यवसायको प्रचुर सम्भावना रहेको छ । विशेषगरी सहरीकरणको विस्तारसँगै मानिसहरूमा वातावरणप्रति सचेतना बढेको छ । स्वच्छ वातावरण, रोजगारी र आर्थिक समृद्धिका साथ नेपालमा पुष्प व्यवसायलाई अगाडि बढाइएको छ । फूलले वायुमण्डललाई शुद्ध बनाउने मात्र नभई मानिसको मानसिक स्वास्थ्यमा समेत सकारात्मक प्रभाव पार्दछ । हाल नेपालमा पुष्प व्यवसाय व्यावसायिक रूपमा निकै फैलिएको छ । पछिल्लो तथ्यांकअनुसार यस क्षेत्रको अवस्था निम्नबमोजिम छ । यसरी पुष्प व्यवसायमा हालसम्म ८ अर्ब ८३ करोड रूपैयाँभन्दा बढीको लगानी भइसकेको छ । यसमा ५२ भन्दा बढी जिल्लामा करिब २७० हेक्टर क्षेत्रफलमा व्यावसायिक फूल खेती भइरहेको छ । त्यसरी नै यस व्यवसायमा प्रत्यक्ष र अप्रत्यक्ष गरी ५३ हजार ५ सयभन्दा बढी मानिसहरूले रोजगारी पाएका छन् । यसको बजारमा माग देशमा वार्षिक रूपमा पुष्प व्यवसायको माग र आपूर्तिमा १० देखि १५ प्रतिशतले वृद्धि भइरहेको देखिन्छ । पुष्प व्यवसायले केवल पैसामात्र कमाउँदैन, यसले वातावरणीय सन्तुलनमा पनि महत्वपूर्ण योगदान पुर्‍याउँछ । यसले सहरी हरियाली र सौन्दर्यकरण बढ्दो सहरीकरण र कंक्रिटको जंगलका बीचमा घरका छत, कौसी र सडकका किनारामा लगाइएका फूलहरूले सहरलाई अक्सिजन हब बनाउन मद्दत गर्दछन् । त्यस्तै प्रदूषण नियन्त्रणमा फूलका बोटबिरूवाहरूले वायुमण्डलबाट कार्बनडाइअक्साइड सोसेर अक्सिजन उत्सर्जन गर्छन् । यसले ध्वनि प्रदूषण र धुलोका कणहरूलाई पनि कम गर्न सहयोग गर्दछ । त्यसरी अर्कोतिर जैविक विविधताको संरक्षणमा पनि पुष्प खेतीले विभिन्न प्रकारका पुतली, मौरी र अन्य परागसेचन गर्ने जीवहरूको संरक्षण गर्दछ । जसले समग्र पारिस्थितिक प्रणालीलाई बलियो बनाउँछ ।

नेपालमा पुष्प व्यवसाय केवल आर्थिक आम्दानीको स्रोतमात्र नभई स्वच्छ र हरित नेपाल निर्माणको एक बलियो आधार हो । यसले बेरोजगार युवाहरूलाई स्वदेशमै स्वरोजगार बनाउन र बढ्दो वातावरणीय प्रदूषणलाई न्यूनीकरण गर्न महत्वपूर्ण भूमिका खेल्न सक्छ । सरकारले पुष्प खेतीलाई उच्च प्राथमिकता प्राप्त क्षेत्रमा राखेर सिँचाइ, प्रविधि र बजारको उचित व्यवस्था गरिदिने हो भने नेपाल फूलमा आत्मनिर्भरमात्र होइन, विश्व बजारमा फूल निर्यात गर्ने प्रमुख मुलुकका रूपमा चिनिन सक्छ । फलतः नेपाल प्राकृतिक सौन्दर्य, जैविक विविधता र सांस्कृतिक सम्पदाले भरिपूर्ण देश हो । हिमाल, पहाड र तराईको भौगोलिक विविधताले यहाँ विभिन्न प्रकारका वनस्पति तथा पुष्पहरूको उत्पादनका लागि उपयुक्त वातावरण सिर्जना गरेको छ । पछिल्ला वर्षहरूमा वातावरणीय चेतना बढ्दै जाँदा स्वच्छ वातावरण र पुष्प व्यवसायबीचको सम्बन्ध झन् सशक्त बन्दै गएको छ । स्वच्छ वातावरणले पुष्प उत्पादनलाई गुणस्तरीय बनाउँछ भने पुष्प व्यवसायले वातावरण संरक्षणमा सकारात्मक योगदान पुर्‍याउँछ ।

स्वच्छ वातावरण र पुष्प व्यवसाय एकअर्काका पूरक हुन् । स्वच्छ वातावरण विना गुणस्तरीय पुष्प उत्पादन सम्भव छैन भने पुष्प व्यवसायले वातावरण संरक्षणमा महत्वपूर्ण योगदान पुर्‍याउँछ । नेपालको वर्तमान अवस्थामा बढ्दो प्रदूषण र जलवायु परिवर्तनका चुनौतीहरूको बीचमा यी दुवै क्षेत्रलाई सन्तुलित रूपमा अघि बढाउनु आवश्यक छ । सरकार, निजी क्षेत्र, किसान र आम नागरिक सबैले मिलेर स्वच्छ वातावरण संरक्षण र पुष्प व्यवसाय प्रवर्द्धनमा योगदान दिनुपर्छ । यसले मात्र आर्थिक समृद्धि, वातावरणीय सन्तुलन र सांस्कृतिक संरक्षण एकसाथ सम्भव बनाउन सक्छ । अन्ततः हरियो नेपाल, सुन्दर नेपालको परिकल्पना साकार पार्न स्वच्छ वातावरण र पुष्प व्यवसायको संयुक्त भूमिका अत्यन्त महत्वपूर्ण रहनेछ । स्वच्छ वातावरण भन्नाले प्रदूषणरहित, प्राकृतिक सन्तुलन कायम रहेको, मानव र अन्य जीवजन्तुका लागि स्वस्थ र सुरक्षित वातावरणलाई जनाउँछ । यसमा हावा, पानी, माटो, वन, जैविक विविधता सबैको संरक्षण आवश्यक हुन्छ । नेपालको सन्दर्भमा स्वच्छ वातावरण केवल स्वास्थ्यसँग मात्र सम्बन्धित छैन, यो आर्थिक विकास, कृषि उत्पादन र पर्यटनसँग पनि प्रत्यक्ष रूपमा जोडिएको छ ।

हाम्रो देशमा पुष्प व्यवसाय प्रवर्द्धन गर्ने उद्देश्यसहित आयोजना गरिएको फ्लोरा एक्स्पोले एक करोड २२ लाख रूपैयाँ बढीको कारोबार गर्दै गत चैत ८ गते सम्पन्न भएको छ । सो मेला चार दिनसम्म सञ्चालन भएको मेलामा दर्शकहरूको उल्लेखनीय सहभागिता रहेको मेला संयोजक तथा फ्लोरिकल्चर एसोसिएसनले जानकारी दिएको छ । त्यसैगरी मेला कुल ६० हजार ७ सय जनाले अवलोकन गरेका थिए । तसर्थ मेलामा व्यावसायिक ६५, अफिसियल ११, प्रतिस्पर्धात्मक दुई स्टल रहेका थिए । पुष्प व्यवसायमा आठ अर्ब ८३ करोड रूपैयाँभन्दा बढी लगानी रहेको र करिब ५३ हजार ५ सय बढीले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा रोजगारी प्राप्त गरेको जनाइएको छ । फलतः गत आर्थिक वर्षमा भने २७ करोड ७९ लाख रूपैयाँ बराबरको पुष्प तथा पुष्पजन्य वस्तु आयात भएकोमा यस वर्ष ५४ दशमलव २७ प्रतिशतले घटेर १२ करोड ७० लाख रूपैयाँमा सीमित भएको भन्सार विभागको तथ्यांकले देखाएको छ । यसर्थ निर्याततर्फ भने एक सय नौ दशमलव १६ प्रतिशतले वृद्धि भई दुई करोड १३ लाख रूपैयाँ पुगेको सम्बन्धित क्षेत्रले जानकारी दिएको थियो ।

समग्रमा भन्नुपर्दा २७औं फ्लोरा एक्स्पो २०८२ नेपालको पुष्प उद्योगको लागि एउटा महत्वपूर्ण कोसेढुंगा सावित हुने विश्वास सम्बन्धित क्षेत्रले लिइएको छ । यसमा स्वच्छ वातावरण, रोजगारी तथा आर्थिक समृद्धिका लागि पुष्प व्यवसायले भने पुष्प व्यवसाय वातावरणीय सन्तुलन कायम राख्नेदेखि रोजगारी सिर्जना र आर्थिक समृद्धि हासिल गर्नेसम्मको बहुआयामिक भूमिका निर्वाह गर्न सक्ने क्षमता राख्दछ । मूलतः आगामी दिनमा सरकारी नीति, प्रविधि हस्तान्तरण, बजार पहुँच र निर्यात प्रवर्द्धनमा जोड दिन सकेमा नेपालको पुष्प व्यवसायले दक्षिण एसियाकै एक आकर्षक उद्योगको रूपमा आफूलाई स्थापित गर्न सक्ने ठोस सम्भावना छ । अतः यो कार्यक्रम चैत ५ देखि ८ गतेसम्म भृकुटीमण्डपमा आयोजना भएको थियो । यो एक्स्पो नेपाली पुष्प व्यवसायको हरियाली भविष्यको झलक हेर्नको लागि एउटा सुनौलो अवसर पनि भएको थियो ।

# तौल घटाउने औषधिमा भारतको चेतावनी

नयाँ दिल्ली, चैत १० । तौल घटाउने औषधिको सस्तो जेनेरिक संस्करण बजारमा तीव्र रूपमा फैलिन थालेपछि भारतले त्यसको दुरूपयोग र स्वास्थ्य जोखिमबारे कडा चेतावनी दिएको छ । स्वास्थ्य मन्त्रालयले औषधि प्रयोगमा अनियमितता बढ्न सक्ने भन्दै निगरानी र कार्यान्वयन कडा बनाएको जनाएको छ ।

ओजेम्पिक र वेगोवी जस्ता औषधिमा प्रयोग हुने सक्रिय तत्व सेमाग्लुटाइडको पेटेन्ट मार्च २० मा समाप्त भएसँगै भारतमा यसको जेनेरिक उत्पादन तीव्र रूपमा बजारमा आएको छ । विश्वकै सबैभन्दा ठूलो जेनेरिक औषधि आपूर्तिकर्ता मानिने भारतमा यसले मूल्य घटाउँदै पहुँच बढाएको छ ।

जीएलपी-१ वर्गका यी औषधिहरूले रगतमा ग्लुकोजको स्तर र भोक नियन्त्रण गर्ने हर्मोनलाई प्रभाव पार्ने भएकाले मोटोपनाविरूद्ध प्रभावकारी मानिन्छन् । तर स्वास्थ्य मन्त्रालयले यस्ता औषधि चिकित्सकको सिफारिसबिना प्रयोग गर्दा गम्भीर साइड इफेक्ट देखिन सक्ने चेतावनी दिएको छ । मन्त्रालयका अनुसार हाल बजारमा विभिन्न जेनेरिक भेरियन्टहरू उपलब्ध भएसँगै खुद्रा औषधि पसल, अनलाइन प्लेटफर्म, थोक विक्रेता र वेलनेस क्लिनिकमार्फत अनियन्त्रित रूपमा बिक्री हुने जोखिम बढेको छ । 'उचित चिकित्सकीय निगरानी बिना प्रयोग गर्दा गम्भीर स्वास्थ्य समस्या निम्तिन सक्छ', मन्त्रालयले स्पष्ट पारेको छ ।

# 'एसियाली व्यापार एकीकरणतर्फ'

■ एजेन्सी
**हङकङ, चैत १०**

एसियाली व्यापार एकीकरणका आधारहरू निरन्तर बलियो हुँदै गएको 'बोआओ फोरम फर एसिया'ले मङ्गलबार सार्वजनिक गरेको प्रतिवेदनमा उल्लेख छ । प्रतिवेदन अनुसार, सन् २०२३ मा ५६.३ प्रतिशत रहेको क्षेत्रीय आन्तरिक व्यापारमा निर्भरता २०२४ मा ५७.२ प्रतिशत पुगेको छ । यसले क्षेत्रका प्रमुख अर्थतन्त्रहरू आपसी व्यापार सम्बन्धमा अझ बढी केन्द्रित हुँदै देखाउँछ ।

विशेष गरी, एसिया-प्रशान्त क्षेत्रका प्रमुख अर्थतन्त्रबीच द्विपक्षीय व्यापार गतिशीलतापूर्वक बढिरहेको छ । यसमा दक्षिणपूर्व एसियाली राष्ट्रहरूको आन्तरिक व्यापार पुनरूत्थान मुख्य भूमिका खेलिरहेको छ, र यी राष्ट्र र चीनबीचको द्विपक्षीय व्यापारले यस पुनरूत्थानलाई नेतृत्व प्रदान गरिरहेको छ ।

प्रतिवेदनमा चीनको भूमिका पनि प्रकाश पारिएको छ । चीनको उदीयमान अर्थतन्त्रतर्फको निर्यात जापान र कोरिया गणराज्यतर्फको निर्यातभन्दा छिटो बढिरहेको छ । यसले चीनलाई क्षेत्रीय व्यापारको केन्द्रको रूपमा स्थापित गरेको छ र यसको बजार आकार र बलियो मध्यम वस्तु आपूर्ति यस भूमिकालाई अझ मजबुत बनाउँदैछ ।

चीन र यसको साझेदारहरूसँगको सम्बन्ध अब परम्परागत व्यापार साझेदारीको सीमाभन्दा पर गएर 'साझा भविष्य भएको समुदाय' तर्फ बढिरहेको छ । यस सम्बन्धमा उद्योग र मूल्य श्रृत्ंलाहरू आपसमा अझ गहिरो रूपमा अन्तरसम्बन्धित हुँदैछन् । प्रतिवेदनले डिजिटल पूर्वाधारमा बढ्दो लगानी, एसियाका विशाल बजारहरूको बढ्दो माग र गहिरो क्षेत्रीय आर्थिक एकीकरणले गर्दा, यो क्षेत्र विश्व सेवाहरूको व्यापारमा सहभागी मात्र नभई यसको मुख्य वृद्धिदायक शक्तिमा रूपान्तरण हुँदै उल्लेख गरेको छ । यो प्रक्रिया क्षेत्रका देशहरूलाई मात्र आर्थिक रूपमा लाभान्वित गर्दै छैन, सँगै समग्र एसियाली आर्थिक संरचना र वैश्विक व्यापार परिदृश्यमा पनि महत्वपूर्ण प्रभाव पारिरहेको सिन्ह्वाले उल्लेख गरेको छ ।

## शेयरधनीहरूको शेयर प्रमाणपत्र हराएको सम्बन्धी ३५ दिने अत्यन्त जरूरी सूचना

यस कम्पनीले शेयर राष्ट्रिारको रुपमा कार्य गरिरहेका तपसिल बमोजिम विवरण भएका कम्पनीको शेयरधनीहरूको शेयर प्रमाणपत्रहरु हराएकोले प्रतिलिपि प्रमाणपत्र उपलब्ध गराई पाँउ भनी निवेदन पेश गरेको हुँदा सो माथी कसैको हकदाबी लाग्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र स-प्रमाण सहित शेयर राष्ट्रिर **श्री मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौं**मा सम्पर्क राख्नुहुन अनुरोध गर्दछौं, साथै उक्त मिति पछि सो शेयरहरु आवश्यक प्रकृया पुरा गरि निवेदनमा माग भए बमोजिम सम्बन्धित हितग्राही खातामा जम्मा गरिने व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । म्याद पछि तथा रितपुर्वक प्राप्त नभएको निवेदन उपर कुनै कारबाही हुने छैन ।

**नेशनल हाईड्रो पावर कम्पनि लि.**

| क्र.सं | शेयरधनीको नाम र ठेगाना | शेयरधनी नं. | शेयर प्रमाणपत्र नं. | कित्ता |
|---|---|---|---|---|
| १ | सुरोज महर्जन, ललितपुर-१२, ललितपुर | ८८७६ | ५६१६, १६६२१ | २०००, १००० |

**शेयर रजिष्ट्रार :**
मुक्तिनाथ क्यापिटल लि.
MUKTINATH CAPITAL LTD.
A Subsidiary of Muktinath Bikas Bank Ltd.
प्रधान कार्यालयः नारायणचौर, नक्साल, काठमाण्डौ
फोन नं. ४५४६१०८/०९/४५४६४७०
इमेलः info@muktinathcapital.com
वेबसाइटः www.muktinathcapital.com

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

थाहा नभएकोको नाति, हर्क बहादुर वरालको छोरा, काशी प्रदेश ओखलढुङ्गा जिल्ला लिखु गाँउपालिका वडा नं. ९ बस्ने सोम बहादुर वरालले यस बौद्ध शाखामा खाता नं. २०५१५२४१४१७६८० संचालन गर्दै आउनु भएकोमा मिति २०८२/०८/२६ मा निज खातावाला सोम बहादुर वरालको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको छोरा नाता पर्ने नेत्र बहादुर वरालले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक सोम बहादुर वरालको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको बौद्ध शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
बौद्ध शाखा, चुच्चेपाटी
फोन नम्बर : ०१-४५६१४५२
ईमेल : bouddha@nsbl.com.np

## निक्षेप उपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

हिमलाल अर्यालको नातिनी, शिव प्रसाद अर्यालको छोरी, स्याङजा जिल्ला, ढापुक न.पा./गा.पा./गा.वि.स. वडा नं. ५ बस्ने कलावती उपाध्याय भन्ने कलावती रेग्मी (ना.प्र.नं. ७६८७, जि.प्र.का. स्याङजा) ले यस बैंकको लाजिम्पाट शाखामा बचत खाता संचालन गर्दै आउनु भएकोमा निज खातावाला कलावती रेग्मीको मिति २०७८/०५/१३ मा निधन भएकोले यस बैंकमा रहेको निजको बचत खाताको रकम भुक्तानी पाउँ भनि निज मृतकको छोरा ढाकाराम रेग्मीले मिति २०८२/१०/२१ मा निवेदन पेश गरेको हुँदा यस बैंकमा रहेको उल्लेखित खातामा भएको रकममा अरु कसैको प्रमाणिक हकदाबी भए "बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३" को दफा १११ (२) बमोजिमको अग्राधिकारवालाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुद प्रमाण सहित यस बैंकमा हकदाबी गर्न आउनु होला । अन्यथा निवेदकको माग दाबी बमोजिम भुक्तानीको प्रक्रिया अघि बढाईने व्यहोरा सूचित गरिन्छ ।

माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, लाजिम्पाट

## ग्लोबल आइएमई बैंक लि.
### निक्षेपउपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

ग्लोबल आइएमई बैंकको रुकुम शाखामा बचत खाता खोली कारोबार गर्दै आउनु भएका कृष्ण बहादुर ओलीको मिति २०७७/०८/१९ मा मृत्यु भएकोले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको बाबु दल बहादुर ओलीबाट मिति २०८२/१२/०४ मा निवेदन प्राप्त भएको छ । उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवालाको हकदारहरुले यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखामा हकदाबी गर्न आउनुहोला । सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि. सबैका लागि बैंक
रुकुम शाखा
फोन नं. ०८८-५३०२१८
ग्लोबल कनेक्ट : ०१-५९७०६००

## ग्लोबल आइएमई बैंक लि.
### निक्षेपउपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

ग्लोबल आइएमई बैंकको कालिकोट शाखामा बचत खाता खोली कारोबार गर्दै आउनु भएका विरेन्द्र आचार्यको मिति २०८२/०८/१२ मा मृत्यु भएकोले निजको व्यक्तिगत स्वामित्वमा भएको तिला मिडिया प्रा.लि. को नाममा रहेको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको श्रीमती कल्पना अधिकारि (आचार्य) बाट मिति २०८२/१२/०८ मा निवेदन प्राप्त भएको छ । उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवालाको हकदारहरुले यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखामा हकदाबी गर्न आउनुहोला । सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि. सबैका लागि बैंक
कालिकोट शाखा
फोन नं. ०८७-४४२७३
ग्लोबल कनेक्ट : ०१-५९७०६००

## निक्षेप उपर हकदावी सम्वन्धी ३५ दिने सूचना

यस विकास बैंकको कान्तिपथ शाखा कार्यालयका खातावाला, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३१ मा बसोबास गर्ने **स्वर्गीय अनार लक्ष्मी प्रधान** (शन्त बहादुर श्रेष्ठकी नातिनी, भरत बहादुर श्रेष्ठकी छोरी तथा लिला प्रसाद प्रधानकी पत्नी) ले आफ्नो निक्षेप खातामा छोराहरू **लिलेश्वर प्रसाद प्रधान, लिलेन्द्र प्रसाद प्रधान, लिलेश प्रसाद प्रधान** र छोरी **अंजली प्रधान** समेत गरी जम्मा चार जनालाई इच्छाईएकोमा निजको मिति २०८१ साल फाल्गुन २२ गतेका दिन मृत्यु भएको हुँदा निजको नाममा यस बैंकमा रहेको निक्षेप रकम मध्ये आफ्नो हक बराबरको रकम मात्र भुक्तानी पाऊँ भनी खातामा इच्छाइएका व्यक्तीहरु मध्ये छोराहरु **लिलेश्वर प्रसाद प्रधान, लिलेन्द्र प्रसाद प्रधान, लिलेश प्रसाद प्रधान** (**छोरी अंजली प्रधान बाहेक**)**ले** यस विकास बैंकमा संयुक्त निवेदन दिनुभएको हुँदा उक्त हकदावी गरिएको निक्षेप रकम उपर निज निवेदकहरु वाहेक अग्र प्राथमिकतामा कोही कसैको हकदावी लाग्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र सबुत प्रमाण सहित हकदावी गर्नुहुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । अन्यथा निवेदन माग बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा
केन्द्रीय कार्यालयः
सनराईज बिज पार्क, डिल्लीबजार, काठमाडौं
फोन नं.: ०१-४५१३२३२, ४५१३२३४
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)

## ग्लोबल आइएमई बैंक लि.
### निक्षेपउपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

ग्लोबल आइएमई बैंकको गोलबजार शाखामा बचत खाता खोली कारोबार गर्दै आउनु भएकी राजकुमारी उरावनीको मिति २०८२/०७/१४ मा मृत्यु भएकोले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको श्रीमान बिजय नारायण उरावबाट मिति २०८२/१२/०२ मा निवेदन प्राप्त भएको छ । उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवालाको हकदारहरुले यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखामा हकदाबी गर्न आउनुहोला । सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि. सबैका लागि बैंक
गोलबजार शाखा
फोन नं. ०३३-५४०३९०
ग्लोबल कनेक्ट : ०१-५९७०६००

## कुमारी बैंक लिमिटेड शाखा कार्यालय नारायणगढको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८२/१२/११ गते आर्थिक दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय नारायणगढबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैतीस**) दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं । **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा सुचित गरीन्छ ।**

<u>तपसिल</u>

**१.क. ऋणीको विवरण**

१. कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७६/१०/१० मा दर्ता नं.२३३०३१/०७६/०७७ कायम भई दर्ता रहेको चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ०८ स्थित रजिष्टर्ड कार्यालय रहेको **पूजा बाख्रा फार्म तथा तेलहन प्रा.लि. ।**
**सञ्चालक - कृष्ण देवकोटा**

**व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

| | |
|---|---|
| १. **कृष्ण देवकोटा**<br>ना.प्र.नं.-११५/०४४/४५<br>जारी मिति -२०४६/०२/१५, जि.प्र.का. चितवन<br>बाबु - वृहस्पती देवकोटा<br>बाजे - मनिलाल देवकोटा<br>स्थायी ठेगाना- चितवन जिल्ला, गीतानगर गा.वि.स. वडा नं. ०९<br>हालको ठेगाना- चितवन जिल्ला, भरतपुर म.न.पा., वडा नं. ०९ | २. **विष्णु कुमारी पौडेल (देवकोटा)**<br>ना.प्र.नं.- १६५०/०३४/०३५,<br>जारी मिति -२०६१/०५/२०, जि.प्र.का. चितवन<br>बाबु - भागीरथ पौडेल<br>बाजे - रत्नाखर पौडेल<br>स्थायी ठेगाना- चितवन जिल्ला, भरतपुर उ.म.न.पा., वडा नं. ०९<br>हालको ठेगाना- चितवन जिल्ला, भरतपुर म.न.पा., वडा नं. ०९ |

**धितो सुरक्षणको विवरण**

१. **पूजा बाख्रा फार्म तथा तेलहन प्रा.लि.** को नाममा मालपोत कार्यालय, भरतपुर चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ७ (साविक कल्याणपुर गा.वि.स., वडा नं. ७/ख ) स्थित कित्ता नं. १६६३ को क्षे.फ. क्रमशः ०-०-१७.५-० (बि.क.धु.क) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापात ।
२. **कृष्ण देवकोटा**को नाममा मालपोत कार्यालय, भरतपुर चितवन मा दर्ता कायम रहेको चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ०९ (साविक भरतपुर म.न.पा/उ.म.न.पा वडा नं. ६/ख) स्थित कित्ता नं. ८९९ र १०६७ को क्षे.फ. क्रमशः ०-१-९ ३/४ र ०-१-१० (बि.क.धु) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापात ।
३. ऋणी **पूजा बाख्रा फार्म तथा तेलहन प्रा. लि.** को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोबाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक ।

| ख. ऋणीको विवरण | धितो सुरक्षणको विवरण |
|---|---|
| १. **कृष्ण देवकोटा**<br>ना.प्र.नं.-११५/०४४/४५<br>जारी मिति -२०४६/०२/१५, जि.प्र.का. चितवन<br>बाबु - वृहस्पती देवकोटा<br>बाजे - मनिलाल देवकोटा<br>स्थायी ठेगाना- चितवन जिल्ला, गीतानगर गा.वि.स. वडा नं. ०९<br>हालको ठेगाना- चितवन जिल्ला, भरतपुर म.न.पा., वडा नं. ०९ | १. **कृष्ण देवकोटा**को नाममा मालपोत कार्यालय, भरतपुर चितवन मा दर्ता कायम रहेको चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ०९ (साविक भरतपुर म.न.पा/उ.म.न.पा वडा नं. ६/ख) स्थित कित्ता नं. १३८३ र १३८५ को क्षे.फ. क्रमशः ०-०-७ र ०-०-१८ (वि.क.धु) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापात । |

| २. ऋणीको विवरण | धितो सुरक्षणको विवरण |
|---|---|
| १. **विकाश सिलवाल**<br>ना.प्र.नं.- ३८१६/०६०<br>जारी मिति -२०६०/०१/११ जि.प्र.का. चितवन<br>बाबु - रामजी सिलवाल<br>बाजे - नर बहादुर सिलवाल<br>स्थायी ठेगाना- चितवन जिल्ला, फुलबारी गा.वि.स., वडा नं.७<br>हालको ठेगाना- चितवन जिल्ला, भरतपुर म.न.पा., वडा नं. १५ | १. **विकास सिलवाल**को नाममा मालपोत कार्यालय, भरतपुर, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं.१५ (साबिक शिवनगर गा.वि.स. वडा नं. ३) स्थित कित्ता नं. २२५७ को क्षेत्रफलः १,३५४.५२ (व.मि.) जग्गा तथा सोमा निर्माण भएको घर र सोको सम्पुर्ण लिगलगापात । |

**व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

| | |
|---|---|
| १. **जमुना सिलवाल**<br>ना.प्र.नं.- ८०८<br>जारी मिति - २०४३/१०/०६ जि.प्र.का. चितवन<br>बाबु - प्रेम बहादुर थापा<br>बाजे - अभिमान सिंह थापा<br>स्थायी ठेगाना- चितवन जिल्ला, शिवनगर गा.वि.स., वडा नं.४<br>हालको ठेगाना- चितवन जिल्ला, भरतपुर म.न.पा.,वडा नं. १५<br>२. **रामजी सिलवाल**<br>ना.प्र.नं.- ८०९<br>जारी मिति - २०३९/०५/१७, जि.प्र.का. चितवन<br>बाबु -नर बहादुर सिलवाल<br>बाजे -बल बहादुर सिलवाल<br>स्थायी ठेगाना- चितवन जिल्ला, शिवनगर गा.वि.स., वडा नं.३<br>हालको ठेगाना- चितवन जिल्ला, भरतपुर म.न.पा.,वडा नं. १५ | ३. **सुनिता सिलवाल**<br>ना.प्र.नं.- ३५३०२४/९७<br>जारी मिति - २०६३/११/०२, जि.प्र.का. चितवन<br>बाबु - रुद्र बहादुर ढकाल<br>बाजे - दल बहादुर ढकाल<br>स्थायी ठेगाना- चितवन जिल्ला, फुलबारी गा.वि.स., वडा नं.७<br>हालको ठेगाना- चितवन जिल्ला, भरतपुर म.न.पा.,वडा नं. १५ |

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय नारायणगढ फोन नं.०५६-५९५२४१/४२**

## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय धनगढी, कैलालीको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मिति : २०८२/१२/११ गतेको आर्थिक राष्ट्रिय दैनिक
दोस्रो पटक प्रकाशित मिति : २०८०/०२/१८ गतेको कारोबार राष्ट्रिय दैनिक
प्रथम पटक प्रकाशित मिति : २०७९/०४/०८ गतेको कारोबार राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०७९/०२/१९ गतेको कारोबार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंकको आन्तरिक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन आव्हान गरि मिति २०७९/०४/०८ (प्रथम पटक) र मिति २०८०/०२/१८ (दोस्रो पटक) को कारोबार राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित भएकोमा उक्त सूचनामा तोकिएको मितिभित्र बैंकको नियमानुसार प्राप्त हुनुपर्नेमा कुनैपनी बोलपत्र प्राप्त हुन नआएकोले पुनः तेस्रो पटक यो सूचना प्रकाशित गरि इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणीको विवरण**

कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. ४ स्थित रजिष्टर्ड कार्यालय रही प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय धनगढी, कैलाली मिति २०७६/०८/०८ गतेमा प्रा.फ.र.नं. २७९१९/०७६/७७ (स्थानीय व्यापार) तथा आन्तरिक राजश्व कार्यालय कैलालीमा मिति २०७६/०९/०४ मा स्थायी लेखा नम्बर (PAN) ३०२४५३०६९ अन्तर्गत दर्ता कायम भएको **न्यु पाण्डेय ट्रेड एण्ड सप्लायर्स** ।

**व्यक्तिगत जमानीकर्ताको विवरण**

| | |
|---|---|
| १. बल कृष्ण पाण्डेयको नाति, बद्री प्रसाद पाण्डेयको छोरा, कंचनपुर जिल्ला, त्रिभुवनबस्ती गा.वि.स./न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. ५ बस्ने **जनक राज पाण्डेय** (ना.प्र.नं. ४५३/०३२/१, जारी मिति २०४४/१२/१८, जि.प्र.का. कंचनपुर) । | २. बद्री प्रसाद पाण्डेयको बुहारी, जनक राज पाण्डेयको पत्नी, कंचनपुर जिल्ला, त्रिभुवनबस्ती गा.वि.स./न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. ५ बस्ने **अम्बिका पाण्डेय** (ना.प्र.नं. ७५९२५९, जारी मिति २०५२/११/१७, जि.प्र.का. कंचनपुर) । |

३. बद्री प्रसाद पाण्डेयको नाति, जनक राज पाण्डेयको छोरा, कंचनपुर जिल्ला, कृष्णपुर गा.वि.स./न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. ५ बस्ने **सचिन पाण्डेय** (ना.प्र.नं. ७५१००३/२६६७१, जारी मिति २०७१/०६/२८, जि.प्र.का. कंचनपुर) ।

**धितोको विवरण**

१. अम्बिका पाण्डेय (ना.प्र.नं. ७५९२५९, जारी मिति २०५२/११/१७, जि.प्र.का. कंचनपुर) को नाममा दर्ता भई यस बैंकको पक्षमा धितो दृष्टिबन्धक लिखत पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. २ स्थित कि.नं. ३३४ को क्षेत्रफल ३२२ (व.मि.) बमोजिमको घरजग्गा र सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. जनक राज पाण्डेय (ना.प्र.नं. ४५३/०३२/१, जारी मिति २०४४/१२/१८, जि.प्र.का. कंचनपुर) को नाममा दर्ता भई यस बैंकको पक्षमा धितो दृष्टिबन्धक लिखत पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको कंचनपुर जिल्ला, त्रिभुवनबस्ती गा.वि.स./न.पा. वडा नं. ९ स्थित कि.नं. ५७०, ११८८ र ११९२ को क्षेत्रफल क्रमशः ३४५०, १०७७ र ४५५७ (वर्ग.मि.) बमोजिमको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
३. न्यु पाण्डेय ट्रेड एण्ड सप्लायर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

**शर्तहरु :**

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरुबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८२/१२/२५ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय धनगढी, कैलालीमा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/१२/२६ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय धनगढी, कैलालीमा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र बुझाउने अन्तिम दिनको भोलीपल्ट बोलपत्र खोलिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम नगदै वा अन्य वित्तिय माध्यम मार्फत तोकिएको खातामा जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको हात्तिसार, काठमाडौं स्थित केन्द्रिकृत कर्जा असुली विभाग तथा शाखा कार्यालय धनगढी, कैलालीमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

Siddhartha Bank
शाखा कार्यालय, धनगढी, कैलाली
फोन नं. ०९१-५२७४६३
Website: www.siddharthabank.com

# ग्लोबल आईएमई बैंक र तिलगंगा आँखा प्रतिष्ठानबीच सहकार्य

आर्थिक संवाददाता
काठमाडौं, चैत १०



ग्लोबल आईएमई बैंक लिमिटेड र तिलगंगा आँखा प्रतिष्ठानबीच आर्थिक रूपमा कमजोर, जेष्ठ नागरिक तथा विपन्न वर्गका नागरिकहरूमा मोतिबिन्दुको पहिचान गरी निःशुल्क शल्यक्रिया गर्नेसम्बन्धी समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भएको छ । बैंकको कर्पोरेट कार्यालय कमलादीमा मंगलबार आयोजित एक समारोहमा बैंकका अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल र तिलगंगा आँखा प्रतिष्ठानका संस्थापक तथा कार्यकारी निर्देशक प्रा. डा. सन्दुक रूइतको उपस्थितिमा उक्त समझदारी पत्रमा हस्ताक्षर भएको हो ।

समझदारी पत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मी र प्रतिष्ठानका प्रमुख कार्यकारी अधिकृत डा. रिता गुरूङले हस्ताक्षर गरेका हुन् । समझदारी अनुसार, तिलगंगा आँखा प्रतिष्ठानले ग्लोबल आईएमई बैंकको वित्तीय सहयोगमा सातै प्रदेशका सात स्थानमा आर्थिक रूपमा कमजोर, जेष्ठ नागरिक तथा विपन्न वर्गका नागरिकहरूको निःशुल्क रूपमा मोतिबिन्दुको पहिचान गरी शल्यक्रिया गर्ने छ ।

साथै, विद्यालयमा अध्ययनरत आर्थिक रूपमा कमजोर तथा विपन्न छात्र/छात्राहरूको आँखा परीक्षण गरी आवश्यकताअनुसार निःशुल्क रूपमा चस्मा वितरण गरिनेसमेत समझदारी भएको छ । हस्ताक्षर समारोहमा सम्बोधन गर्दै अध्यक्ष ढकालले ग्लोबल आईएमई बैंकले आफ्नो स्थापनाकालदेखि नै नाफाको एक हिस्सा समाजलाई फिर्ता गर्ने परम्परालाई निरन्तरता दिंदैआएको बताएका छन् । उनले भने, 'हामीले यो सामाजिक उत्तरदायित्वका कार्यक्रमहरूलाई सातै प्रदेशमा समानरूपमा पुर्‍याउने प्रयास गरेका छौं । किनकि हाम्रो विश्वास छ– हामी जहाँ व्यापार गर्छौं, जहाँबाट नाफा कमाउँछौं, त्यहीँ समाजप्रति हाम्रो सबैभन्दा ठूलो दायित्व पनि रहन्छ ।'

उनले बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत मुलुकका ७७ वटै जिल्लामा रहेका आफ्ना शाखा कार्यलयमार्फत शिक्षा, स्वास्थ्य, वातावरण, मानवीय सहायता, दिगो विकास लक्ष्य तथा बेलाबेलामा आइपर्ने विभिन्न दैविक प्रकोपहरूमा उद्धार तथा राहतमा विभिन्न कार्यक्रमहरू गर्दै आएको बताए ।

त्यसैगरी, तिलगंगा आँखा प्रतिष्ठानका संस्थापक तथा कार्यकारी निर्देशक प्रा.डा. रूइतले नेपाली बैंकसँगको सहकार्यमा अवसर र चुनौती दुवै रहेको बताउँदै ग्लोबल आईएमई बैंकसँगको सहकार्यलाई दिगो हुने गरी काम गर्ने बताए । उनले आफूहरूले कुनै पनि कार्यक्रममा पारदर्शिता र चुस्त व्यवस्थापनमा जोड दिने गरेको पनि उल्लेख गरे । बैंकका प्रमुख कार्यकारी अधिकृत रेग्मीले नेपालकै ठूलो बैंक र तिलगंगाजस्तो प्रतिष्ठित संस्थाबीचको सहकार्यले बैंकलाई सामाजिक उत्तरदायित्वको कार्यक्रम सञ्चालन गर्न उत्साह मिलेको बताउँदै यस सहकार्यलाई आगामि दिनमा थप विस्तार गर्दै लैजाने बताए । हस्ताक्षर समारोहमा बैंकका नायव प्रमुख कार्यकारी अधिकृत सुमन पोखरेल, बैंकका उच्च पदस्थ कर्मचारीलगायत प्रतिष्ठानका कर्मचारीहरूको उपस्थिति रहेको थियो । ग्लोबल आईएमई बैंक ख्यातिप्राप्त विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूबाट फरकफरक विधामा सम्मानित भएको छ । बैंकले बैंक अफ द इयर २०१४, बेस्ट इन्टरनेट बैंक २०१६, बेस्ट बैंक नेपाल २०२४ र २०२५, युरो मनी अवार्ड फर एक्सलेन्स २०२२, २०२४ र २०२५, बेस्ट बैंक ईएसजी नेपाल २०२४, बेस्ट इम्प्लोयर जस्ता प्रतिष्ठित अवार्डहरू प्राप्त गरिसकेको छ ।

ग्लोबल आईएमई बैंक मुलुकको ७७ वटै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकको तीन सय ५२ वटा शाखा कार्यालय, तीन सय ७९ वटा एटीएम काउन्टर, एक सय ४७ शाखारहित बैंकिङ सेवा, ६८ एक्सटेन्सन तथा राजस्व संकलन काउन्टर तथा तीन वटा वेदेशिक प्रतिनिधि कार्यालयसमेत गरी एक हजारभन्दा बढी सेवा केन्द्रबाट आफ्ना ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्दै आइरहेको छ । बैंकले नेपाली नागरिकहरूलाई बैंकिङ सेवाहरु प्रदान गर्नुका अतिरिक्त विश्वका विभिन्न देशहरूबाट रेमिट्यान्स सेवा पनि दिंदै आएको छ ।


## लुम्बिनी विकास बैंक लिमिटेडको तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्ने तथा धितो लिलाम बिक्री सम्बन्धी ७ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८२/१२/११ गतेको आर्थिक राष्ट्रिय दैनिक

यस लुम्बिनी विकास बैंक लिमिटेडका विभिन्न शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लिखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको यस विकास बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, तरताकेता गरिएको एवं राष्ट्रिय दैनिक पत्रिकामा बिभिन्न मितिमा सूचना प्रकाशित गर्दा समेत ऋणको साँवा ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई विकास बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले विकास बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी विकास बैंकको नियमानुसार लिलाम प्रकृया द्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले विकास बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु ८ (आठौं) दिन (बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउने/खोलिने हुँदा) तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, प्रोप्राईटर तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन । साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राईटर/सञ्चालक तथा सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि विकास बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी विकास बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत अनुरोध गरिएको छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको विवरण | |
|---|---|---|
| १. | **नाम : शुशिला चौधरी**<br>पतिको नाम : इन्द्रराज चौधरी, ससुराको नाम : कमान सिंह चौधरी<br>ठेगाना : पदमपुर - ७, चितवन<br>ना.प्र.नं. : ३५-०१-७१-००९१०, जि.प्र.का. चितवन, जारी मिति : २०७१/०१/३०<br>**शाखा कार्यालय : ठमेल** | |
| | **व्यक्तिगत जमानत दिनेको विवरण** | |
| | **१. नाम : इन्द्रराज चौधरी**<br>बाबुको नाम : कमान सिह चौधरी<br>बाजेको नाम : बुसाही महतो<br>ठेगाना : पदमपुर - ७, चितवन<br>ना.प्र.नं. : ३३७६२<br>जि.प्र.का. चितवन<br>जारी मिति : २०६३/०८/२० | **२. नाम : ओमकार महतो**<br>बाबुको नाम : राजमनि महतो<br>बाजेको नाम : मगरा महतो<br>ठेगाना : शुक्रनगर २, चितवन<br>ना.प्र.नं. : ३५३०३८/४५५<br>जि.प्र.का. चितवन<br>जारी मिति : २०६३/१०/१४ |
| | **धितोको विवरण** | |
| | शुशिला चौधरीको नाममा मालपोत कार्यालय काठमाडौंमा दर्ता रहेको गोलढुङ्ग - ४ ग, काठमाडौं हाल तारकेश्वर - ५, काठमाडौं स्थित कि.नं. ३२८ को क्षेत्रफल ०-१०-३-० को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | |

**नोट :** बोलपत्र आवेदन फारम यस बैंकको शाखा कार्यालयहरुबाट रु ५००/-(पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ । लिलाम बिक्री सम्बन्धी सम्पूर्ण शर्त तथा बन्देजहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछन ।

**पुनश्च :**

- उल्लिखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा विकास बैंक आफैंले सकार गर्दा साविकमा विकास बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा विकास बैंक आफैंले सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनु हुने छैन ।
- समितिबाट लिलाम बिक्री सदर भएपछि सम्बन्धित विभाग/शाखाले बोलपत्र स्वीकृत भएको बोलपत्रदातालाई बाँकी रकम जम्मा गर्नको लागि बढिमा ३० दिनको समय दिईनेछ ।
- ऋणीले धितो दिएका फरक फरक सम्पत्तिहरु एकै पटक लिलामीमा निकाल्दा केही सम्पत्तिहरु खरिदको लागि मात्र बोलपत्र पेश भएमा विकास बैंकको हितलाई ध्यानमा राखी ती बोलपत्रहरु स्वीकृत गर्न सकिनेछ ।
- बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको १२:०० बजेसम्म बोलपत्र पेश गर्न सकिने छ । साथै बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको ३.०० बजे प्रतिनिधिहरुको उपस्थितिमा बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति र समय :**
**२०८२ चैत्र १७ गते मंगलबार कार्यालय समय सम्म ।**
**बोलपत्र खोलिने मिति र समय : २०८२ चैत्र १८ गते बुधबार ३:०० बजे ।**
**बोलपत्र खोलिने स्थान : लुम्बिनी विकास बैंक लिमिटेडको, सम्बन्धित शाखा कार्यालय**

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)

**केन्द्रीय कार्यालय: सनराईज विजपार्क, डिल्लीबजार, काठमाण्डौं**
**फोन नं. ०१-४५१३२३२, ४५१३२३४, ४५२१६९६,**
**फ्याक्स नं. ०१-४५१३५२६**


# सिटिजन्स बैंकद्वारा सातवटै प्रदेशमा वित्तीय साक्षरता




आर्थिक संवाददाता
काठमाडौं, चैत १०

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सातवटै प्रदेशमा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरेको छ । बैंकले देशभर रहेका आफ्ना एक सय आठवटा शाखा कार्यालयहरूबाट विभिन्न वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरेर 'स्मार्ट मनि टक्स २०२६' भन्ने मूल नाराका साथ गत चैत २ देखि ८ गतेसम्म सञ्चालन भएको ग्लोबल मनि विक २०२६ मा हजारौँ सर्वसाधारण लक्षित वर्गलाई वित्तीय ज्ञान प्रदान गरेर सम्पन्न गरेको छ । यस ग्लोबल मनि विकबाट करिब छ हजार मानिस लाभान्वित भएको बैंकले जानकारी दिएको छ ।

ग्लोबल मनि विकअन्तर्गत बैंकले कोशी प्रदेशको बनिगामा, बिर्तामोड, दित्तेल, इटहरी, गाईघाट, इनरूवा, लौकाही, दुहबी, हरिनगर, दमक, पथरी, हल्दिबारी, कञ्चनबारी २, डाँगीहाट र विराटनगर, मधेश प्रदेशको कञ्चनरूप, लोहरपट्टी, पथलैया, बर्दिबास, फतेपुर, वीरगञ्ज, महेन्द्रनगर (धनुषा), पाटो, औरही, गौशाला, धनुषाधाम, गरूडा, कल्याणपुर, लाहान, निजगढ, रामगोपालपुर, बोदेबरसाइन, र राजविराज, बागमती प्रदेशको चरिकोट, कुलेश्वर, कलंकी, ग्वार्को, बनेपा, नारायणघाट, सिनामंगल, मंगलपुर, धार्के, हेटौडा, नयाँ बानेश्वर, सिन्धुली, देवीघाट, पानीपोखरी, भैंसेपाटी, धुम्बाराही, ठसिखेल, हरिहरपुरगढी, इमाडोल, ज्यामिरे, काडाघारी, कुपण्डोल, कोटेश्वर, मनहरी, डिल्लीबजार, टोखा र थापाथली, गण्डकी प्रदेशको भोटेओडार, चामे, कावासोती, धारापानी, कोल्हुवा, बिरौटा,पोखरा, बागलुङ, अमरापुरी, अरूणखोला र दमौली, लुम्बिनी प्रदेशको जिमिरेभर, रामापुर, ओडारी, बढैयाताल, बेलाटारी, भालुही, महेशपुर, परासी, सिद्धार्थनगर, कोहलपुर, शीतलनगर, घोराही, गुलरिया, भुताहा, इमिलिया, झिमरूख, लमही, मुरगिया, तौलिहवा, तुलसीपुर, सिमलचौर, बंगलाचुली, सुनवल, रानीबगिया, भुमही र जितपुर, कर्णाली प्रदेशको जुफाल, सिमीकोट, दुल्लु, जुम्ला, डोल्पा, गमगढी, सुर्खेत र नाम्खामा तथा सुदूरपश्चिम प्रदेशको अत्तरिया, ढकारी र बझाङमा विभिन्न वित्तिय साक्षरताका कार्यक्रमको आयोजना गरी वित्तीय ज्ञान प्रदान गर्ने कार्य गरेको छ । यस कार्यक्रममा उपस्थित युवा तथा विद्यार्थीवर्गमा वित्तीय साक्षरताको आवश्यकता र महत्वको बारेमा विस्तृत प्रकाश पारिएको छ । यससँगै वित्तीय साक्षरताको अवस्था र विद्युतीय बैंकिङ्को विकाससँगै बढेको अपराध र जोखिमको बारेमा समेत जानकारी गराइएको थियो । नगद कारोबार, लेनदेन तथा विप्रेषण जस्ता वित्तीय कारोबार गर्ने क्रममा बैंकिङ् प्रणालीकै प्रयोग गर्नसमेत उक्त कार्यक्रमबाट आग्रह गरिएको छ । यसबाट बैंकिङ् प्रणाली मजबुत हुने साथसाथै युवा र विद्यार्थीमा वित्तीय ज्ञानको विकास हुने विश्वास बैंकले लिएको छ ।

'विश्वकै प्रतिष्ठित अवार्ड बैंक अफ द इयर २०२४ र २०२५ को उपाधि प्राप्त गर्न सफल भएको बैंकले यस अघि नै फोनपेसँगको सहकार्यमा नेपालमै पहिलो पटक 'सिटिजन्स फोनपे क्रेडिट कार्ड' भर्चुअल क्रेडिट कार्ड सञ्चालनमा ल्याएको छ । हालसालै बैंकले नवयुवा लक्षित बचत खाता सिटिजन्स जेन-जी सेभिङ् अकाउन्ट' र 'सिटिजन्स डिजी बैंक सेवा' नामक एकीकृत अनलाइन प्लेटफर्म सञ्चालनमा ल्याएको छ । फ्रिलान्सरहरूलाई लक्षित गरी विशेष 'फ्रिलान्सर सेविङ्ज अकाउन्ट' नामक नयाँ बचत खाता सुरू गरेको छ साथै नेपालमै पहिलोपटक मोबाइल बैंकिङ एपमार्फत नै सेयर आवेदन र सीआरएन नम्बर सेवा लिन सकिने सुविधालगायत क्रस बैंक टेलर सुविधा जसमा अन्य बैंकका ग्राहकले सिटिजन्स बैंकको शाखाबाट टेलर क्यूआर स्क्यान गरी नगद प्राप्त गर्न सकिनेसमेत ल्याएको छ ।

बैंकले देशैभरी ६१ जिल्लामा फैलिएका आफ्ना दुई सयवटा शाखा, एक सय ६९ वटा एटीएम, तीनवटा विस्तारित काउन्टर र ४२ वटा शाखारहित बैंकिङ् इकाइहरूबाट २० लाख दुई हजार ग्राहकवर्गलाई आधुनिक बैंकिङ् सेवाहरू प्रदान गर्दै आएको छ ।


## Nepal Electricity Authority

## Invitation for Electronic Bids

(Date of publication 25th March, 2026 (11/12/2082))

| Name of Office | Tender No./Types of Bidding | Description of Works/Jobs |
|---|---|---|
| Grid Operation Department, Minbhawan, Kathmandu. (Tel No : 4106919) | GOD/2082/083-09 | Supply, Delivery, Installation, Testing & Commissioning of 132kV Line Bays at Kamane and Dhalkebar Substations |
| Duhabi Grid Division (Tel No.: 025-542233) | NEA- DGD/2082/083-02 | Tower Protection Works of Tower No. 82 (132 KV Kabeli Corridor Transmission Line, Damak-Godak Section) Ilam Municipality -11, Belase, Ilam |
| | NEA- DGD/2082/083-03 | Drainage System Upgradation and Yard Construction Works at 132 KV Duhabi S/S, Duhabi, Sunsari. |
| | NEA- DGD/2082/083-04 | Godown Construction Works at 132 KV Duhabi S/S, Duhabi, Sunsari . |
| Sunkoshi Hydropower Station, Lamosanghu, Sindhupalchowk (Tel No :011-482080) | NEA-SHPS-2082/83-MT-03 | Repair of Francis Turbine Parts of Unit-1 of SHPS |
| | NEA-SHPS-2082/83-EMQ-01 | Supply, Delivery, Installation, Testing and Commissioning of Rotary Screw Compressor and Submersible Sewage Pump at SHPS |
| Marsyangdi Hydropower Station, AnbooKhaireni,Tanahu (Tel No : 065-540077) | NEA-MHPS-2082/83-MT-03 | Supply and Delivery of Motorized Fiberglass Reinforced Plastic Boat at MHPS |
| Building and Physical Infrastructure Construction Project, Lazimpat (Tel No.01-4437665) | NEA/BPICP/NCB/WORKS-01/2082/83 | Construction of Office Building of Rajapur Distribution and Consumer Services at Bardia |
| Pokhara Distribution Centre (Tel.No. 061-570321) | NEA-PDC-2082/083-08 (SQ) | Concreting of the pathway between Transformer workshop and Pokhara DCS Gate |

Please visit official website of PPMO **(www.bolpatra.gov.np/egp)** for more details.


# एभरेस्ट बैंकको वित्तीय सचेतना कार्यक्रम




आर्थिक संवाददाता
काठमाडौं, चैत १०

नेपाल राष्ट्र बैंकको संयोजनमा विगत वर्षहरूजस्तै यस वर्ष पनि एभरेस्ट बैंकले यही चैत २ गतेदेखि चैत आठ गतेसम्म ग्लोबल मनि विक २०२६ को अवसरमा सप्ताहव्यापी रूपमा देशभर वित्तीय साक्षरता कार्यक्रमहरु सम्पन्न गरेको छ ।

बैंकका अनुसार कार्यक्रम अन्तर्गत बैंकले आफ्ना सात वटै प्रदेशका शाखाहरूमार्फत विभिन्न विद्यालय तथा क्याम्पसहरूमा वित्तीय साक्षरता कार्यक्रम आयोजना गरी तीन हजार भन्दा बढी विद्यार्थीहरूमाझ वित्तीय साक्षरताको सन्देश प्रवाह गर्न सफल भएको छ । साथै, उक्त कार्यक्रममा केही विद्यार्थीहरूलाई बैंकको शाखा नै अवलोकन गराइ बैंकले प्रदान गर्ने सेवाहरूबारे व्यावहारिक जानकारीसमेत गराइएको छ ।

'स्मार्ट मनि टक्स' भन्ने नाराका साथ सञ्चालन गरिएका यी कार्यक्रमहरूमा युवाहरूलाई वित्तीय ज्ञान, सीप, मनोवृत्ति, वित्तीय समावेशीकरण, सुरक्षित डिजिटल कारोबारका साथै बैंकहरूले दिने सेवा र त्यसमा अपनाउनुपर्ने सावधानीजस्ता महत्वपूर्ण विषयहरूमा समेत सचेत गराइएको थियो ।

एभरेस्ट बैंकका हालसम्म करिब १४ लाखभन्दा बढी ग्राहकहरु रहेका छन् भने देशभर एक सय ३३ वटा शाखा सञ्जाल, चारवटा एक्सटेन्सन काउन्टर, सातवटा प्रादेशिक कार्यालयहरु र एक सय ६३ वटा एटीएम सञ्चालनमा छन् । विश्वव्यापी नेटवर्कमार्फत अत्याधुनिक मोबाइल, इन्टरनेट र एसएमएस बैंकिङ सुविधा प्रदान गर्दै आइरहेको यस बैंकले नेपाल सरकारको राजस्व संकलनका लागि ३३ वटा संकलन केन्द्रबाट समेत सेवा दिंदै आइरहेको छ ।

# बैंक तथा फाईनान्स कम्पनीहरुको चालु आर्थिक बर्षको दोस्रो त्रैमासमा नाफा र निष्क्रिय कर्जाको अवस्था (रकम रु हजारमा, निष्क्रिय कर्जा प्रतिशतमा)

वाणिज्य बैंकतर्फ

बैंकहरुको नाफा र खराब कर्जाको अवस्था (रकम रु हजारमा, खराब कर्जा (एनपिएल) प्रतिशतमा)

| क्र.स | वाणिज्य बैंकको नाम | दोस्रो त्रैमाससम्म | | | |
|---|---|---|---|---|---|
| | | २०८२/०८३ | | २०८१/०८२ | |
| | | खुद नाफा | एनपिएल | खुद नाफा | एनपिएल |
| १ | नबिल बैंक | ४७५९६४१ | ४.२५ | ३२४४२७७ | ४.९३ |
| २ | ग्लोवल आईएमई बैंक | ३२५२११७ | ४.९१ | ३०५३४८९ | ४.८६ |
| ३ | स्टान्र्डड चार्टड बैंक | ८२४२३२ | १.८८ | १०८२० ०७ | १.७१ |
| ४ | सिटिजन्स बैंक | ३५८८५८.६२ | ६.८६ | ६६१८२८.६१ | ४.८५ |
| ५ | हिमालयन बैंक | १२९२६८१.९१ | ७.९६ | १५१८७७०.०७ | ४.९८ |
| ६ | प्रभु बैंक | १०१४४५७ | २.७१ | १३३६१३८ | ०.६२ |
| ७ | कृषि बिकास बैंक | ७०७४२६.५८ | ४.६५ | ९५७५४९.६७ | ४.९० |
| ८ | कुमारी बैंक | २७२००८५.५८ | ६.९२ | २७५७३० | ६.९६ |
| ९ | नेपाल बैंक | १३०४८५२.९२ | ५.३४ | ४६१०१७.६४ | ४.९९ |
| १० | माछापुच्छ्रे बैंक | १०१११७३.४६ | ४.२५ | ८०७३२७.२३ | ४.५४ |
| ११ | सिद्धार्थ बैंक | १३२६६५३.२४ | ३.४५ | ५३०२२९.४७ | ४.५० |
| १२ | लक्ष्मी सनराईज बैंक | -२७६३१५ | ५.५० | ११६२०७६ | ५.६७ |
| १३ | एनआईसी एशिया बैंक | १३१११९१.६७ | १.५७ | १५१७३०.२९ | १.४७ |
| १४ | एनएमबी बैंक | १०४८६१३ | ४.५६ | २००३५४० | ३.९६ |
| १५ | प्राईम कर्मसियल बैंक | २०४३३७८.२९ | ६.३८ | १८६९९५०.३५ | ४.९६ |
| १६ | राष्ट्रिय बाँणिज्य बैंक | १७७०५०६.५७ | ४.३६ | ७६३०३३.४८ | ४.९६ |
| १७ | एभरेष्ट बैंक | २११७११६ | ०.६८ | २०७४७६३ | ०.६६ |
| १८ | नेपाल इन्भेष्टमेन्ट मेगा बैंक | १६१३०३४ | ७.९० | २८३२३२६ | ५.८६ |
| १९ | सानिमा बैंक | १३९१०७५.७२ | १.३३ | ११९२३११.२८ | १.५१ |
| २० | नेपाल एसबिआई बैंक | १०३१३४२.९१ | २.६४ | ९००२८१.०५ | ३.५५ |

(श्रोत: सम्वन्धीत बैंकको चालु आवको दोस्रो त्रैमासिक अपरिष्कृत वित्तीय विवरण)

बिकास बैंकतर्फ

| क्र.स | बिकास बैंकको नाम | दोस्रो त्रैमाससम्म | | | |
|---|---|---|---|---|---|
| | | २०८२/०८३ | | २०८१/०८२ | |
| | | खुद नाफा | एनपिएल | खुद नाफा | एनपिएल |
| १ | कामना सेवा बिकास बैंक | ३९४५५०.५६ | ४.१० | ३२२४९३.२१ | ४.३५ |
| २ | मितेरी डेभलपमेन्ट बैंक | ५७००५.६३ | ०.४४ | २५८८१.७४ | १.७४ |
| ३ | साँग्रिला डेभलपमेन्ट बैंक | ३०२५९७.८३ | ६.८७ | १९६५६१.३० | ४.९९ |
| ४ | लुम्बिनी बिकास बैंक | २८५३७७.३० | ६.७८ | १४७६१८.९९ | ४.६८ |
| ५ | सिन्धु बिकास बैंक | -१५४६८.१२ | ६.३९ | ४८७०४.१२ | ९.०६ |
| ६ | मुक्तिनाथ बिकास बैंक | ६७२०४० | ३.७५ | ५०३१२२ | ३.९८ |
| ७ | ग्रीन डेभलपमेन्ट बैंक | ११००२.८९ | ४.२० | ८७२९.३८ | ४.८८ |
| ८ | गरिमा बिकास बैंक | ६३५१३०.८० | ४.७८ | ५४९२६६.३० | ४.७२ |
| ९ | महालक्ष्मी बिकास बैंक | ३०५९३१.०९ | ६.१० | २८७४९९.९३ | ४.९३ |
| १० | कर्पोरेट डेभलपमेन्ट बैंक | १४९४२.२२ | ९.७९ | १०७३९.५५ | ७.५३ |
| ११ | शाईन रेसुंगा डेभलपमेन्ट बैंक | ४०४२८०.५१ | ४.७५ | ३३०८५६.५६ | ४.४० |
| १२ | ज्योति बिकास बैंक | ३११२७१.४० | ७.८२ | २५०१३२.०४ | ४.९८ |
| १३ | नारायणी डेभलपमेन्ट बैंक | -४७३४७.८० | ५७.४८ | -५२१३.०९ | ४३.६९ |
| १४ | सप्तकोशी डेभलपमेन्ट बैंक | २६८२०.०१ | ८.२९ | -२९९१७.७९ | ११.४२ |
| १५ | सालपा बिकास बैंक | -१०४०१.२० | ४.९२ | -१३९२.९७ | ५.७१ |

(श्रोत: सम्वन्धीत बिकास बैंकको चालु आवको दोस्रो त्रैमासिक अपरिष्कृत वित्तीय विवरण)

फाइनान्सतर्फ

| क्र.स | फाइनान्सको नाम | दोस्रो त्रैमाससम्म | | | |
|---|---|---|---|---|---|
| | | २०८२/०८३ | | २०८१/०८२ | |
| | | खुद नाफा | एनपिएल | खुद नाफा | एनपिएल |
| १ | मञ्जुश्री फाईनान्स | १३५३७८.५३ | ३.६४ | ११७०७९.५५ | ३.८६ |
| २ | बेष्ट फाईनान्स | १७४८५.६२ | १३.८७ | -१७२६२.७६ | ३.८६ |
| ३ | सेन्ट्रल फाईनान्स | ३९१९१.३० | १४.१८ | ३४९०.२३ | ११.९४ |
| ४ | गुडविल फाईनान्स | ११७०८.६२ | ६.७० | १०४८९.७४ | ६.७७ |
| ५ | गोर्खाज फाईनान्स | ६१६५७.३२ | ३.७८ | -२५९८.६९ | ३.०६ |
| ६ | गुहेश्वरी मर्चेन्ट फाईनान्स | १६८४८ | ६.९४ | -२१८८१ | ८.१८ |
| ७ | आईसीएफसी फाईनान्स | ३२०३०.१५ | ३.५१ | १०९१३२.३६ | ३.०७ |
| ८ | मल्टीपर्पस फाईनान्स | ७८३४.७३ | ८.३० | १२३८९.९९ | ५.४५ |
| ९ | नेपाल फाईनान्स | -८७३४९.३९ | १६.७३ | २०५०४.०३ | १०.४६ |
| १० | पोखरा फाईनान्स | २९५०५.३८ | ७.०७ | -६३७९६४.३२ | १०.५९ |
| ११ | रिलायन्स फाईनान्स | १७२३ | ९.०९ | -११९७३ | १४.३१ |
| १२ | समृद्धि फाईनान्स | ११६९.६० | ८.१७ | -६२८२१.६० | १९.३४ |
| १३ | श्री इन्भेष्टमेन्ट फाईनान्स | १२१६३.५४ | ३.८३ | १४१६०.३६ | ३.७१ |
| १४ | प्रोग्रेसिभ फाईनान्स | -२९२५१.९६ | ७.३९ | ८५३५०.६४ | ५.५७ |
| १५ | जानकी फाईनान्स | -२२३८३.५३ | ५५.२६ | -१६०५०९.५१ | ४०.८८ |

(श्रोत: सम्वन्धीत फाईनान्सको चालु आवको दोस्रो त्रैमासिक अपरिष्कृत वित्तीय विवरण)

लघुवित्त वित्तीय संस्थातर्फ

| क्र.स | लघुवित्त वित्तीय संस्थाको नाम | दोस्रो त्रैमास | | | |
|---|---|---|---|---|---|
| | | २०८२/०८३ | | २०८१/०८२ | |
| | | खुद नाफा | एनपिएल | खुद नाफा | एनपिएल |
| १ | आरएसडिसी लघुवित्त संस्था | ७६६७२.४७ | २.८४ | ४४१८२.०१ | २.७१ |
| २ | गुराँस लघुवित्त संस्था | २६६२०.४५ | ३.१३ | १५४६३.०९ | २.७८ |
| ३ | एनआईसी एशिया लघुवित्त | १८८१४.५६ | १७.३८ | ४२१४.०३ | १३.३७ |
| ४ | फर्ष्ट माईक्रो फाईनान्स | ७०४१६.२० | ४.५२ | ५२३००.८२ | ४.४४ |
| ५ | सर्पोट लघुवित्त संस्था | ३१७५५.७९ | ३.१७ | १५५०३.५६ | १.७४ |
| ६ | साना किसान बिकास लघुवित्त | ३८०९५५.८८ | ४ | ५१७७५५.४० | २.२७ |
| ७ | हिमालयन लघुवित्त वित्तीय संस्था | ४४७४२.७३ | ८.५८ | २६०६३.९१ | ५.६२ |
| ८ | स्वरोजगार लघुवित्त संस्था | १२७४९५.५५ | ७.५५ | ८८००१.०२ | ५.०४ |
| ९ | मेरो माईक्रो फाईनान्स लघुवित्त | ९८५१२.१६ | १९.५४ | ७९५५३.८७ | ७.७८ |
| १० | आरम्भ चौतारी लघुवित्त संस्था | ५९७८४.०२ | ५.२० | ३२६५४.७१ | २.९१ |
| ११ | आशा लघुवित्त वित्तीय संस्था | १२५५७४.०९ | १०.१५ | २३६२४.३२ | ४.९२ |
| १२ | स्वालम्वन लघुवित्त वित्तीय संस्था | १७२६२९.२४ | ११.७७ | ८०७२०.४८ | ८.२८ |
| १३ | समता घरेलु लघुवित्त संस्था | ५६३६.४५ | १३.३२ | -१५६८३.७७ | ७.८३ |
| १४ | डिप्रोक्स लघुवित्त वित्तीय संस्था | ४४२९१०.६४ | ८.४३ | २४५६५२.१४ | ६.०९ |
| १५ | सिवाईसी नेपाल लघुवित्त संस्था | ३७२८९.६९ | १८.४८ | ४३१६२.०७ | ४.३५ |
| १६ | छिमेक लघुवित्त वित्तीय संस्था | ५७६०९६.५० | २.४५ | ५११८३८.९८ | २.७२ |
| १७ | कालिका लघुवित्त वित्तीय संस्था | ५८४९९.४३ | ११.४२ | ४२१५५.१८ | ४.६७ |
| १८ | ग्लोवल आईएमई लघुवित्त संस्था | १०५९०५.६० | ८.९६ | ११८३३९.९३ | ४.५७ |
| १९ | उन्नती सहकार्य लघुवित्त संस्था | २१०३८.५६ | ९.८६ | ६३८३.२२ | ४.८३ |
| २० | स्वाभिमान लघुवित्त संस्था | २९२४२.७९ | ४.९५ | २०३३१.९६ | ३.४२ |
| २१ | नेरूडे मिर्मिरे लघुवित्त संस्था | ७८१५०.५१ | २५.७५ | -६२७०८.६० | ८.४७ |
| २२ | अभियान लघुवित्त संस्था | ७७३६०.०५ | ४.१५ | ३७८६.९२ | ४.१४ |
| २३ | एनएमबी लघुवित्त वित्तीय संस्था | ३४८९१.७४ | ४.८३ | ११८१५.४८ | ५.९६ |
| २४ | इन्फिनिटी लघुवित्त वित्तीय संस्था | ५९८६६.११ | १७.८५ | -९४६२२.३८ | ९.८५ |
| २५ | नेष्डो समृद्ध लघुवित्त संस्था | ९३२१६.०६ | २१.६० | -१३५१८७.४४ | २०.९५ |
| २६ | युनिक नेपाल लघुवित्त संस्था | ४६२९१.०९ | १८.३८ | २७४१०.७१ | १९.२५ |
| २७ | मिथिला लघुवित्त वित्तीय संस्था | ५२८७१.७२ | ८.३९ | ३७१०५.७७ | ४.८५ |
| २८ | जीवन बिकास लघुवित्त संस्था | ३८९०३७.४७ | ५.९८ | २०५४४२.६० | ४.५६ |
| २९ | मानुषी लघुवित्त वित्तीय संस्था | ८८६८.३९ | ५.९७ | ९८६.१९ | ५.४८ |
| ३० | उपकार लघुवित्त वित्तीय संस्था | १४३५९.६७ | ६.१९ | १६१७५.७२ | ४.१२ |
| ३१ | महुली लघुवित्त वित्तीय संस्था | ७००२०.८६ | ८.८० | ८९५९.८० | ४.८९ |
| ३२ | धौलागिरी लघुवित्त वित्तीय संस्था | १२२३१.४८ | ९.८३ | २०८१.१२ | ५.५० |
| ३३ | जनउत्थान लघुवित्त वित्तीय संस्था | १००३२.५८ | ९.१५ | -२१५८०.०३ | ५.८४ |
| ३४ | फरवार्ड माईक्रो फाईनान्स | १९१२३५.४२ | ८.९२ | ८८५२.५१ | ५.३५ |
| ३५ | नेशनल लघुवित्त वित्तीय संस्था | ३६६६९७ | ४.८१ | २१५२९१ | ३.०४ |
| ३६ | बिजय लघुवित्त वित्तीय संस्था | -१६७३.४७ | १९.३७ | ७०४५५.९० | ८.३५ |
| ३७ | लक्ष्मी लघुवित्त वित्तीय संस्था | ३३८१५.२२ | १३.०४ | १७५९१.३४ | ८.४७ |
| ३८ | निर्धन उत्थान लघुवित्त संस्था | १९७३८.१४ | १४.१२ | १३६०२०.३१ | ९.४० |
| ३९ | गणपति लघुवित्त वित्तीय संस्था | -३५६९.४६ | १४.३७ | १२३५०.११ | ४.१३ |
| ४० | ग्रामिण बिकास लघुवित्त संस्था | २१९९०६.८७ | ४.७६ | १३९३६३.६५ | ४.१५ |

(श्रोत: सम्बन्धित लघुवित्त वित्तीय संस्थाको गत आवको दोस्रो त्रैमासिक अपरिष्कृत वित्तीय विवरण)

# बैंक तथा फाईनान्सहरुको चालु आवको पहिलो त्रैमासिक नाफा र निष्क्रिय कर्जा

वाणिज्य बैंकतर्फ

बैकहरुको नाफा र निष्क्रिय कर्जाको अवस्था (रकम रु हजारमा, खराब कर्जा (एनपिएल) प्रतिशतमा)

| क्र.स | वाणिज्य बैंकको नाम | पहिलो त्रैमास | | | |
|---|---|---|---|---|---|
| | | २०८२/०८३ | | २०८१/०८२ | |
| | | खुद नाफा | एनपिएल | खुद नाफा | एनपिएल |
| १ | नबिल बैंक | १७५६९९१ | ०.९७ | २०५६५९० | १.४२ |
| २ | कुमारी बैंक | १०५६५३१.१६ | ६.९८ | १०७८१७७.७८ | ४.९६ |
| ३ | एनएमबी बैंक | ९१५९८३ | ४.५८ | ११४५६०३ | ३.६३ |
| ४ | सिद्धार्थ बैंक | ३२४०९१.३६ | ३.८० | ३८२०८४.७४ | ३.९१ |
| ५ | स्टान्र्डड चार्टड बैंक | ६९२१६९ | १.७१ | ५६२२०१ | १.९५ |
| ६ | प्रभु बैंक | ५५८४८३ | ५.७८ | १०४०६५७ | ४.९४ |
| ७ | सानिमा बैंक | ४५४७१८.१५ | १.५८ | ३९९५३०.४९ | १.३८ |
| ८ | राष्ट्रिय बाँणिज्य बैंक | ५९८७३३.३० | ३.८३ | १५१३०२.९२ | ४.२३ |
| ९ | नेपाल बैंक | ५८८२८७.४९ | ५.४९ | ६०२१९८.३० | ३.९५ |
| १० | माछापुच्छ्रे बैंक | ४१७९५६.३४ | ४.१३ | ५०३२६३.२९ | ३.१५ |
| ११ | सिटिजन्स बैंक | -२२०४११.१७ | ६.८४ | १९८२२०.९३ | ५.४१ |
| १२ | ग्लोवल आईएमई बैंक | १८५८६५० | ४.९८ | १५१२१४० | ४.६७ |
| १३ | प्राईम कर्मसियल बैंक | १२५८४३०.०७ | ५.८६ | १२८६७८७.१९ | ४.८६ |
| १४ | हिमालयन बैंक | ७०२८९४.९७ | ७.३९ | ७२६४३२.७३ | ४.९८ |
| १५ | एनआईसी एशिया बैंक | १२२१६०.९८ | १.७४ | ११०५२६.६९ | २.०८ |
| १६ | नेपाल एसबिआई बैंक | ५०१५६५.२० | ३.०१ | ८१४६५१.१९ | १.८४ |
| १७ | एभरेष्ट बैंक | ११७९२७४ | ०.७४ | ११२७७४० | ०.७७ |
| १८ | नेपाल इन्भेष्टमेन्ट मेगा बैंक | ४५०५० | १.४६ | १४६४०७५ | १.९८ |
| १९ | लक्ष्मी सनराईज बैंक | ३३२३३१ | ५.४२ | ५३६३५९ | ५.४४ |
| २० | कृषि बिकास बैंक | ५७३८.८८ | ४.७८ | १९०९२३.०३ | ४.७८ |
| | कुल | १३१४८६५६ | | १६१८८६५९ | |

(श्रोत: सम्वन्धीत बैंकको चालु आवको पहिलो त्रैमासिक अपरिष्कृत वित्तीय विवरण)

बिकास बैंकतर्फ

| क्र.स | बिकास बैंकको नाम | पहिलो त्रैमास | | | |
|---|---|---|---|---|---|
| | | २०८२/०८३ | | २०८१/०८२ | |
| | | खुद नाफा | एनपिएल | खुद नाफा | एनपिएल |
| १ | कामना सेवा बिकास बैंक | १९७५८४.१३ | ४.४१ | १७४९७९.२९ | ३.९६ |
| २ | मितेरी डेभलपमेन्ट बैंक | २५२२३.२६ | ०.५५ | ७३६१.९६ | १.८० |
| ३ | साँग्रिला डेभलपमेन्ट बैंक | ८८२११.२८ | ६.८६ | ६०१७९.३२ | ४.६५ |
| ४ | लुम्बिनी बिकास बैंक | -३४८५७७.७० | ७.७८ | २०१९८५.९७ | ३.६९ |
| ५ | सिन्धु बिकास बैंक | -४४५९७.७० | ८.८४ | २३०५८.७१ | ११.२९ |
| ६ | मुक्तिनाथ बिकास बैंक | २२४७७४ | ४.०३ | २८१८१९ | ३.१६ |
| ७ | ग्रीन डेभलपमेन्ट बैंक | -३०१५६.६४ | ४.९३ | -११६७२.६८ | ४.७३ |
| ८ | गरिमा बिकास बैंक | २५०९७५.१८ | ४.७३ | २२५७४३.९८ | ३.८२ |
| ९ | महालक्ष्मी बिकास बैंक | ९७५१२.४३ | ५.५० | ९४२८९.०७ | ४.९० |
| १० | कर्पोरेट डेभलपमेन्ट बैंक | २९१४.५३ | ११.७७ | २१६८.८२ | ४.९५ |
| ११ | शाईन रेसुंगा डेभलपमेन्ट बैंक | २०३०४१.९१ | ४.६१ | २३९३६३.८६ | ३.५० |
| १२ | ज्योति बिकास बैंक | ७०३३४.५० | ७.९७ | १५१११९०.३१ | ४.९८ |
| १३ | नारायणी डेभलपमेन्ट बैंक | -२२१०७.०२ | ५७.०४ | -४८५०.९९ | ३४.८१ |
| १४ | सप्तकोशी डेभलपमेन्ट बैंक | -१२१५.०४ | ११.५० | -८७७८४.३५ | १४.७७ |

(श्रोत: सम्वन्धीत बिकास बैंकको चालु आवको पहिलो त्रैमासिक अपरिष्कृत वित्तीय विवरण)

फाइनान्सतर्फ

| क्र.स | फाइनान्सको नाम | पहिलो त्रैमास | | | |
|---|---|---|---|---|---|
| | | २०८२/०८३ | | २०८१/०८२ | |
| | | खुद नाफा | एनपिएल | खुद नाफा | एनपिएल |
| १ | मञ्जुश्री फाईनान्स | ४६३९४.८६ | ४.१३ | ९४२२४.०६ | ३.१२ |
| २ | सेन्ट्रल फाईनान्स | १८४४४.५६ | १२.०९ | ४९५१२.२६ | ५.७१ |
| ३ | रिलायन्स फाईनान्स | -१६४८२७ | १०.६७ | -५७५५५ | ८.५८ |
| ४ | नेपाल फाईनान्स | -५९५६०.०८ | १३.१० | -२४००१.३७ | १०.३६ |
| ५ | प्रोग्रेसिभ फाईनान्स | -३९०८०.६० | ६.६७ | ८०९४०.२१ | ७.४७ |
| ६ | वेष्ट फाईनान्स | -५४७१७.७७ | १०.१९ | -८६४१.८८ | ३.९८ |
| ७ | आईसीएफसी फाईनान्स | २२४५५.४१ | २.७७ | ६८८००.६८ | ३.६९ |
| ८ | गोर्खाज फाईनान्स | -४२४१५.१३ | ५.४४ | ३४६८६.८६ | ३.३२ |
| ९ | समृद्धि फाईनान्स | -२१७२०.५२ | ९.६७ | -१८२०४.९० | २३.४७ |
| १० | गुहेश्वरी मर्चेन्ट फाईनान्स | -३०७६६ | ८.०८ | -११३३६८ | १३.५६ |
| ११ | मल्टीपर्पस फाईनान्स | १३५६७.६९ | ६.९३ | १४७७४.८७ | ४.९७ |
| १२ | श्री इन्भेष्टमेन्ट फाईनान्स | ३४४३.७९ | ३.३४ | ४१५१.१९ | ३.१९ |
| १३ | जानकी फाईनान्स | १८४५.९७ | ५३.८० | -२३०९९.५७ | ३८.४४ |
| १४ | गुडविल फाईनान्स | ३७३८४.६९ | ६.३३ | ४९५१३.८३ | ४.९१ |

(श्रोत: सम्वन्धीत फाईनान्सको चालु आवको पहिलो त्रैमासिक अपरिष्कृत वित्तीय विवरण)

लघुवित्त वित्तीय संस्थातर्फ

| क्र.स | लघुवित्त वित्तीय संस्थाको नाम | पहिलो त्रैमास | | | |
|---|---|---|---|---|---|
| | | २०८२/०८३ | | २०८१/०८२ | |
| | | खुद नाफा | एनपिएल | खुद नाफा | एनपिएल |
| १ | धौलागिरी लघुवित्त संस्था | २५९५.१२ | ९.७७ | १२४६८.३५ | ८.१० |
| २ | आत्मनिर्भर लघुवित्त संस्था | ११४६४.४४ | १२.८३ | -४३५३.४५ | १४.४३ |
| ३ | आरएसडिसी लघुवित्त संस्था | २११०७.९० | ४.४४ | २६०९८.७९ | २.५७ |
| ४ | गुराँस लघुवित्त संस्था | १४४८८.९७ | ३.१३ | १०१६२.४४ | ३.१६ |
| ५ | कालिका लघुवित्त संस्था | २०३४०.०४ | ६.४० | १७००२.८५ | ४.२४ |
| ६ | हिमालयन लघुवित्त संस्था | २०७०८.१७ | ६.९५ | १३४९९.२७ | ३.७२ |
| ७ | इन्फिनिटी लघुवित्त संस्था | ३१४७७.०२ | १०.८१ | -७१०८८.५९ | ११.३५ |
| ८ | एनआईसी एशिया लघुवित्त | ९०९०.६६ | १७.०६ | ६८.७९ | १८.६८ |
| ९ | फर्ष्ट माईक्रो फाईनान्स | १६८४०.५३ | ४.२४ | ३१०८०.३२ | ४.४४ |
| १० | मानुषी लघुवित्त संस्था | ४२९१.०२ | ६.१४ | -५६१६.१३ | ५.१३ |
| ११ | स्वरोजगार लघुवित्त संस्था | ५०६४७.९६ | ७.३७ | ३६८३०.२७ | ५.४३ |
| १२ | डिप्रोक्स लघुवित्त संस्था | २०२२१५.५८ | ८.७३ | ६७९८४.४७ | ९.०१ |
| १३ | महुली लघुवित्त संस्था | ३४४७७.४१ | ५.९५ | ४४९.८८ | ४.८३ |
| १४ | आरम्भ चौतारी लघुवित्त | ८२०६.५३ | ४.२२ | २१५१४.३९ | २.१४ |
| १५ | नेष्डो समृद्ध लघुवित्त संस्था | ३२६२९.९१ | २०.९४ | ७९९१.०८ | १९.४८ |
| १६ | फरवार्ड लघुवित्त संस्था | ५७१५३.५४ | ८.२० | ४१६१९.९८ | ७.३८ |
| १७ | उपकार लघुवित्त संस्था | ७७२७.०८ | ५.४५ | ५२६१.०० | १.२५ |
| १८ | सुर्योदय वोमी लघुवित्त | ६२४५२.४० | ५.६४ | -४७१८३.८१ | ६.३० |
| १९ | विजय लघुवित्त संस्था | ३२०११.१३ | १३.६० | -३४५५९.३८ | ९.५७ |
| २० | गणपती लघुवित्त संस्था | ११६२१.७७ | ४.७९ | १०३४.७४ | ४.९३ |
| २१ | मेरो माईक्रो फाईनान्स | -१२१७७.४७ | १४.९७ | ३६५०.४४ | ९.३९ |
| २२ | नेरूडे लघुवित्त संस्था | ५५३६८.५१ | १५.७० | -२६११५०.६७ | १६.१४ |
| २३ | आत्मनिर्भर लघुवित्त संस्था | ११४६४.४४ | १२.८३ | -४३५३.४५ | १४.४३ |
| २४ | एनएमबी लघुवित्त संस्था | १२७२५.०० | ४.६३ | ७१५४.८४ | ६.३७ |
| २५ | ग्लोवल आईएमई लघुवित्त | ६२१७९.३३ | ३.९१ | ४०४७७.१८ | ४.३५ |
| २६ | आशा लघुवित्त संस्था | २२३२२.१० | ३२ | -५३४१३.५० | ५९.४४ |
| २७ | अभियान लघुवित्त संस्था | ८१११.४६ | ७.६९ | -३२९७४.९८ | ८.३३ |
| २८ | श्रृजनशील लघुवित्त संस्था | -१९३४५.५२ | ११.९३ | ५९६५.११ | ७.४७ |
| २९ | स्वाभिमान लघुवित्त संस्था | ८०२७.१० | ८.४१ | -१२०९२.१४ | ४.१७ |
| ३० | निर्धन उत्थान लघुवित्त संस्था | १२६१७६.३५ | १०.४६ | -१९५५८.४४ | १०.१६ |
| ३१ | नेशनल लघुवित्त संस्था | १४४२८७ | ४.९६ | १०४७९७ | ४.२६ |
| ३२ | नाडेप लघुवित्त संस्था | ५७६८.०८ | १५.७१ | -४९७२४.९७ | १०.५१ |
| ३३ | महिला लघुवित्त संस्था | २०२४८.५२ | २.२४ | २३३४२.५४ | २.८५ |
| ३४ | समता घरेलु लघुवित्त संस्था | १९७१६.३२ | ११.१४ | -४१३३६.०४ | ४.५८ |
| ३५ | मिथिला लघुवित्त संस्था | ३३६३७.९१ | ८.६० | ८३३११.४७ | ५.१६ |
| ३६ | जीवन बिकास लघुवित्त संस्था | १४५८५९.०५ | ४.६२ | ९९३८५.०१ | ४.९१ |
| ३७ | स्वालम्वन लघुवित्त संस्था | ५७८८०.२९ | ११.९४ | ६७४१०.३३ | १०.९७ |
| ३८ | ग्रामिण बिकास लघुवित्त | १२२०२७.५२ | ४.६९ | ८७९२३.५९ | ४.७८ |
| ३९ | सामुदायिक लघुवित्त संस्था | ९०८८.५५ | ४.९७ | -१९९५८.७३ | ६.४१ |
| ४० | लक्ष्मी लघुवित्त संस्था | ३०९०९.०२ | ११.७९ | १७०१४.०४ | ७.९४ |
| ४१ | छिमेक लघुवित्त संस्था | २६९००२.८० | २.५१ | २३७४८७.७७ | २.८९ |
| ४२ | वीन लघुवित्त वित्तीय संस्था | ९३७८१९ | ५.७८ | -१३९३२.१८ | ४.९४ |
| ४३ | सम्पदा लघुवित्त वित्तीय संस्था | ५४२७६.४९ | ६.८२ | २०६.६६ | ४.८४ |
| ४४ | मातृभुमी लघुवित्त वित्तीय संस्था | -१९७०७.९२ | १०.०३ | -१०८१५७.८७ | १२.४० |
| ४५ | आरम्भ चौतारी लघुवित्त संस्था | ५९७८४.०२ | ५.२० | ३२६५४.७१ | २.९१ |
| ४६ | आशा लघुवित्त वित्तीय संस्था | १२५५७४.०९ | १०.१५ | २३६२४.३२ | ४.९२ |
| ४७ | स्वालम्वन लघुवित्त वित्तीय संस्था | १७२६२९.२४ | ११.७७ | ८०७२०.४८ | ८.२८ |
| ४८ | समता घरेलु लघुवित्त संस्था | ५६३६.४५ | १३.३२ | -१५६८३.७७ | ७.८३ |
| ४९ | डिप्रोक्स लघुवित्त वित्तीय संस्था | ४४२९१०.६४ | ८.४३ | २४५६५२.१४ | ६.०९ |
| ५० | सिवाईसी नेपाल लघुवित्त संस्था | ३७२८९.६९ | १८.४८ | ४३१६२.०७ | ४.३५ |

(श्रोत: सम्वन्धीत लघुवित्त वित्तीय संस्थाको गत आवको चौंथो त्रैमासिक अपरिष्कृत वित्तीय विवरण)

## कसको वार्षिक साधारणसभा कहिले ?

| नाम | किसिम | स्थान | मिति | एजेण्डा |
|---|---|---|---|---|
| प्रभु महालक्ष्मी लाईफ इन्स्योरेन्स | बिशेष | आम्रपाली बैंकेट, नक्साल | चैत १९ | शेयर रूपान्तरण |
| स्टार माईक्रो इन्स्योरेन्स | तेस्रो | कम्पनीको कार्यालय धनुषा | चैत २४ | वित्तीय विवरण |

## कुन कम्पनीको शेयर कहिले ?

| नाम | प्रकार | कित्ता | रकम | निकाशन मिति | अन्तिम मिति | बिक्री प्रबन्धक |
|---|---|---|---|---|---|---|
| सोपान फर्मासिटिकल्स लिमिटेड | साधारण (बैदेशिक रोजगार) | ४२९००० | ४२९००००० | चैत ९ | चैत १२ (छिटोमा) चैत २३ (ढिलोमा) | एनएमबी क्यापिटल लिमिटेड |
| याम्बलिङ हाईड्रोपावर लिमिटेड | साधारण (आयोजना प्रभावित) | ७००००० | ७०००००००० | चैत ८ | चैत २२ (छिटोमा) बैशाख ७ (ढिलोमा) | मुक्तिनाथ क्यापिटल लिमिटेड |
| याम्बलिङ हाईड्रोपावर लिमिटेड | साधारण (बैदेशिक रोजगार) | २१०००० | २१०००००० | चैत ८ | चैत ११ (छिटोमा) चैत २२ (ढिलोमा) | मुक्तिनाथ क्यापिटल लिमिटेड |
| स्नो रिर्भस लिमिटेड | साधारण (आयोजना प्रभावित) | ९३७५०० | ९३७५०००० | चैत ९ | चैत २३ (छिटोमा) बैशाख ८ (ढिलोमा) | सानिमा क्यापिटल लिमिटेड |
| स्नो रिर्भस लिमिटेड | साधारण (बैदेशिक रोजगार) | ९३७५० | ९३७५००० | चैत ९ | चैत १२ (छिटोमा) चैत २३ (ढिलोमा) | सानिमा क्यापिटल लिमिटेड |
| शनिगड हाईड्रो लिमिटेड | साधारण (आयोजना प्रभावित) | २८५०००० | २८५०००००० | चैत ८ | चैत २२ (छिटोमा) बैशाख ७ (ढिलोमा) | लक्ष्मी सनराईज क्यापिटल लिमिटेड |
| शनिगड हाईड्रो लिमिटेड | साधारण (बैदेशिक रोजगार) | ५७०००० | ५७०००००० | चैत ८ | चैत ११ (छिटोमा) चैत २२ (ढिलोमा) | लक्ष्मी सनराईज क्यापिटल लिमिटेड |
| कालंगा हाईड्रो पावर लिमिटेड | साधारण (आयोजना प्रभावित) | १४००००० | १४०००००००० | चैत १० | चैत २४ (छिटोमा) बैशाख ९ (ढिलोमा) | सानिमा क्यापिटल लिमिटेड |
| कालंगा हाईड्रो पावर लिमिटेड | साधारण (बैदेशिक रोजगार) | ३५०००० | ३५०००००० | चैत १० | चैत १५ (छिटोमा) चैत २४ (ढिलोमा) | सानिमा क्यापिटल लिमिटेड |

नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय

**विदेशी विनिमय व्यवस्थापन विभाग**

**२०८२ चैत ११ गते (मार्च २५, २०२६) बुधबारको**

**नेपाल राष्ट्र बैंकले तोकेको विनिमय दर**

| मुद्रा | एकाइ | | खरिद दर | | बिक्री दर |
|---|---|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | रु. | १६०।०० | रु. | १६०।१५ |

==================================================================

**खुला बजार विनिमय दर (नेपाल राष्ट्र बैंकको प्रयोजनको लागि)**

| मुद्रा | एकाइ | | खरिद दर | | बिक्री दर |
|---|---|---|---|---|---|
| अमेरिकी डलर | १ को | रु. | १४९।८९ | रु. | १५०।४९ |
| युरो | १ को | रु. | १७३।७७ | रु. | १७४।४७ |
| पाउण्ड स्टर्लिङ्ग | १ को | रु. | २००।९७ | रु. | २०१।७८ |
| स्विस फ्रैन्क | १ को | रु. | १९०।४२ | रु. | १९१।१८ |
| अष्ट्रेलियन डलर | १ को | रु. | १०४।४९ | रु. | १०४।९१ |
| क्यानाडियन डलर | १ को | रु. | १०९।०९ | रु. | १०९।५२ |
| सिंगापुर डलर | १ को | रु. | ११७।१९ | रु. | ११७।६६ |
| जापानी येन | १० को | रु. | ९।४५ | रु. | ९।४८ |
| चिनियाँ युआन | १ को | रु. | २१।७५ | रु. | २१।८३ |
| साउदी अरब रियाल | १ को | रु. | ३९।९३ | रु. | ४०।०९ |
| कतारी रियाल | १ को | रु. | ४१।०३ | रु. | ४१।१९ |
| थाई भाट | १ को | रु. | ४।६० | रु. | ४।६२ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | रु. | ४०।८० | रु. | ४०।९७ |
| मलेशियन रिंगिट | १ को | रु. | ३७।८८ | रु. | ३८।०४ |
| दक्षिण कोरियन वन | १०० को | रु. | १०।०१ | रु. | १०।०५ |
| स्विडिस क्रोनर | १ को | रु. | १६।०८ | रु. | १६।१४ |
| डेनिस क्रोनर | १ को | रु. | २३।२६ | रु. | २३।३५ |
| हङ्गकङ्ग डलर | १ को | रु. | १९।१५ | रु. | १९।२३ |
| कुवेती दिनार | १ को | रु. | ४८८।८८ | रु. | ४९०।८३ |
| बहराइन दिनार | १ को | रु. | ३९७।०१ | रु. | ३९८।६० |
| ओमानी रियाल | १ को | रु. | ३८९।३२ | रु. | ३९०।८८ |

# कांग्रेसको १५औँ महाधिवेशन भदौ २४ देखि २६ गतेसम्म गर्न प्रस्ताव

आर्थिक संवाददाता
काठमाडौँ, चैत १०

नेपाली कांग्रेसको १५औँ महाधिवेशन आगामी वर्ष भदौ २४ देखि २६ गतेसम्म गर्न प्रस्ताव गरिएको छ । नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले महाधिवेशनसम्बन्धी कार्यतालिका केन्द्रीय समितिको बैठकमा पेस गरेका हुन् ।

पार्टीको केन्द्रीय कार्यालय सानेपामा मंगलबार सुरू भएको केन्द्रीय कार्यसमितिको बैठकमा सभापति थापाले चैत २१ गतेदेखि महाधिवेशन तयारीको कार्यतालिका प्रस्तुत गरेका थिए । प्रस्तावित तालिकाअनुसार साउन १२ गते गाउँ/नगर अधिवेशन, साउन २३ गते प्रदेशसभा क्षेत्रीय अधिवेशन, साउन ३० गते प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन र एकमात्रै क्षेत्र रहेका जिल्लाको अधिवेशन तोकिएको छ । त्यस्तै, भदौ ६ र ७ गते जिल्ला अधिवेशन, भदौ १५ र १६ गते प्रदेश अधिवेशन तथा भदौ २४, २५ र २६ गते केन्द्रीय महाधिवेशन प्रस्ताव गरिएको छ ।

कार्यतालिकामा क्रियाशील सदस्यता वितरण चैत २१ गतेदेखि चैत मसान्तसम्म अद्यावधिक विशेष अभियान चलाउने, २०८३ वैशाख १ गतेदेखि वैशाख मसान्तसम्म ६ हजार ७४३ वटै वडाबाट क्रियाशील सदस्यता वितरण र अद्यावधिक गर्ने प्रस्ताव गरिएको छ । वि सं २०८३ जेठ मसान्तसम्म सदस्यता विवरण केन्द्रमा पठाउने र असार १५ गतेसम्म केन्द्रले सदस्यताबारे आवश्यक छानबिन गरी टुंग्याउने गरी कार्ययोजना तय गरिएको छ । यस्तै असार मसान्तसम्म अध्यावधिक क्रियाशील सदस्यको नामावली केन्द्रीय निर्वाचन समितिलाई बुझाउने र साउन ६ गते गाउँ/नगर अधिवेशन सम्पन्न गर्ने गरी प्रस्ताव गरिएको छ ।

बैठकमा सभापति थापाले संविधान संशोधन अध्ययन तथा सुझावका लागि विज्ञ सहितको समिति गठन, पार्टीको केन्द्रीय निर्वाचन समिति गठन, प्रतिनिधि सभा सदस्यहरूलाई अभिमुखीकरण, प्रदेश सरकार र स्थानीय सरकारको समीक्षा, समन्वय र थप प्रभावकारिता, भ्रातृ संघ, शुभेच्छुक संस्था र जनसम्पर्क समितिको महाधिवेशन, केन्द्रीय लेखा समिति गठन गर्ने लगायतका प्रस्ताव समेत पेश गरेका छन् । थापाले गरेको प्रस्तावमा केन्द्रिय समितिमा छलफल भइरहेको जनाइएको छ ।

## डाँडाखेत-राहुघाट प्रसारण लाइन
# तीन करोडभन्दा बढी मुआब्जा वितरण

म्याग्दी, चैत १० । नेपाल विद्युत् प्राधिकरणद्वारा निर्माणाधीन १३२ केभी क्षमताको डाँडाखेत-राहुघाट प्रसारण लाइनको टावर निर्माण भएको जग्गाका धनीहरूलाई तीन करोडभन्दा बढी मुआब्जा वितरण भएको छ ।



जिल्ला प्रशासन कार्यालयको नेतृत्वमा गठन भएको उपसमितिले कायम गरेको मूल्यअनुसार टावर निर्माण भएको जग्गाका धनीहरूलाई मात्र हालसम्म तीन करोड २९ लाख ६४ हजार ५६७ मुआब्जा वितरण भएको हो । आयोजनाका प्रशासकीय अधिकृत मातृका तिमिल्सिनाले मुआब्जाबापत दुई करोड २९ लाख २९ हजार ७२८ वितरण भएको जानकारी दिए । उनका अनुसार आयोजनाको ऋण लगानीकर्ता एसियाली विकास बैंक (एडीबी)को कार्यविधिअनुसार गरिब, महिला प्रमुख घरपरिवार, दलित/जनजाति, अशक्तको आधारमा थप एक करोड ३४ हजार ८३९ रूपैयाँ वितरण भएको हो ।

२५ किलोमिटर दूरीको प्रसारण लाइनका ८२ टावरमध्ये ४० वन क्षेत्र र ४२ व्यक्तिगत जग्गामा छन् । हालसम्म ६६ जनाले मुआब्जा लगिसकेको र सात जनाले मुआब्जा लैजाने प्रक्रियामा रहेका प्रशासकीय अधिकृत तिमिल्सिनाले बताए । वि.सं २०७९ मा जिल्ला प्रशासन कार्यालयको नेतृत्वमा गठन भएको उपसमितिले यस आयोजनाको टावर रहने जग्गाका धनीहरूलाई प्रतिरोपनी नौ लाखदेखि १३ लाख ५० हजार रूपैयाँका दरले मुआब्जा निर्धारण गरेको थियो ।

तारमुनिका जग्गाधनीलाई पनि क्षतिपूर्ति

प्रसारण लाइनको तारमुनि भोगाधिकार क्षेत्रमा पर्ने जग्गाका धनीहरूलाई पनि क्षतिपूर्ति वितरण गर्न दररेट निर्धारणको प्रक्रियामा रहेको आयोजनाले जनाएको छ । प्रसारण लाइनको बीच भागदेखि दायाँ र बायाँ नौ-नौ मिटरमा रहेको निजी जग्गाका धनीहरूले क्षतिपूर्ति पाउने व्यवस्था छ । चार सय ५४ कित्ता जग्गा प्रसारण लाइनको तारमुनि भोगाधिकार क्षेत्रमा पर्ने प्रारम्भिक विवरण संकलन भएको छ ।

यसैगरी क्षतिपूर्ति वितरणका लागि पहिलो चरणमा तारमुनि पर्ने २२ वटा घरटहराको पहिचान भएको छ । तारमुनि पर्ने थप भौतिक संरचनाको पहिचान कार्यलाई निरन्तरता दिएको आयोजनाले जनाएको छ । आयोजनाले सबस्टेसन निर्माणका लागि मालिका गाउँपालिका-७ बिमको डाँडाखेतमा ५१ रोपनी र रघुगङ्गा गाउँपालिका-३ राहुघाट अम्बाङमा ९० रोपनी जग्गा अधिग्रहण गरेको थियो । वन क्षेत्र प्रयोग गरेबापत चार करोड ५० लाख रूपैयाँमा ५०४ रोपनी जग्गा खरिद गरेर सरकारलाई उपलब्ध गराइसकेको छ ।

**भौतिक प्रगति ७८ प्रतिशत**

डाँडाखेत-राहुघाट प्रसारण लाइन आयोजनाको हालसम्म ७८ प्रतिशत भौतिक प्रगति भएको छ । म्याग्दी र राहुघाट बेसिनका जलविद्युत् आयोजनाबाट उत्पादन हुने विद्युत्लाई केन्द्रीय प्रणालीमा आबद्ध गराउन यो आयोजना सञ्चालन भएको हो । प्रसारण लाइन र सबस्टेसन निर्माणका लागि सन् २०२१ को डिसेम्बर ३१ मा तीन अर्ब ५७ करोड रूपैयाँमा लार्सन एन्ड टुयुब्रो लिमिटेडसँग ठेक्का सम्झौता भएको थियो । पहिलोपटकको म्याद गत जुलाई १६ र दोस्रोपटकको म्याद नोभेम्बर १६ सम्ममा सकिएपछि २०२६ मे १६ सम्मका लागि तेस्रोपटक म्याद थपिएको छ ।

प्रसारण लाइनको क्षेत्राधिकारमा पर्ने वन क्षेत्रमा रूख कटान आदेश प्राप्त नहुनु, राहुघाट सबस्टेसन निर्माणस्थलको कमजोर भूगोल, विपद्को जोखिम र केही टावर निर्माणस्थलमा समुदायको विवादका कारणले निर्माण अवधि लम्बिएको आयोजना प्रमुख रोशन अग्रवालले बताए । उनका अनुसार अबको पाँच महिनाभित्र सम्पन्न गर्ने लक्ष्यसहित ठेकेदारले निर्माणकार्यलाई तीव्रता दिएका छन् । एक सय ३२ केभी क्षमताको डबल सर्किट प्रसारण लाइनको हालसम्म ८२ वटामध्ये ७१ वटा खडा भएका छन् । दुईवटाबाहेक सबै टावरमा ठेकेदारले काम थालेको छ । दश दशमलव पाँच किलोमिटरमा तार तान्ने काम पनि सकिएको आयोजनाका इन्जिनियर सुरज गुरूङले बताए । प्रसारण लाइन र सबस्टेसनको उपकरण आयात भइसकेको छ ।

डाँडाखेतको सबस्टेशनमा ९५ प्रतिशत, प्रसारण लाइनमा ७० प्रतिशत र राहुघाट सबस्टेसनमा ६५ प्रतिशत प्रगति भएको छ । एलएनटीका आयोजना व्यवस्थापक सुभाषचन्द्र शर्माले मजदुर र उपकरण थपेर तोकिएको समयभित्र सम्पन्न गराउने प्रतिबद्धता जनाए । ५१ रोपनी क्षेत्रफलमा निर्माण भएको डाँडाखेत सबस्टेसनमा १३३/३३ केभी, ३० एमभीए क्षमता र एआईएस प्रविधिको उपकरण जडान भइरहेको छ । २२०/१३२/३३ केभी, २०० एमभीए क्षमताको उपकरण जडान हुने जीआईएस प्रविधिको राहुघाट सबस्टेसनमा उपकरण राख्ने र कार्यालयको भवन निर्माण अन्तिम चरणमा पुगेको छ ।

कुल चार अर्ब ८८ करोड रूपैयाँ लागत अनुमान गरिएको आयोजना निर्माणका लागि एक अर्ब पाँच करोड रूपैयाँ विद्युत् प्राधिकरण र तीन अर्ब ८२ करोड रूपैयाँ एसियाली विकास बैंकको ऋण लगानी छ । एसियाली विकास बैंकसँग भएको २७ मिलियन डलर ऋण सम्झौता पछिल्लोपटक बढाएर ३१ मिलियन डलर बनाइएको छ । एसियाली विकास बैंकले विद्युत् प्रसारण लाइन आधुनिकीकरण परियोजनामार्फत राहुघाट-डाँडाखेत प्रसारण लाइन बनाउन ऋण लगानी गरेको हो ।

**चारवटा जलविद्युत् आयोजना निर्माण सुरु**

म्याग्दी नदीमा १७२.८ मेगावाट क्षमताको चारवटा जलविद्युत् आयोजना निर्माण सुरू भएका छन् । राहुघाटमा ३५.५ मेगावाटको चिमखोला-राहुघाट-मङ्गले, ४८ मेगावाटको अपर राहुघाट, २१.३ मेगावाट क्षमताको ठूलोखोला र २३.५ मेगावाट क्षमताको माथिल्लो ठूलोखोला जलविद्युत् आयोजनाले उत्पादन थालेका छन् । ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजना निर्माणको अन्तिम चरणमा छन् । तुदी पावरले बनाएको चिमखोला-राहुघाट-मङ्गले र संयुक्त ऊर्जाको ठूलोखोला जलविद्युत् आयोजनाले अस्थायी टावर बनाएर २२० केभी क्षमताको कालीगण्डकी प्रसारण लाइनमा विद्युत् आपूर्ति गराएका छन् ।

# नवौँ अन्तर्राष्ट्रिय महिला उद्यमी व्यापार मेला हुने

काठमाडौ, चैत १० । महिला उद्यमी महासंघ नेपालले नवौँ अन्तर्राष्ट्रिय महिला उद्यमी व्यापार मेला २०२६ आयोजना गर्ने भएको छ ।




महासंघले मंगलबार पत्रकार सम्मेलन गरी चैत २० गतेदेखि २२ गतेसम्म ललितपुरमा मेला आयोजना गर्ने जानकारी दिएको हो । महासंघकी अध्यक्ष दर्शना श्रेष्ठका अनुसार मेलामा सातै प्रदेशका महिला उद्यमीहरूले आफ्ना मौलिक उत्पादनहरु प्रदर्शन गर्नेछन् । मेलामा तीन सय महिला उद्यमीले एक सय ४० स्टलमार्फत आफ्ना उत्पादन प्रदर्शन तथा बिक्री गर्ने उनले जानकारी दिइन् । प्रदर्शनीमा सातै प्रदेशका हस्तकला, ढाका, गलैँचा, हातेकागज, जैविक खाद्यपदार्थ, जडीबुटी, कृषिजन्य उत्पादन, गरगहना तथा सेवा क्षेत्रसँग सम्बन्धित सामग्री राखिने छ । उनका अनुसार कोशी प्रदेशबाट अल्लो, बाँस तथा प्राकृतिक रेसाजन्य सामग्री, मधेसबाट मिथिला आर्ट, बागमतीबाट डेरी तथा हस्तकला, गण्डकीबाट जडीबुटी तथा ढाका, लुम्बिनीबाट परम्परागत खाद्यवस्तु, कर्णालीबाट राडीपाखी र सुदूरपश्चिमबाट गलैँचा तथा काठका सामग्री प्रदर्शन गरिने छ । मेलामा देशभरका ग्रामीण तथा सहरी क्षेत्रका सफल महिला उद्यमीहरूलाई पहिचान, प्रोत्साहन र उत्साह अभिवृद्धि गर्ने लक्ष्य राखिएको छ ।

मेलामा भारत, चीन, कोरिया र भुटानका महिला उद्यमीहरूले पनि आफ्ना उत्पादनहरु प्रस्तुत गर्नेछन् । यसले नेपाली उत्पादनलाई अन्तरराष्ट्रिय बजारसँग जोड्न सहयोग पुग्ने अपेक्षा समेत गरिएको छ । अध्यक्ष क्षेष्ठका अनुसार मेलाका आकर्षणहरूमा 'ऱ्याम्प वाक', समूहगत छलफल, कार्यशाला, डिजिटलाइजेसन तालिम र वित्तीय साक्षरतालगायत कार्यक्रम समावेश छन् । मेलाले महिला उद्यमीहरूलाई आफ्नो रैथाने तथा मौलिक उत्पादनको प्रदर्शन, बजार विस्तार, नेटवर्किङ र व्यापारिक सहकार्यको अवसर प्रदान गर्ने आयोजकको विश्वास छ । मेलाले महिला उद्यमीहरूले उत्पादन प्रवर्द्धन गर्ने, एकआपासमा नेटवर्किङ र व्यापारिक सहकार्य बढाउने, महिला उद्यमीहरूबीच ज्ञान, अनुभव, प्रविधि तथा सीपको आदान-प्रदानलाई प्रोत्साहन गर्ने उदेश्य राखेको छ ।

मेलामा अपाङ्गता भएका महिला उद्यमीहरूका निःशुल्क स्टलहरु तथा स्टार्ट अप महिला उद्यमीहरु, युवा र जिल्लाका उद्यमीहरूलाई सहुलियत दरमा स्टल उपलब्ध गरिएको आयोजकले जनाएको छ । यस व्यापार मेलामा करिव २ करोड बरावरको कारोवार हुने र ५० हजार भन्दा बढी अवलोकनकर्ताले प्रत्यक्ष अवलोकन गर्ने अनुमान गरिएको छ । महासंघले नेपालभरका ७७ जिल्लामा जिल्ला महिला उद्यमी संघ स्थापना गरी ६ हजार भन्दा बढी महिला उद्यमीलाई सदस्यतामा आबद्ध गरिसकेको जनाएको छ ।


सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
## धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मितिः २०८२/१२/११

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको (साविक सिर्जना फाईनान्स लि.) हाल शाखा कार्यालय महेन्द्रचौक, विराटनगरबाट तपसिलमा उल्लेखित तपाई ऋणीले विभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तर ताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले तपाई ऋणीलाई मिति २०८१/०२/०४ गते कारोबार राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ताभुक्तान गर्ने सम्बन्धमा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ता समेतलाई सूचित गर्दा समेत ऋणी तथा व्यक्तिगत जमानीकर्ताले कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आह्वान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय महेन्द्रचौक, विराटनगरमा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीगर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताको अन्यचल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्धा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुननसकेको धितो सम्पत्तिहरु बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।

**तपसिल**

**१. कर्जा शीर्षक : व्यक्तिगत कर्जा**

**ऋणीको नाम र ठेगाना**

नाम : रीता कुमारी यादव
बाबु : जोगीलाल यादव
पति : नरेश यादव
ससुरा : सुवोध यादव
ठेगाना : विराटनगर उ.म.न.पा. वडा नं.१७, मोरङ्ग
हाल : विराटनगर म.न.पा. वडा नं.१३, मोरङ्ग
ना.प्र.नं. : ८२२५९
मिति जारी : २०६३/१०/०४
जि.प्र.का. : मोरङ्ग

**जमानीकर्ताहरुको नाम र ठेगाना**

| १. नाम : नरेश यादव | २. नाम : प्रदिप डंगोल |
|---|---|
| बाबु : सुवोध यादव | बाबु : इन्द्र प्रसाद डंगोल |
| बाजे : चौधरी यादव | बाजे : गंगा प्रसाद डंगोल |
| ठेगाना : विराटनगर उ.म.न.पा. वडा नं.२०, मोरङ्ग | ठेगाना : विराटनगर उ.म.न.पा. वडा नं.१७, मोरङ्ग |
| हाल : विराटनगर म.न.पा. वडा नं. १३, मोरङ्ग | हाल : विराटनगर म.न.पा. वडा नं.१३, मोरङ्ग |
| ना.प्र.नं : ज.०५३०८५/२८९ | ना.प्र.नं. : ४१६७ |
| जारी मिति : २०६३/१२/३० | जारी मिति : २०४३/०३/११ |
| जि.प्र.का. : मोरङ्ग | जि.प्र.का. : मोरङ्ग |

**धितो राखिएको सम्पत्तिको विवरणः**

**१. धितो सुरक्षण धनीको नामः- रीता कुमारी यादव**

| जिल्ला | न.पा./गा.वि.स. | वडा नं/ नक्सा सिट नं. | कि.नं. | क्षेत्रफल (वि.क.धु.) | कैफियत |
|---|---|---|---|---|---|
| मोरङ्ग | बखरी | १/१क | ३३१ | २-०-०-० | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत। |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन।

**लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :**

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैकले भुक्तानी माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
४. लिलाम बिक्री भएको अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५ तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ।
७. बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३ को दफा ५७ को उपदफा ७ का अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
८. उक्त लिलाममा राखेको अचल सम्पत्ति दा.खा रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिनचाहनु हुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को नारायणहिटी पथ, दरबारमार्ग स्थित प्रधान कार्यालय वा सिटिजन्स बैंक इन्टरनेसनल लि. शाखा कार्यालय महेन्द्रचौक, विराटनगरमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ।

**लिलाम खोलिने मिति :- २०८२/१२/२६ गते, बिहीवार**
**समय :- दिउँसो ४:०० बजे**
**स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय महेन्द्रचोक, विराटनगर।**

Citizens Bank
**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८
THE BANKER BANK OF THE YEAR 2024 NEPAL | THE BANKER BANK OF THE YEAR 2025 NEPAL



**Bhumlu Rural Municipality**
**Office Of The Rural Municipal Executive**
**Salle Bhumlu, Kavrepalanchowk**
**Bagmati Province, Nepal**

**Invitation for Bids**

**Date of Publication: 25/03/2026**
**Invitation for Bids No: BRM/NCB/VM/01/082/83**

1. The Bhumlu Rural Municipality invites electronic bids from eligible bidders for the procurement of Veterinary medicine under National competitive bidding - Single Stage Single Envelope procedures.
2. A complete set of Bidding Documents may be purchased from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below .

**Information to deposit the cost of bidding document in Bank:**
Name of the Bank: Nabil Bank — Name of Office : Bhumlu Rural Municipality
Office Code no. : 801032611 — Office Account no.: 21501017500045

Rajaswa (revenue) Shirshak no. : 14229, Ga 1.1 Aantarik Rajaswa Khata: 21501017500045
Pre-bid meeting shall be held : Not Applicable

| S.N. | Contract ID No. | Name of Work | Bid security Amount | Last Date And Time Of Bid Submission | Bid Opening Time And Date | Bid Document Fee |
|---|---|---|---|---|---|---|
| 1 | BRM/NCB/VM/ 01/082/83 | Procurement of Veterinary medicine | 45,000 | 26/04/2026 12:00 | 26/04/2026 13:00 | 3000 |


आर्थिक दैनिक प्रा.लि.द्वारा प्रकाशित । अध्यक्ष : प्रह्लाद रिजाल । एक्सप्रेस कलर प्रेस कं.बाट मुद्रित । कार्यालय : कुपण्डोल, ललितपुर । फोन : ०१-५९०२१३६, e-mail : aarthik .dainik@gmail .com । सम्पादक : रामप्रसाद पुडासैनी